# परिच्छेद - एक

## शोधपरिचय

### १.१ विषयपरिचय

पाश्चात्य साहित्यमा लामो समयको पृष्ठभूमिपछि ई. १७९८ मा प्रकाशित 'लिरिकल ब्यालेड'मार्फत औपचारिक रूपमा देखापरेको स्वच्छन्दतावाद परिष्कारवादका विरुद्धमा प्रारम्भ भएको साहित्यिक सिद्धान्त हो । युरोपेली देशहरू जर्मनी, बेलायत, फ्रान्सबाट प्रारम्भ भएको स्वच्छन्दतावाद, विश्वका प्रायः सबै देशका भाषासाहित्यमा विशिष्ट प्रभाव पार्न सफल भएको छ । यसमा परिष्कारवादी मान्यताका विपरीत स्वच्छन्दता कल्पना, सौन्दर्य, मानवता, आत्मपरकता, प्रकृतिप्रेम जस्ता अनुभूति केन्द्रित प्रवृत्तिहरू रहेका छन् । पाश्चात्य साहित्यमा स्थापित उपर्युक्त स्वच्छन्दतावाद नेपाली कवितासाहित्यमा कवि लक्ष्मीप्रसाद देवकोटाले सर्वप्रथम भित्र्याएको पाइन्छ । यसवादको प्रारम्भ उनको 'पूर्णिमाको जलधी' १९९१ शीर्षकको कवितामार्फत भएको हो । यसपछि उनका फुटकर कविताहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । *शारदा उद्योग* र *उदय* पत्रिकामा छापिएका तिनै कविताहरूको सङ्ग्रह **भिखारी** २०१० सालमा प्रकाशित भएको हो । स्वच्छन्दतावादको चर्चा गर्दै यसका मान्यताहरूको सापेक्षतामा **भिखारी** कवितासङ्ग्रहको विश्लेषण यस शोधकार्यमा गरिएको छ ।

### १.२ शोधसमस्या

शास्त्रीयतावादका विपरीत स्वच्छन्दतावाद युरोपमा प्रारम्भ भए पनि यसको प्रभाव विश्वका प्रायः सबै देशका भाषासाहित्यमा विशिष्ट रूपमा परेको छ । नेपाली साहित्यमा पनि स्वच्छन्दतावादी मान्यताको गहिरो प्रभावसँगै एउटा विशिष्ट सिङ्गो साहित्यिक युगको निर्माण भएको छ । यसलाई नेपाली साहित्यमा स्थापित गर्ने कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । उनमा स्वच्छन्दतावादको गहिरो प्रभाव रहेको पाइन्छ । यसै प्रभावमा रहेर उनले सृजना गरेका प्रारम्भकालीन कविताहरूको सङ्ग्रह **भिखारी** २०१० सालमा प्रकाशित भएको पाइन्छ । स्वच्छन्दतावादको विकास दार्शनिक आधार तथा यसका मान्यताहरूको चर्चा गर्दै **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावादी

मान्यताहरूको अध्ययन, विश्लेषण गर्नु नै प्रस्तुत शोधको मूल समस्या हो । यस मूल समस्यामा निम्नलिखित समस्या पनि रहेका छन् :

क) महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय केकस्तो छ ?

ख) स्वच्छन्दतावादको मूल मान्यता के हो ?

ग) नेपाली साहित्यमा स्वच्छन्दतावादको विकास केकस्तो छ ?

घ) **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावादको केकस्तो प्रयोग छ ?

## १.३ अध्ययनको उद्देश्य

नेपाली कवितासाहित्यमा स्वच्छन्दतावादका प्रवर्तक र सम्बर्द्धक रहेका कवि देवकोटाको **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावादको पूर्ण प्रभाव रहेको पाइन्छ । स्वच्छदतावादको चर्चा गर्दै यसका सैद्धान्तिक मान्यताहरूका सापेक्षतामा **भिखारी** कवितासङ्ग्रहको अध्ययन-विश्लेषण नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । यस शोधकार्यमा नम्नलिखित उद्देश्यहरू रहेका छन्:

क) महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय दिनु,

ख) स्वच्छन्दतावादका मान्यताको चिनारी दिनु ,

ग) नेपाली साहित्यमा स्वच्छन्दतावादको प्रारम्भ देखाउनु,

घ) स्वच्छन्दतावादी मान्यताका आधारमा **भिखारी** कवितासङ्ग्रहको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

पाश्चात्य साहित्यमा नवपरिष्कारवादी साहित्यिक मान्यतापछि स्थापित स्वच्छन्दतावादी भावधारालाई नेपाली साहित्यमा विकास र विस्तार गर्ने स्रष्टा कवि देवकोटा नै हुन् । नेपाली साहित्यमा स्वच्छन्दतावादी साहित्यिक सिद्धान्तको चर्चा प्रशस्तै भएपनि स्वच्छन्दतावादी सिद्धान्तका सापेक्षतामा **भिखारी** कवितासङ्ग्रहको ठोस अध्ययन यस अघि भएको छैन । स्वच्छन्दतावाद र **भिखारी** कवितासङ्ग्रहका बारेमा गरिएका पूर्वकार्य तथा समीक्षा निम्नलिखित रहेका छन्:-

सर्वप्रथम रामकृष्ण शर्माले **अङ्ग्रेजी साहित्यको प्रभाव** शीर्षकको लेख (*शारदा* १९९७) मा देवकोटाको 'चारु' कवितालाई वर्डवर्स्थको 'लुसी' र 'बादल' कवितालाई सेलीको 'दि क्लाउड' कवितासँग तुलना गर्दै 'चारु' र 'लुसी' एउटै रसभाव रहेको तथा 'दि क्लाउड' र 'बादल' एउटै सत्व भएका कविता हुन् भनी चर्चा गरेको पाइन्छ ।

नित्यराज पाण्डेले **महाकवि देवकोटा** (२०१७) कृतिमा **भिखारी** कवितासङ्ग्रहका 'भिखारी', 'यात्री', 'तिनको घँसिया गीत', 'माली', 'वन', 'प्रश्नोत्तर', 'चारु' र 'गरीब' शीर्षकका कविताहरूको सामान्य टिप्पणी गर्दै तिनमा प्रकृतिप्रेम, मानवतावाद, सौन्दर्य, कल्पना, आस्तिकता तथा कर्मवादी दर्शन रहेको चर्चा गरेका छन् ।

हृदयचन्द्रसिंह प्रधानले **नेपाली काव्य र उसका प्रतिनिधि कवि** (२०२१) कृतिमा नेपाली साहित्यका प्रतिनिधि कविहरूको चर्चा गर्ने क्रममा 'देवकोटा' महत्त्वपूर्ण कवि रहेको चर्चा गर्दै '**भिखारी**' कवितासङ्ग्रहका 'गरीब', 'वन', 'यात्री' कविताको समीक्षा गरेका छन् । उनले देवकोटालाई जीवन-जगतका रहस्यकविका रूपमा प्रस्तुत गरेका छन् ।

कमल दीक्षितले सालको **भिखारी** (२०२६)को प्रकाशकीयमा भिखारी एक करुणाले भरिएको ईश्वर हो र यसले महत्त्वपूर्ण कविता आफ्नो झोलीमा ल्याएको भन्दै प्रशंसा गरेका छन् ।

घट्टराज भट्टराईले मा **लक्ष्मीप्रसाद देवकोटा व्यक्ति र कृति** शीर्षकको लेख (*मधुपर्क,* २०३५)मा उनका कृतिको परिचय दिर्दै उनका 'यात्री' तथा 'मार्ग'लाई मानवतावादी प्रकृतिवादी कविताको रूपमा चर्चा गरेका छन् ।

चूडामणि बन्धुले **देवकोटा** (२०३६) कृतिमा **भिखारी** कवितासङ्ग्रहका सबै कविताहरूको परिचय दिँदै तिनले नयाँ युग ल्याएको चर्चा गरेका छन् ।

वानीरा गिरीको विद्यावारिधि शोधग्रन्थ **कवि गोपालप्रसाद रिमालका कवितामा स्वच्छन्दतावाद** (२०३९) मा स्वच्छन्दतावादको चर्चा गरिएको छ ।

कुमारबहादुर जोशीले **कविता चर्चा** (२०४०) मा देवकोटाले **भिखारी** कवितासङ्ग्रहका कविताहरूको चर्चा गर्दै तिनलाई मध्यम, उत्तमोन्मुख, उत्तम र सर्वोत्तम गरी कवित्व स्तरका चार तहहरूको चर्चा गरेका छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना**, कृतिमा **भिखारी** कवितासङ्ग्रहका कविताहरूको चर्चा गर्दै कृतिगत लय, आयाम, भाव र गुणस्तर को चर्चा गरेका छन् ।

गणेशबहादुर प्रसाईले आफ्नो कृति **नेपालीसाहित्यमा स्वच्छन्दतावादी काव्यधारा** (२०४८) मा स्वच्छन्दतावाद र कवि देवकोटाको सक्षिप्त चर्चा गरेको पाइन्छ ।

वासुदेव त्रिपाठीले आफ्नो कृति **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२** (२०४९) मा पाश्चात्य समालोचनाको परम्परालाई चर्चा गर्ने क्रममा स्वच्छन्दतावादको सैद्धान्तिक चर्चा गरेको पाइन्छ ।

ईश्वरकुमार श्रेष्ठले आफ्नो कृति **पूर्वीय एवम् पाश्चात्य साहित्य-समलोचनाका प्रमुख मान्यता, वाद र प्रणाली** (२०५१) कृतिमा स्वच्छन्दतावादको मूल तात्पर्य र प्रवृत्तिहरूको चर्चा गरेका छन् ।

वसन्तकुमार शर्म्मा 'नेपाल' को सम्पादकत्वमा प्रकाशित आत्मसमीक्षा **भिखारीदेखि सन्ध्यासम्म** कृति (२०५०) मा देवकोटाले आफ्ना शिष्यका लागि २०१४सालमा **भिखारी** कवितासङ्ग्रहका १५ वटा कविताहरूको समीक्षा गरेका छन् । यसमा देवकोटाले आफूलाई कल्पनाशील, मानवतावादी, अन्तरविद्रोही, आत्मवादी तथा सहज रूपमा बगेको भावप्रवाहको प्रस्तुति गर्ने कविका रूपमा चित्रण गरेका छन् ।

कुमारबहादुर जोशीले **पाश्चात्य साहित्यका प्रमुख वाद** (२०५१) कृतिमा पनि स्वच्छन्दतावादको सैद्धान्तिक चर्चा गरेको पाइन्छ ।

गणेशराज जोशीले एम.ए.को शोधपत्र **'स्वच्छन्दतावादः परम्परा र प्रवृत्ति'** (२०५२) मा पनि स्वच्छन्दतावादको सैद्धान्तिक पक्षको चर्चा गरेका छन् ।

गागी शर्माले **'शारदाका कवितामा विद्रोहात्मक स्वर'** (२०५७) कृतिमा 'भिखारी' 'यात्री', 'वन', 'प्रश्नोत्तर', 'गरीब' कवितामा अन्तरविद्रोही प्रवृत्ति रहेको चर्चा गरेको पाइन्छ ।

रुद्रबहादुर बुढाथोकीले आफ्नो स्नातकोत्तर को शोधपत्र **भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठ निर्धारण**' (२०६१) मा **भिखारी** कवितासङ्ग्रहको चर्चा गरेको पाइन्छ ।

**भिखारी** कवितासङग्रहको र स्वच्छन्दतावादका बारेमा उपर्युक्त पूर्वचर्चा रहेपनि **भिखारी** कवितासङ्ग्रहलाई स्वच्छन्दतावादी मान्यताका सापेक्षतामा व्यवस्थित मूल्याङ्कन हालसम्म नगरिएको हुँदा यस शोधकार्यमा यही पक्षमा केन्द्रित रही अध्ययन, विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

स्वच्छन्दतावादको सृजनात्मक प्रयोग स्वरूप सृजित **भिखारी** कवितासङ्ग्रहको चर्चा यदाकदा आंशिक रूपमा चर्चा भएपनि हालसम्म यसको ठोस अध्ययन भएको पाइँदैन । पाश्चात्य साहित्यमा प्रारम्भ भएको स्वच्छन्दतावादको सैद्धान्तिक मान्यताको चर्चा गर्दै त्यसका मान्यताका आधारमा यस सङ्ग्रहको विश्लेषण गरिने हुँदा यसको खास महत्त्व रहेको छ । साथै यसले अन्य कृतिहरूमा गरिने स्वच्छन्दतावादको अध्ययनलाई पनि मार्गनिर्देशन गर्नेछ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रको शीर्षक **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावाद भएको हुँदा **भिखारी** कवितासङ्ग्रहका कृतिकार तथा **भिखारी** कवितासङ्ग्रहको चर्चा यसको सीमा रहेको छ । साथै पाश्चात्यसाहित्यमा प्रारम्भ भएको स्वच्छन्दतावादी मान्यताहरूको अध्ययन विश्लेषण **भिखारी** कवितासङग्रहमा गरिने हुँदा स्वच्छन्दतावादको अध्ययन पनि यस शोधकार्यको अध्ययनको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यको विषय स्वच्छन्दतावादी मान्यताका आधारमा **भिखारी** कवितासङ्ग्रको विश्लेषण रहेको हुँदा प्राथमिक स्रोतका रूपमा **भिखारी** कवितासङ्ग्रहलाई नै प्रयोग गरिएको छ । द्वितीयक स्रोतसामग्रीका रूपमा स्वच्छन्दतावाद तथा **भिखारी** कवितासङ्ग्रहका बारेमा गरिएका पूर्वचर्चाहरूलाई प्रयोग

गरिएको छ । यस शोधपत्रको अध्ययन विश्लेषणका लागि पुस्तकालयीय पद्धतिका साथै विभिन्न पुस्तक, समालोचना ग्रन्थ तथा पत्रपत्रिका आदिको उपयोग गरिएको छ । यसका अलवा यस विषयसँग सम्बन्धित विद्वान्हरूको जानकारी तथा सुझाउको पनि प्रयोग गरिएको छ । स्वच्छन्दतावादी मान्यताको निरुपण गर्दै त्यस आधारमा कविताहरूको विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई निम्नानुसार छ परिच्छेदमा विभाजन गरिएको छ –

| | | |
|---|---|---|
| परिच्छेद-एक | - | शोधपरिचय |
| परिच्छेद-दुई | - | कवि लक्ष्मीप्रसाद देवकोटाको परिचय |
| परिच्छेद-तीन | - | स्वच्छन्दतावादको सैद्धान्तिक मान्यता तथा नेपाली कविता परम्परामा स्वच्छन्दतावाद |
| परिच्छेद-चार | - | **भिखारी** कवितासङ्ग्रह कविताहरूको परिचय |
| परिच्छेद-पाँच | - | **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावादी मान्यताको विश्लेषण र मूल्याङ्कन |
| परिच्छेद-छ | - | उपसंहार |

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षहरूमा विभाजन गरिएको छ । यस शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

# परिच्छेद – दुई

## कवि लक्ष्मीप्रसाद देवकोटाको परिचय

### २.१ जन्म तथा नामकरण

लक्ष्मीप्रसाद देवकोटाको जन्म १९६६ साल कार्त्तिक २७ गते शुक्रवार राती ९:५८ बजे काठमाडौँको डिल्लीबजारमा भएको हो ।[१] बाबु तिलमाधव देवकोटा र आमा अमरराज्यलक्ष्मीदेवीबाट साहिँला सुपुत्रका रूपमा जन्मेका देवकाटाको न्वारनको नाम 'तीर्थमाधव' रहेको पाइन्छ ।[२] उनको न्वारनको नाम 'तीर्थमाधव' भएपनि उनको जन्म लक्ष्मीपूजाको दिनमा लक्ष्मीको पूजा भएपछि भएको हुँदा उनको नाम 'लक्ष्मीप्रसाद' नै राखिएको जानकारी पाइन्छ । [३]उनी यही नामबाट नेपाली साहित्यका क्षेत्रमा परिचित छन् ।

### २.२ वंशानुगत पृष्ठभूमि

देवकोटाका पूर्वजहरू भारतको कन्नौजबाट नेपालको सुदूरपश्चिमको अछाम जिल्लामा आएको सूचना पाइन्छ । [४] अछामको देवकोटगढीलाई देवकोटा वंशको मूल थलो मानिएको छ । उनका पुर्खाहरू गोर्खा हुँदै काठमाडौँसम्म आएका हुन् । [५] उनका एक पुर्खा दानु पाध्या बझाङ्गी मन्त्री भएको तथा लक्ष्मीधर र विद्याधर कवि रहेको पनि जानकारी छ । [६] उनका हजुरबुबा षढशास्त्री चन्द्रदत्त प्रख्यात पुराणवाचक तथा अध्यापक थिए भने बुवा तिलमाधव पनि अध्यापक, पण्डित, कवि तथा पुराणवाचक

---

१ नित्यराज पाण्डे, **महाकवि देवकोटा** (ललितपुरः मदनपुरस्कार गुठी, २०१७) पृ. ३ ।

२ महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटा खण्डकाव्यकारिता** (काठमाडौँः एकता बुक्स, २०६१) पृ. १३ ।

३ नित्यराज पाण्डे, पूर्ववत् पृ. ३-४ ।

४ ऐजन पृ. १ ।

५ ऐजन पृ. २ ।

६ चूडामणि बन्धु, **देवकोटा** तेस्रो सं. (ललितपुरः साझा प्रकाशन २०३६)पृ. ४ ।

रहेको पाइन्छ । उनका मावलीतिरका हजुरबुबा पनि पण्डित थिए भन्ने जानकारी पाइन्छ । [७]

देवकोटा परिवारको वंशानुगत पृष्ठभूमिका अध्ययनबाट उनका पुर्खाहरू राजकीय परिपाटिसँग, पुरावणवाचन वा धार्मिक प्रवचनको कार्यसँग, अध्ययन अध्यापनको कार्यसँग तथा साहित्यसृजनको कार्यसँग सम्बन्धित रहेको तथ्य पाइन्छ । देवकोटाको बहुमुखी व्यक्तित्व निर्माण गर्न यही वंशानुगत संस्कार र परम्पराले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## २.३ परिवार तथा पारिवारिक वातावरण

देवकोटा बृहत् परिवारमा जन्मिएका हुन् । तिलमाधव देवकोटाकी प्रथम पत्नीबाट पाँच तथा कान्छी पत्नीबाट आठ सन्तान जन्मिएको पाइन्छ । तिलमाधव देवकोटाकी कान्छी पत्नी अमराज्यलक्ष्मीदेवीबाट लेखनाथ, दुर्गानाथ, अनि क्रमशः पाँच छोरीहरू त्यसपछि लक्ष्मीप्रसाद, मधुसूदन, मित्रनाथ र गोपीनाथ जन्मेको जानकारी पाइन्छ । [८] देवकोटाका पूर्वजहरूमा रहेको हिन्दू-आर्य परम्पराको ज्ञान उनको यस परिवारमा पनि रहेको देखिन्छ । यसले उनको बृहत् परिवारमा अनुशासन र मर्यादालाई स्थापित गरेको हो । उनका पुर्खा बाबुबाजेहरू शासकवर्गका सन्तानहरूलाई शिक्षदीक्षा दिने गर्दथे जसले गर्दा उनीहरूको राजदरबारसँग निकट सम्बन्ध थियो । देवकोटा परिवारको शासकवर्गसँगको यही निकट सम्बन्धले उनीहरूको शिक्षामा राम्रो पहुँच रहेको पाइन्छ । यसले गर्दा कवि देवकोटाका दाजु लेखनाथले विद्यालयमा अङ्ग्रेजी शिक्षा अध्ययन गर्ने अवसर पाएको देखिन्छ । कवि देवकोटा हुर्कंदै जाँदा बाबुआमा तथा दाजुबाट पूर्वीय तथा पाश्चात्य दुवै साहित्य तथा सभ्यताको ज्ञान प्राप्त गर्न सफल भएको पाइन्छ । उनको परिवारका अन्य सदस्यले पनि दिएको साहित्यिक योगदानले उनको परिवारमा साहित्यिक वातावरणको निर्माण गरेको देखिन्छ । उनको परिवारमा रहेको यही वातावरणले उनलाई साहित्यतिर लाग्न प्रेरित गरेको हो ।

---

७ महादेव अवस्थी, पूर्ववत् पृ. १७।

८ चूडामणि बन्धु, पूर्ववत्, पृ ४ ।

## २.४ बाल्यकाल र घरायसी शिक्षा

आठौँ सन्तानका रूपमा देवकोटा परिवारमा जन्मेका कवि देवकोटा मायालु वातावरणमा हुर्केबढेका हुन् । चार वर्षको उमेरमा आउँले सिकिस्त विरामी भई बाँचेका हुनाले परिवारमा सबै सदस्यहरूले उनलाई माया र सहानुभूति दिने गर्थे । [९] उनको एकोहोरो स्वभावका कारण बाल्यकालमा उनी खेल्नजाँदा खेलेको खेल्यै र रोयो भने रोएको रोयै गर्दथे । उनको अक्षरारम्भ १९७१ सालमा भएपनि यसअघि नै उनले 'क देखि त्र' सम्मका वर्णहरू चिनिसकेको जानकारी पाइन्छ । [१०] हिन्दू परम्पराअनुसार देवकोटाको ब्रतबन्ध गरेपछि बाबुले उनलाई संस्कृतका **मन्त्रस्तोत्र, अमरकोश**, **संस्कृत परिचय** जस्ता ग्रन्थहरू घोकाएको देखिन्छ । [११] उनका बाबुले गति यतिका साथ नित्य वाचन गर्ने संस्कृतका **रामायण**, **महाभारत** का श्लोक सुनेरै उनमा शास्त्रीय छन्दको लय बसिसकेको जानकारी पाइन्छ । [१२] यसले पछि गएर उनलाई शास्त्रीय छन्दमा काव्य सृजना गर्न सरल बनाएको देखिन्छ । यसपछि देवकोटालाई दरबार हाइस्कुलमा भर्ना गरेपछि उनको औपचारिक शिक्षा प्रारम्भ भएको हो ।

## २.५ औपचारिक शिक्षा

वि.सं. १९७७ को चैतमा दरबार हाइस्कुलमा भर्ना भएपछि देवकोटाको औपचारिक शिक्षाको प्रारम्भ हुन्छ । यस विद्यालयमा भर्ना भएपछि उनमा अङ्ग्रेजी शिक्षाको ज्ञान तथा सृजनात्मक चेतना बढ्दै गएको पाइन्छ । उनले घरमा लेखेका कविता विद्यालयमा सहपाठी साथीहरूलाई देखाउँदा दाजुलाई लेखाएर आफूले लेखेको हुँ भन्ने 'सुकुल गुन्डो' 'नक्कली मयुर' भनी उनलाई गाली गर्दथे । [१३] यसप्रकारका गालीले उनलाई साहित्यतिर लाग्न अझ प्रेरित गरेको पाइन्छ । अध्ययनकै क्रममा

---

९ ऐजन ।

१० ऐजन, पृ. ५ ।

११ ऐजन, पृ-८

१२ लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह** सत्रौं संस्क. (ललितपुरः साझा प्रकाशन २०६४) पृ. ३९ ।

१३ चूडामणि बन्धु, पूर्ववत् पृ. १० ।

उनले १९८२ सालमा म्याट्रिक उत्तीर्ण गरेको जानकारी छ । [१४]उनले १९८३ सालपछि कलेजको अध्ययन र ट्युसन पढाउने काम एक साथ सुरु गरे । वि.सं १९८५ मा आई.एस्सी. उत्तीर्ण गरेपछि उनको बी.ए. को अध्ययन सुरु भयो । वि.सं. १९८६ मा बी.ए. उत्तीर्ण गरेर नेपाल फर्केपछि उनी आफ्ना साथीहरूसँग मिलेर शिक्षालाई जनसाधरणसमक्ष पुऱ्याउनका लागि पुस्तकालय खोल्ने अभियानमा सरिक भएको पाइन्छ । शासकवर्गसमक्ष अनुमतिका लागि प्रस्तुत गर्नु अघि नै यस योजनाको पोल खुलेका कारण उनलाई पक्राउ गरी दण्ड जरिवाना गरिएको पनि जानकारी छ । [१५] यसपछि देवकोटा अन्य सार्वजनिक चासोका विषयमा केही समयसम्म सहभागी भएनन् । यस समयसम्म आइपुग्दा उनी नेपाली र अङ्ग्रेजीमा कविता लेख्ने कार्यमा सरिक भइसकेका थिए ।

वि.सं. १९८७ को 'पुस्तकालय पर्वमा' दण्डित देवकोटा एम.ए.को अध्ययन गर्न चाहन्थे तर यसका लागि तत्कालीन शासकहरूको अनुमति लिनुपर्ने व्यवस्था थियो । यस अनुरूप उनले राणासमक्ष एम.ए. अध्ययनका लागि निवेदन दिए तर उनलाई बी.एल. को मात्र अध्ययनको अनुमति दिएको सूचना पाइन्छ । [१६] तत्कालीन शासकवर्ग सामान्य जनतालाई शिक्षाको अवसर दिनु भनेको आफ्नो शासनका लागि खतरा सम्झन्थे । यसैकारण देवकोटा जस्ता युवाहरूलाई उनीहरू शिक्षाको अवशर दिन चाहदैन थिए । उनले पाएको बी.एल.को अध्ययन अनुमतिबमोजिम उनी बी.एल. को अध्ययन समाप्त गरी नेपाल फर्किएपछि आफ्नो औपचारिक अध्ययन समाप्त गर्छन् । उनले यस अध्ययनका क्रममा प्राप्त गरेको अङ्ग्रेजी साहित्यको ज्ञानले उनलाई बौद्धिक र स्वच्छन्दतावादी कवि बनाएको हो । यसकारण उनी नेपाली कविता र निबन्धमा स्वच्छन्दतावादको स्थापना गर्न सफल भएका हुन् ।

---

[१४] नित्यराज पाण्डे, पूर्ववत् पृ. ८ ।

[१५] महादेव अवस्थी, पूर्ववत् पृ. २८ ।

[१६] नित्यराज पाण्डे, पूर्ववत्, पृ-८ ।

## २.६ किशोरावस्था र विवाह

वि.सं. १९८१ को फागुन महिनामा देवकोटाको विवाह ब्राह्मण परिवारकी कन्या मनदेवी चालिसेसँग भएको हो ।[१७] तत्कालीन हिन्दू सनातन परम्पराअनुसार उनको विवाह पन्ध्र वर्षको उमेरमा भएको देखिन्छ । यस पश्चात देवकोटामा लज्जा सङ्कोच हट्नाका साथै उत्तरदायित्व को पनि बोध भएको पाइन्छ ।

## २.७ पेसा र आर्थिक अवस्था

देवकोटाले आई.एस्सीको अध्ययनसँगै आफ्नो बृहत परिवारको भरणपोषणका लागि ट्युसनवृति पनि प्रारम्भ गरेको देखिन्छ । यसले उनको आर्थिक उपार्जनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । उनी २००० साल भदौ ११ गते भाषानुवाद परिषद्मा रू ७० मासिक तलबमा पुस्तक लेखकका रूपमा नियुक्त भएको जानकारी पाइन्छ ।[१८] उनको यस पेसाले नेपाली साहित्यमा विशेष महत्त्व राख्छ । यसै अवधिमा उनका नेपाली साहित्यमा प्रथम मौलिक महाकाव्यहरू **नेपाली शाकुन्तल** (२००२) र **सुलोचना** (२००३) प्रकाशित भएका हुन् ।[१९] उनको बौद्धिक स्तरलाई मूल्याङ्कन गर्दै २००३ सालदेखि त्रिचन्द्र कलेजमा उनलाई प्राध्यापकका रूपमा नियुक्ति गरिएको पाइन्छ । तत्कालीन अन्तर्राष्ट्रिय स्वतन्त्रता तथा स्वाधीनताको लहरले देवकोटामा पारेको प्रभावले उनी यसै समयदेखि राणाशासनका विरुद्ध साहित्यिकरूपमा लागेका हुन् । उनी २००४ सालमा राणाशासनका विरुद्धमा अझ सक्रिय हुन बनारस गएपछि उनको नेपालमा जागिर समाप्त भयो भने उनको सम्पत्ति पनि रोक्का गरिएको पाइन्छ । यसले उनको परिवारमा गहिरो आर्थिक सङकट देखापर्‍यो भने उनले पनि बनारसमा चरम आर्थिक सङ्कट झेल्नु परेको जानकारी पाइन्छ ।[२०]उनले बनारसमा छाक टार्न आफ्ना रचनाहरू बेच्नुपर्ने स्थिति देखापर्‍यो । नियमित र आवश्यक पथ्य आहारको

---

१७ चूडामणि बन्धु, पूर्ववत्, पृ १७ ।

१८ नित्यराज पाण्डे, पूर्ववत् पृ.८ ।

१९ ऐजन, पृ१८ ।

२० ऐजन ।

अभावले उनमा कमजोरी बढ्दै जाँदा उनी गम्भीर विरामी भई राणाशासकसमक्ष क्षमा मागेर २००६ सालमा नेपाल फर्केको देखिन्छ । दुई वर्षसम्म केही  आयस्रोत नभएका कारण नियमति पैसा तिर्न नसक्दा बिजुलीको आपूर्तिसमेत उनको घरमा बन्द गरियो । उनको जीवनमा रहेको यस प्रकारको आर्थिक अभावले नकारात्मक प्रभाव पारेको देखिन्छ । यस आर्थिक सङकटका लागि पैसा हुँदा सबैलाई बाँड्ने तथा सञ्चय गर्न नजान्ने देवकोटाको बानी जिम्मेवार रहेको पाइन्छ ।

देवकोटा मन्त्री, नेता, विभिन्न सङ्घसंस्थाका सदस्य भएपनि उनका जीवनमा सधैँ आर्थिक सङ्कट रहेको देखिन्छ । उनी बनारसमा रहँदा आर्थिक अभावकै कारण रोगी भए भने २०१६ सालमा आर्थिक अभावले रोगको सही उपचार हुन नसक्दा उनको मृत्यु भएको हो ।

## २.८ राजनैतिक तथा समाजिक सक्रियता

वि.सं. १९८७ मा घटेको ‘लाइब्रेरी पर्व’मा दण्डित देवकोटामा त्यसै समयदेखि नै राजनैतिक चेतनाको प्रारम्भ भएको देखिन्छ । वि.सं. १९९७मा भएको ‘शहीद’ पर्व’ले पनि उनमा क्रान्तिको भावना जन्माएको पाइन्छ ।[२१] देवकोटाले २००३ सालको पुसमा कविताक्रान्तिको घोषणा गरे जुन परोक्षरूपमा राणाशासनका विरुद्धमा थियो । लेखनकार्यबाट तीव्ररूपमा राणाशासनविरुद्ध उत्रिएका कवि देवकोटाले बनारसमा गएर प्रत्यक्षरूपमा स्वतन्त्रताका लागि सङघर्ष गरेको पाइन्छ । त्यहाँ उनले ‘युगवाणी’ जस्तो सशक्त क्रान्तिकारी पत्रिकाको सम्पादन गरेका थिए । वि.सं. २००७ को क्रान्ति सफल भएपछि उनको राजनैतिक सक्रियता झन् बढेको देखिन्छ । देवकोटाको राजनैतिक सहभागिता सल्लाहकार परिषद्को सदस्यमा विपक्षीदलको नेताका रूपमा, मन्त्रीमा तथा एकेडेमीका सदस्यका रूपमा रहेको पाइन्छ । उनले विभिन्न गोष्ठी, सभा, सम्मेलनमार्फत सामाजिक क्षेत्रमा संलग्नता देखाए । ‘गीतागेय’ उनकै सक्रियतामा स्थापना भयो भने उनले विभिन्न धार्मिक अनुष्ठानमा लिएको देखिन्छ । उनको राजनैतिक तथा सामाजिक सक्रियता जीवनभरि नै रहेको पाइन्छ ।

---

[२१] महादेव अवस्थी, पूर्ववत् पृ ३८

## २.९ साहित्यिक सृजनशीलता

देवकोटा १९९१ सालमा सार्वजनिक रूपमा नेपाली साहित्यमा देखापरे पनि उनले बाल्यकालदेखि नै कवितासृजना गरेको पाइन्छ । प्रथम पटक उनले एघार वर्षको उमेरमा 'घनघोर दुःख सागर......... शीर्षकको द्विपदी कविता रचना गरेको पाइन्छ । औपचारिक अध्ययनको क्रमसँगै आफ्नो कविता साधनालाई उनले अघि बढाएको देखिन्छ । देवकोटाले आफ्नो नेपथ्यकालीन साहित्यसाधनाको क्रममा वि.सं. १९८४/८५ तिर **दि ब्यालेड सावित्री एन्ड सत्यवान** गीतिनाटक रचना गर्नाका[२२] साथै अन्य फुटकर रचना पनि पत्रपत्रिकामा प्रकाशित गरेको पाइन्छ ।

वि.सं. १९९१ मा प्रकाशित 'पूर्णिमाको जलधी' शीर्षकको कवितामार्फत देवकोटा नेपाली साहित्यमा सार्वजनिक भएका हुन् । उनको यसै कविताबाट नेपाली कवितापरम्परामा स्वच्छन्दतावादको प्रारम्भ भएको हो । उनले अन्य समकालीन कविहरूसँग सहकार्य गरी स्वच्छन्दतावादको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । उनको कलम कविता, नाटक, निबन्ध, उपन्यास, कथा, प्रबन्ध, समालोचना जस्ता सबै विधामा चलको हुँदा उनी विशिष्ट स्वच्छन्दतावादी स्रष्टाका रूपमा रहेका छन् । उनमा प्राकृतिक सौन्दर्यमूलक भाव, कर्मयोगी दृष्टि मानवता, कल्पना, रहस्य, निजात्मकता जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेका छन् ।[२३]

देवकोटाको १९९२ सालमा प्रकाशित **मुनामदन**सँगै उनी चर्चित हुन पुगे । यसै खण्डकाव्यले नेपाली कवितापरम्परामा लोकलयलाई प्रतिष्ठित बनाएको हो । आत्मिक प्रेमको अमरतालाई प्रस्तुत गर्ने यस कृतिको प्रकाशनपछि स्वच्छन्दतावाद अझ विकसित हुँदै गएको पाइन्छ । यसपछि उनका महत्त्वपूर्ण कृतिहरू **नेपाली शाकुन्तल, सुलोचना, लक्ष्मी निबन्धसङ्ग्रह**, **भिखारी** कवितासङ्ग्रह आदि प्रकाशित भएको देखिन्छ ।

---

२२ चूडामणि बन्धु, पूर्ववत्, पृ.३३

२३ महादेव अवस्थी, पूर्ववन्, पृ.३३

देवकोटाको अढाई दशक लामो साहित्यलेखनका क्रममा निम्नलिखित कृतिहरू प्रकाशित भएका छन् -

| क्र.सं | काव्य/कवितासङ्ग्रह | प्रकाशन मिति |
|---|---|---|
| १ | मुनामदन | १९९२ वि.सं. |
| २ | राजकुमार प्रभाकर | १९९७ वि.सं. |
| ३ | शकुन्तला | २००२ वि.सं. |
| ४ | कुञ्जिनी | २००२ वि.सं. |
| ५ | सुलोचना | २००३ वि.सं. |
| ६ | पहाडी पुकार | २००५ वि.सं. |
| ७ | पुतली | २००९ वि.सं. |
| ८ | सुनको बिहान | २०१० वि.सं. |
| ९ | भिखारी | २०१० वि.सं. |
| १० | रावणजटायु युद्ध | २०१५ वि.सं. |
| ११ | जन्मोत्सव र मुटुको थोपा | २०१५ वि.सं. |
| १२ | म्हेन्दू | २०१५ वि.सं. |
| १३ | छहरा | २०१५ वि.सं. |
| १४ | मृत्युशैय्याबाट | २०१६ वि.सं. |
| १५ | चिल्ला पातहरू | २०२१ वि.सं. |
| १६ | लुनी | २०२४ वि.सं. |
| १७ | महाराणा प्रताप | २०२४ वि.सं. |
| १८ | मायाविनी सर्सी | २०२४ वि.सं. |

| | | |
|---|---|---|
| १९ | सीताहरण | २०२४ वि.सं. |
| २० | मनोरञ्जन | २०२४ वि.सं. |
| २१ | भवनागाङ्गेय | २०२४ वि.सं. |
| २२ | गाइनेगीत | २०२४ वि.सं. |
| २३ | वनकुसुम | २०२५ वि.सं. |
| २४ | दुष्यन्तशकुन्तला भेट | २०२५ वि.सं. |
| २५ | आकाश बोल्छ | २०२५ वि.सं. |
| २६ | नवरस | २०२५ वि.सं. |
| २७ | कटक | २०२६ वि.सं. |
| २८ | छाँगासँग कुरा | २०२६ वि.सं. |
| २९ | प्रमिथस | २०२८ वि.सं. |
| ३० | लक्ष्मी कवितासङ्ग्रह | २०३३ वि.सं. |
| ३१ | मैना | २०३९ वि.सं. |
| ३२ | लक्ष्मी गीतिसङ्ग्रह | २०४७ वि.सं. |
| ३३ | वापु | २०४८ वि.सं. |
| ३४ | पृथ्वीराज चौहान | २०४९ वि.सं. |
| ३५ | तिप्लिङ्गी | २०५७ वि.सं. |
| ३६ | तुषारवर्णन | २०५९ वि.सं. |

गीतिनाटक/एकाङ्की

१. सावित्री सत्यवान (प्रकाशन वि.सं.१९९७)

२. कृषिबाला (प्रकाशन वि.सं. (२०२१)

३. शिक्षाको चमत्कार (२०३०)

**निबन्धसङ्ग्रह**

१. लक्ष्मी निबन्धसङ्ग्रह (२००२)

२. दाडिमको रूखनेर (२०४९) सम्पादक-राजेन्द्र सुवेदी

**कथा/उपन्यास**

१. चम्पा (२०२४)

२. लक्ष्मी कथासङ्ग्रह (२०२८)

**समालोचना**

१. स्रष्टा देवकोटाः द्रष्टा परिवेशमा (२०४१) सम्पादक-राजेन्द्र सुवेदी

२. **आत्मसमीक्षा** (२०५०) सम्पादक- वसन्तकुमार शर्म्मा 'नेपाल'

**अङ्ग्रेजीमा अनूदित कृतिहरू**

१. बिगगेम सुटिङ्ग इन नेपाल (१९९९)

२. अङ्ग्रेज शाकुन्तल (२०४८)

**अङ्ग्रेजीबाट नेपालीमा अनूदित**

१. प्रसिद्ध प्रबन्धसङ्ग्रह (१९९८)

२. म्याक्वेथ (२०२६)

**अङ्ग्रेजी कृतिहरू**

१ दि ब्यालेड सावित्री एन्ड सत्यवान वि.सं. १९८४/८५ लेखन

२ 'विडो' (प्रकाशन वि.सं.२०१४)

## २.१० मृत्यु

देवकोटाको स्वास्थ्य बनारस प्रवासमा रहेको अवस्थादेखि नै कमजोर भएको देखिन्छ । यो २०१५ सालमा बल्भिएर गम्भीर रूपमा देखापऱ्यो । कलकत्तामा भएको उपचारबाट उनलाई क्यान्सर भएको पत्ता लागेपछि त्यहाँ उपचार हुन नसक्ने देखी उनी नेपाल फर्किएको पाइन्छ ।[२४] उनी त्यसपछि थप उपचारका लागि समुद्रपार जान जाहन्थे तर आर्थिक अभावका कारण सो हुन सकेन । क्यान्सर बढ्दै गएर विकराल रूप लियो । यसैबाट अन्तत २०१६ साल भदौ २९ गते साँझ उनको ४९ वर्ष १० महिना १३ दिनका दिन निधन भएको हो ।[२५]

कवि देवकोटाले आफ्नो अढाइ दशक लामो साहित्यिक यात्राका क्रममा साढे छ सय फुटकर कृति, तीन दर्जनजति खण्डकाव्य, आधा दर्जन महाकाव्य सृजना गरेका छन् । उनका निबन्ध, नाटक, कथा, उपन्यास तथा समालोचनाहरू पनि प्रकाशित भएका छन् । नेपाली कविता विधामा स्वच्छन्दतावादको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका देवकोटा परिष्कारवादको कठोर बन्धन र कृत्रिमतालाई स्वच्छन्दता र सरलताले प्रतिस्थापन गर्न सफल भएका छन् । कल्पनाशीलता, सौदर्न्यात्मकता, प्रकृतिप्रेम, आत्मपरकता, रहस्यात्मकता, मानवता, सरलता तथा विद्रोह जस्ता प्रवृत्तिहरू उनका कृतिहरूमा व्यक्त भएको पाइन्छ । साथै अतीतोन्मुखता पलायन प्रतीक, अलङ्कारको सहज प्रयोग एवम् स्वतस्फूर्तता जस्ता प्रवृत्तिहरू पनि उनमा रहेको पाइन्छ । समग्रमा सङ्ख्यात्मक र गुणात्मक साहित्यिक योगदानका लागि देवकोटा नेपाली साहित्यमा अतुलनीय स्रष्टाका रूपमा रहेका छन् ।

## २.११ देवकोटाको जीवनीका सन्दर्भमा स्वच्छन्दतावादी प्रभाव

कवि देवकोटाले जीवनमा स्वच्छन्दतावादले प्रभाव पार्नका पछि केही पक्षहरू रहेका छन् । ती पक्षहरूमा एउटा पक्ष उनको बाल्यकालमा त्यस समयको अर्धनागरीय काठमाडौंको प्राकृतिक परिवेशले पारेको प्रभाव हो । देवकोटाको घर सामुन्नेको तल्लो

---

२४ नित्यराज पाण्डे, पूर्ववत् पृ: ५४,५५ ।

२५ ऐजन, पृ-६३ ।

बारीमा भोगटे, काइँयो, रिट्ठा, पारिजात, नासपाती, आरुबखडा, आरु, मयल, कनकचम्पा, खरी आदिका अनेको बोटहरू रहेको जानकारी छ ।[२६] त्यही शान्त एवम् प्राकृतिक किसिमको बारीमा चाहार्ने, खेल्ने जुन मौका देवकोटाले पाए त्यसले उनलाई प्रकृतिप्रेमी स्वच्छन्द कविका रूपमा स्थापित हुन भविष्यमा सहयोग पुऱ्याएको देखिन्छ ।[२७] उनमा स्वच्छन्दतावादको प्रभाव पर्नाको अर्को पक्ष तत्कालीन समयको दरबार हाइस्कुलमा भर्ना भई अध्ययन गर्न थालेको अङ्ग्रेजी शिक्षा हो । अङ्ग्रेजी साहित्यको औपचारिक अध्ययनले उनलाई आधुनिक विश्व तथा अङ्ग्रेजी साहित्यसँग परिचित हुने अवसर दिएको पाइन्छ ।[२८] देवकोटाले आफ्ना कलेजका कक्षाहरूमा साहित्यतर्फको आकर्षणले सेक्सपियर तथा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि वर्डस्वर्थ, सेली, बाइरन, किट्स र मैथ्यु आर्नोल्डका कृतिहरू पढ्ने गरेको सूचना छ ।[२९] आधुनिक अङ्ग्रेजी साहित्यको उनको यस अध्ययनले उनको अन्तरदृष्टिलाई स्वच्छन्दतावादी मानवतावादी बनाएको देखिन्छ ।[३०] यस पछि उनको वैचारिक दृष्टिकोण स्वच्छन्द र बन्धनमक्त हुँदै विकसित भएको पाइन्छ । वि.सं. १९८७मा ह्पुस्तकालय पव□मा दण्डित भएपछि देवकोटामा क्रान्तिकारी र विद्रोही प्रवृत्तिको विकास भएको देखिन्छ ।[३१] यसले उनका कृतिहरूमा उल्लेख्य रूपमा प्रभाव पारेको छ । दिनको १०/१२ घन्टा ट्युसनमा व्यस्त देवकोटामा फुर्सतको थोरै समयमा असीमित भाव प्रस्तुत गर्नु पर्ने बाध्यताले आशुलेखनको प्रवृत्ति देखापरेको हो । यसले उनमा स्वतःस्फूर्तता सहजभावप्रवाह, कृत्रिमता भन्दा प्राकृतिकता तथा अपरिष्कार जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरूको विकास गरेको पाइन्छ ।

---

२६ चूडामणि बन्धु, पूर्ववत् पृ-६ ।

२७ महादेव अवस्थी पूर्ववत् पृ-२१ ।

२८ ऐजन, पृ-२५ ।

२९ ऐजन, पृ-२७ ।

३० ऐजन, पृ-२५ ।

३१ ऐजन, पृ-२८ ।

समग्रमा उनको जीवनमा स्वच्छन्दतावादले प्रभाव पार्ने कारणहरू बाल्यकालीन समयमा उनमा प्रकृतिले पारको प्रभाव, अङ्ग्रेजी शिक्षाको ज्ञान, आशुलेखन, जीवनका आर्थिक, राजनैतिक तथा पेसागत स्थिति रहेका छन् । यिनै केही कारणले गर्दा नेपाली उनी साहित्यमा विशिष्ट स्वच्छन्दतावादी कविका रूपमा स्थापित भएका हुन् ।

# परिच्छेद – तीन

# स्वच्छन्दतावादको सैद्धान्तिक मान्यता तथा नेपाली कवितापरम्परामा स्वच्छन्दतावाद

## ३.१ विषयप्रवेश

स्वच्छन्दतावाद शास्त्रीयतावादको विपरीत साहित्यिक प्रवृत्ति हो । युरोपेली साहित्यमा स्थापित विभिन्न साहित्यिक सिद्धान्तहरूमध्ये यो चर्चित एवम् समृद्ध साहित्यक आन्दोलन वा धारा हो । यसको प्रारम्भ सर्वप्रथम जर्मनी, बेलायत तथा फ्रान्सबाट भएको हो । बन्धन र कठोर नियमलाई अस्वीकार गर्दै जीवन जगत्लाई हेर्ने नवीन दृष्टिकोण स्वच्छन्दतावादमा प्रस्तुत भएको पाइन्छ । स्वतन्त्रता, मानवता, रहस्य, सरलता जस्ता यसका प्रवृत्तिहरूबाट संसारका प्रायः सबै देशका भाषासाहित्य प्रभावित भएका छन् । यसले परिष्कारवादका वस्तुपरक एवम् यान्त्रिक मान्यताको विपरीत स्वच्छन्द भावाभिव्यक्तिलाई अत्यधिक महत्त्व दिएको पाइन्छ ।

अठारौँ शताब्दीको उत्तरार्द्धमा देखापरेको युरोपेली नवसाहित्यिक आन्दोलन स्वच्छन्दतावाद एक उदारवादी साहित्यिक सिद्धान्तका रूपमा यहाँ चर्चा प्रस्तुत गरिएको छ । यस क्रममा यहाँ स्वच्छन्दतावादको पृष्ठभूमि, परिभाषा, दार्शनिक आधार, विकास, सृजनात्मक प्रयोग, तथा विशेषताहरूको अध्ययनलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ३.२ स्वच्छन्दतावादको पृष्ठभूमि या प्रेरणाभूमि

पाश्चात्य साहित्य समालोचनाजगत्मा स्वच्छन्दतावादको अभ्यूदयको पछाडि नवपरिष्कारवादी साहित्यकारहरूको अतिवादले पृष्ठभूमि वा प्रेरणास्रोतको रूपमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।[१] सोरौँ शताब्दीको अन्त्य वा पुनर्जागरण युगमा नै

---

१ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना का प्रमुख मान्यता, वाद र प्रणाली,** चौथो संस्क. (ललितपुरः साझा प्रकाशन २०५१) पृ-१७२

स्वच्छन्दतावादको प्रारम्भिक बीज देखापर्दछ ।[२] पुनर्जागरणकालीन युरोपमा राजनीति धर्म, संस्कृति विज्ञान तथा साहित्यमा परिवर्तन देखापर्दै जाँदा साहित्यमा स्वच्छन्दतवादको प्रारम्भ हुन थाल्छ । नवशास्त्रीयतावादी लेखनको अतिशय कठोर नियम र यान्त्रिकतालाई चुनौति दिँदै स्थापित स्वच्छन्दतावादको लामो पृष्ठभूमि रहेको छ । फ्रान्सका ज्याँ ज्याक रुसोको स्वतन्त्रता, समानता र भ्रातृत्त्वमा आधारित मानवतावादी दृष्टिकोणले स्वच्छन्दतावादको स्थापनाका लागि वैचारिक आधार प्रदान गरेको देखिन्छ ।[३] उनको यस विचारले फ्रान्सको राज्यक्रान्तिका लागि वैचारिक आधार पनि निर्माण गऱ्यो । रुसोको यही विचारले समकालीन स्रष्टाहरूलाई परम्परागत बन्धनबाट मुक्त हुन प्रेरित गरेको देखिन्छ ।[४]उनको यस स्वतन्त्राका लागि 'प्रकृतितिर फर्कनुपर्छ' भन्ने विचारले समकालीन युरोपमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ । यस सम्बन्धमा कुमारबहादुर जोशी भन्छन "एक त यसअघिका उनका अन्योन्य कृतिहरूले पहिले पनि यसरी नै वैयक्तिक स्वातन्त्र्यतर्फ उन्मुख गराउने खालका वैचारिक क्रान्तिको लहर फैलाउँदै आइरहेका थिए त्यसमाथि झन् वैचारिक स्वातन्त्र्यप्रेमप्रति अत्यधिक आकृष्ट पार्ने यस खालका अभिव्यक्तिबाट तिनताका अधिकाधिक युरोपेली जनमानसलाई नवीन विचारधारा अँगालेर अघि बढ्न अझ बढी प्रेरित गरेको देखिन्छ ।"[५] यसपछि सन १७८९ मा फ्रान्समा भएको राज्यक्रान्तिको प्रभाव स्वच्छन्दतावादमा परेको देखिन्छ । यस क्रान्तिले स्वच्छन्दतावादको स्वतन्त्रता, मानवता, भ्रातृत्व समानता तथा विद्रोही भावना स्थापित गरेको पाइन्छ । बेलायतमा भएको औद्योगिक क्रान्तिले प्रकृति र वातवारणमा कोलाहल विनाश निम्त्याएको कारण संवदेनशील

---

२ वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा-दुई** (ललितपुरः साझा प्रकाशन २०४९) पृ-१९

३ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ-१७२ ।

४ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (काठमाडौं विद्यार्थी पुस्तक भण्डार २०६१) पृ-२८२

५ कुमारबहादुर जोशीः **पाश्चात्य साहित्यका प्रमुख वाद** चौथो संस्क. (ललितपुरः साझा प्रकाशन २०५७) पृ-१९

साहित्यकारहरू प्रकृतिमा गई रहस्यमय कल्पनालोकमा हराउन थाले ।[६] यसले पनि स्वच्छन्दतावादको स्थापनामा सहयोग पुऱ्याएको हो । सौदर्न्यवादी चिन्तक लेसिङ तथा पुनरुत्थानवाद विरोधी जर्मनेली कवि हर्डर तथा क्लिङ्गरका विचारले पनि स्वच्छन्दतावादको आधारभूमि बनाएको पाइन्छ ।[७]

स्वच्छन्दतावाद लामो समयपछिको पृष्ठभूमिमा विभिन्न दार्शनिक, चिन्तक तथा विद्वान्हरूका सिद्वान्त र विचारहरूलाई आत्मसात् गरी प्रारम्भ भएको हो । समसामयिक नवशास्त्रीयतावादी लेखन शैलीको प्रतिस्थापन गर्दै स्वच्छन्दतावाद अठारौँ शताब्दीको अन्त्यमा स्थापित साहित्यिक सिद्वान्त हो । बन्धनबाट मुक्ति, नियमको उपेक्षा, आत्मपरकता, कल्पना, प्रकृतिप्रेम, वैयक्तिकता आदि प्रवृत्तिहरू यसका पहिचानहरू हुन् ।

## ३.३ शाब्दिक अर्थ तथा परिभाषा

पाश्चात्य साहित्य-समालोचनाका क्षेत्रमा प्रचलित *रोमान्टिसिज्म* शब्दको पर्यायका रूपमा नेपालीमा स्वच्छन्दतावादको प्रयोग गरिन्छ ।[८] अङ्ग्रेजीको *रोमान्टिसिज्म* शब्दको विकासमा ल्याटिनको रोमान्स (Romancus) अङ्ग्रेजीको रोमान्स (Romance) फ्रेन्चको रोमान्ज (Romanz) शब्दको महत्त्वपूर्ण भूमिका रहेको छ ।[९] प्रारम्भमा रोमेली भाषाका कृतिलाई रोमान्स भनिन्थ्यो जुन काल्पनिक हुन्थे ।[१०] त्यसपछि यसको अर्थमा निरन्तर परिवर्तन आयो र अन्त्यमा फ्रेडरिक स्लेगलले स्वच्छन्दता (Romantisch) शब्दको शास्त्रोचित परिभाषा गरी स्वच्छन्दतावादलाई साहित्यको एउटा नवीन धाराका रूपमा अगाडि ल्याएका हुन् ।[११]

---

६ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ-२८२

७ ऐजन, पृ-२८३ ।

८ वासुदेव त्रिपाठी पूर्ववत, पृ-१७

९ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ-१७२ ।

१० मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ-२८१ ।

११ ऐजन ।

स्वच्छन्दतावादका अनेक परिभाषाहरू पाइन्छन् । सबै विद्वानहरूले आआफ्नो तरिकाबाट यसलाई परिभाषित गरे पनि परिष्कारवादको विपरीत प्रवृत्तिका रूपमा सबैले यसको चर्चा गरेका छन् । यसक्रममा भिक्टर ह्युगो भन्छन् 'स्वच्छन्दतावाद भनेको साहित्यिक उदारवादिता हो ।' वाल्टर रेलेका मतमा 'स्वच्छन्दतावाद दूरीप्रतिको सम्मोहन हो' । एमिल लेगुई तथा कजामियाले स्वच्छन्दतावादलाई 'परम्परावादी कलाकाविरुद्ध नवोन्मेषकारी सौन्दर्य शास्त्रीय सिद्धान्त' हो भनेका छन् भने वाल्टर पेटरले पनि यसलाई 'बाह्य अद्भूतता र सुन्दरताको भव्य मिश्रण' ठानेका छन् । सम्पूर्ण विद्वान्का परिभाषाले स्वच्छन्दतावादलाई उदार, स्वच्छन्द, सौन्दर्यात्मक, कल्पनाशील, स्वच्छन्द साहित्यिक सिद्धान्तका रूपमा ग्रहण गरेको देखिन्छ ।

## ३.४ स्वच्छन्दतावादको दार्शनिक धरातल

जर्मनेली आत्मवादी दर्शन सौन्दर्यचिन्तन तथा रुसोको मानवतावादी विचारबाट प्रभावित स्वच्छन्दतावाद एक नवीन दृष्टिकोण हो ।[१२] स्वच्छन्दतावादको दार्शनिक धरातल विविध दर्शनबाट प्रभाव र प्रेरणा लिएर निर्माण भएको पाइन्छ । स्वच्छन्दतावादका प्रथम प्रयोक्ताको रूपमा कसैले प्लेटोलाई, कसैले महाकवि गेटेलाई मानेको देखिन्छ ।[१३] यसबाट स्वच्छन्दतावादमा विभिन्न दार्शनिकहरूका दर्शनको छाप परेको कुरा प्रष्ट हुन्छ । खासगरी आत्मपरकता प्रकृतिसौन्दर्य तथा कल्पनाका सम्बन्धमा कान्ट हेगेल, रुसो आदिद्धारा प्रतिपादित मूल्य एवम् मान्यताहरूलाई यसले सैद्धान्तिक अवधारणाका रूपमा ग्रहण गरेको पाइन्छ ।

**रोमान्टिक कल्पना** कृतिका लेखक मोरिस बोराले स्वच्छन्दतवादमा कल्पनालाई महत्त्व दिँदै आत्मतत्त्वलाई स्वीकार गरेका छन् ।[१४] यिनी यान्त्रिक विश्वदृष्टि अस्वीकार गर्दै आत्मवादी दर्शनलाई स्वीकार गर्ने क्रममा साहित्यको अन्तरङ्ग पक्षको

[१२] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ-३९ ।

[१३] ऐजन ।

[१४] ऐजन ।

चित्रणलाई महत्त्व दिन्छन् ।[१५] यस क्रममा आत्मवादी, सौन्दर्यवादी तथा रहस्यवादी चिन्तक इम्यानुअल कान्टको दर्शनबाट स्वच्छन्दवाद प्रभावित रहेको पाइन्छ । उनले कल्पनालाई आत्माको उपज ठान्दै यसलाई निर्माणशील र पुनर्निर्माणशील गरी दुई भागमा बाँडेका छन् जसबाट कलरिज पनि प्रभावित छन् ।[१६] कान्टले सुन्दरतालाई उपयोगितावादबाट अलग्याउँदै अमूर्त तथा शरीर र मनको समन्वित रूप मानेका छन् । हेगेलको आदर्श तथा सौन्दर्यसम्बन्धी चिन्तनबाट पनि स्वच्छन्दतावाद प्रेरित रहेको देखिन्छ ।[१७] उनले आदर्शवादी चिन्तनमा जडचेतनात्मक सृष्टिको मूल तत्त्वका रूपमा विश्वात्मा (युनिभर्सल स्पिरिट) लाई लिँदै द्वन्द्वलाई स्थापना गरेका छन्, ।[१८] यिनले सारतत्त्वलाई पहिल्याउने क्रममा पदार्थ भन्दा मन वा चेतनलाई महत्त्वपूर्ण मानेर परम सत्यलाई आत्मसात् गरेका छन् ।[१९] यसले स्वच्छन्दतावादमा आस्तिकता र आत्मिक आदर्शलाई स्थापित गरेको देखिन्छ । यसपछि युरोपका स्वच्छन्दतावादीहरू कल्पनाका मद्दतले स्वप्नलोक, आदर्श, निमार्णतिर लागेका हुनाले उनीहरूको शैली कल्पनाप्रधान, रहस्यमय, भावुक तथा आत्मपरक हुँदै गएको पाइन्छ ।

स्वच्छन्दतावादमा लनजाइनसको **उदात्तसिद्धान्त**को पनि प्रभाव परेको छ । उदात्तताको अर्थ पाठक वा स्रोतालाई मोहित पार्नु र आल्हादित तथा चमत्कृत भावको प्रस्तुति गर्नु हो ।[२०] उनको विचार साहित्यमा भावना उत्तेजित पार्न सक्ने काल्पनिक गुण हुनुपर्छ भन्ने रहेको छ । उनको यही **उदात्तताको सिद्धान्त**बाट स्वच्छन्दतावादले काल्पनिकता, भावुकता, आवेग, संवेदनशीलता जस्ता प्रवृत्तिहरूलाई ग्रहण गरेको छ ।

---

१५ ऐजन

१६ गणेशराज जोशी, **स्वच्छन्दतावादः परम्परा र प्रवृत्ति,** अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०६१)पृ- २३)

१७ कुमारबहादुर जोशी, पूर्ववत्, पृ-३०

१८ ऐजन, पृ-३२

१९ अभि सुवेदी **पाश्चात्य काव्य सिद्धान्त** (काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३०) पृ- ३३,३५

२० ऐजन, पृ-३५

रुसोको ‘प्रकृतितिर फर्क’ भन्ने विचार एवम् स्वतन्त्रता समानता तथा मानवतावादी चिन्तनबाट स्वच्छन्दतावादले महत्त्वपूर्ण दार्शनिक आधार प्राप्त गरेको छ ।

फ्रान्सेली राज्यक्रान्तिपछि यसले अझ महत्त्व पाएको देखिन्छ । उनले सामाजिक विसङ्गति र सहरी विकृतिबाट बच्न प्रकृतिको आश्रयमा जानुपर्छ भन्ने धारणा राखेका छन् । रुसोका उपर्युक्त विचारहरूबाट स्वच्छन्दतावादले मानवता, विद्रोह, पलायन भ्रातृत्व आदि प्रवृत्तिहरू ग्रहण गरेको पाइन्छ ।

उपर्युक्त दार्शनका अतिरिक्त स्वच्छन्दतावादका दार्शनिक आधारहरूमा साफ्ट्सबरीको **प्रतिभा सिद्धान्त**, ब्रुड र बर्क्सका दार्शनिक मान्यता पनि रहेको पाइन्छ । हर्डरको ‘संरचनात्मक इतिहाससिद्धान्त’ तथा चौस्सको ‘रङ्गमञ्चको अवधारणा□ले पनि यसलाई आधार प्रदान गरेको छ ।

## ३.५ स्वच्छन्दतावादको विकास

स्वच्छन्दतावाद सिद्धान्तका रूपमा नवशास्त्रीयतावाद पछि र यथार्थवाद भन्दा अघि प्रारम्भ भएको हो । यसका प्रारम्भमा प्राचीन समयदेखि विभिन्न दार्शनिक चिन्तनहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्लेटोको आत्मवादी एवम् रहस्यवादी मान्यताबाट स्वच्छन्दतावाद प्रेरित रहेको देखिन्छ । कविले मानवमनमा बढी प्रभाव पारी मान्छेलाई भ्रष्ट बनाउने कारणले उसलाई राज्यबाट निर्वासित गर्नुपर्छ भन्ने राय प्लेटोको रहेको छ । यसपछि लनजाइनसको ‘उदात्तताको सिद्धान्त’, दाँतेको विद्रोही चेतना तथा सरल प्रवाहमय भाषाशैली तथा सिड्नीको सौन्दर्य चेतनाबाट प्रभाव ग्रहण गरी स्वच्छन्दतावादको विकास हुँदै आएको पाइन्छ । अन्य विभिन्न समयमा विभिन्न विद्वान्का स्थापित विचार तथा सिद्धान्तले यसलाई अघि बढाएको देखिन्छ ।

सैद्धान्तिक सचेतताकासाथ स्वच्छन्दतावादको प्रारम्भ सन १७७० मा प्रारम्भ भएको हो ।[२१] लेसिङ्, हर्डर, गेटे, सिलर तथा स्लेगल दाजुभाइले यसलाई अघि बढाएको देखिन्छ । लेसिङले **ल्याकुन** मा कृत्रिमताको विरोध गरी सौदर्न्यपरक, आत्मगत, मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । हर्डरले परिष्कारवादको

[२१] ऐजन पृ-१४० ।

आलोचना गरी हार्दिकता, भावनात्मकता, आत्मपरकतालाई समर्थन गरेका छन् । गेटेले आफूलाई परिष्कारवादी घोषणा गरेपनि उनमा स्वच्छन्दतावादी प्रवृत्ति रहेको पाइन्छ । [२२] उनको 'आँधी र चाप' आन्दोलनले यसको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यसपछि स्लेगलको **ड्यास एथेनम्** प्रकाशित भएपछि जर्मनीमा स्वच्छन्दतावादी आन्दोलन पूर्णरूपमा प्रारम्भ भएको मानिन्छ । [२३]

बेलायतमा स्वच्छन्दतावादको प्रारम्भ सन् १७८९ मा प्रकाशित 'लिरिकल ब्रयालेड' मार्फत भएको हो । सेक्सपियर, मार्लो आदिका रचनामा यसअघि नै यसको प्रयोग भएको पाइन्छ । जर्मनीबाट स्वच्छन्दतावादको प्रारम्भ भएपनि यसको नेतृत्व बेलायती विद्वान्हरूले गरेका छन् । कवि विलियम वर्डस्वर्थले सशक्त भावना वा अनुभूतिहरूको सहज उच्छलनलाई[२४] कविता मानेका छन् । उनले अझ कवितालाई अन्तर्ज्ञानमा आधारित सत्य मानेको र यसको मूलतत्त्व भाव हो भनेको पाइन्छ । कलरिजले साहित्यलाई वैयक्तिक र आत्मपरक ढङगबाट विश्लेषण गरेका छन् । उनका रचनामा रहस्यवाद तथा आस्तिकतासम्बन्धी विचारहरू पाइन्छन् । सेली, किट्स जस्ता कविहरूले बेलायतमा स्वच्छन्दतावादलाई विकास र विस्तार गरेको देखिन्छ ।

भिक्टर ह्युगोको सन् १८३० मा प्रकाशित **कमबेल** को भूमिकाबाट फ्रान्समा स्वच्छन्दतावादको पूर्ण सूत्रपात भएको हो ।[२५] उनले स्वच्छन्दतावाद र परिष्कारवादका बीचमा फरक देखाउँदै स्वच्छन्दतावादलाई प्राकृतिक नियम र प्रतिभाको आत्मपरक अभिव्यक्तिको रूपमा प्रस्तुत गरेको देखिन्छ । यसपछि फ्रान्समा यसलाई म्याडम ड स्ट्याल, स्याटो ब्राँ, जुबेर, स्टेन्धाल आदि लेखकले विस्तार गरेको पाइन्छ ।

स्वच्छन्दतावाद जर्मनी बेलायत र फ्रान्सपछि युरोपभरि नै फैलियो र क्रमशः भारत हुँदै नेपालसम्म यसले प्रभाव पाऱ्यो ।

---

२२ ऐजन पृ-१०९ ।

२३ ऐजन, पृ-१३८।

२४ कुमारबहादुर जोशी, पूर्ववत् पृ-२२ ।

२५ अभि सुवेदी, पूर्ववत् , पृ-१३८ ।

## ३.६ साहित्यमा प्रयोग

प्राचीन संस्कृत साहित्यमा सैद्धान्तिक सचेतता नभए पनि स्वच्छदतावादको प्रयोग भएको पाइन्छ । ऋग्वेदमा देवताका प्रार्थनाहरू बढी भावुक छन् जसले कोमल हृदयको तरल अनुभूतिको सङ्केत गर्छन् ।[२६] समपर्ण, प्रशसा, अतिरञ्जित स्तुति, ईश्वरीय चेतनाको अभिव्यक्तिमा कल्पना, प्रेममय अनुभूतिहरू पाइन्छन ।[२७] निश्छल सहज भावानुभूतिको प्रयोग ऋग्वेदमा पाइने हुनाले यसलाई स्वच्छन्दतावादको आरम्भिक स्रोतका रूपमा लिइन्छ ।[२८] यसपछिका आरण्यक ग्रन्थ, पुराण, उपनिषद्हरूमा पनि स्वच्छन्द्तावादी प्रवृत्तिहरू पाउन सकिन्छ । वाल्मीकिको **रामायण** तथा व्यासकृत **महाभारत** मा प्रकृतिको आत्मपरक वर्णन, स्वतस्फूर्तता लालित्यता जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ । यी कृतिहरूमा राजदरबार नागरिक जीवन, वन, पर्वत, नदी, समुद्र ऋतु आदि वर्णनमा आत्मपरक काल्पनिक अनुभूतिहरूको प्रयोग गरिएको छ ।[२९]

संस्कृत साहित्यमा **रामायण** र **महाभारत** पछि अश्वघोष, कालिदास आदि महाकाव्यकारका कृतिहरूमा पनि प्रकृतिप्रेम, काल्पनिकता, आत्मपरकता रहस्यात्मकता जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ ।

प्राचीन ग्रिसेली साहित्यमा स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ । ग्रिसेली परम्परामा अद्भूत आश्चर्यजनक, सहासिक, प्रेमविरहका लोकगाथा तथा गीतहरूमा स्वच्छन्दतावादी गुणहरू रहेको देखिन्छ । होमरका, **एलियड, ओडेसी** महाकाव्यमा प्रकृतिवर्णन, सहास, प्रणयप्रेम, विद्रोह तथा आस्तिकता जस्ता प्रवृत्तिहरू प्रस्तुत भएको पाइन्छ ।

---

२६ गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा,** तृतीय संस्क. (काठमाडौँः अभिनव प्रकाशन २०५३) पृ-१७

२७ ऐजन ।

२८ ऐजन ।

२९ ऐजन, पृ-६९ ।

मध्ययुगमा आएर असचेत रूपमा स्वच्छन्दतावादको प्रयोग भएको पाइन्छ । यस समयका कवि दाँतेले 'स्वर्गीय सुखान्त' महाकाव्यमा कल्पना, प्रकृतिचित्रण, सौन्दर्य, रहस्य, आस्तिकता जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरूको प्रचुर प्रयोग गरेका छन् ।

पुनर्जागरण कालमा विविध विधाहरूको प्रारम्भ भएको पाइन्छ । यसै क्रममा स्वच्छन्दतावाद पनि शास्त्रीयतावादका विरोधमा लेखिएका निबन्धहरूमार्फत विस्तारै देखा पर्छ । मार्लो, सेक्सपियरका नाटकमा कल्पना, रहस्य, प्रकृतिचित्रण, सौन्दर्य आदि प्रवृत्तिको प्रयोग भएको पाइन्छ । यसपछि देखापरेको रुसोको **कन्फेसन्स**लाई स्वच्छन्दतावादको बीज कृति मानिएको छ ।[३०] भोल्तेयर, दिदेरो जस्ता चिन्तकहरू हेतुवादी भएपनि उनीहरूले स्वच्छन्दतावादको आन्दोलनलाई महत्त्वपूर्ण योगदान दिएका छन् ।[३१] सन् १७९८ मा प्रकाशित वर्डस्वर्थ र कलरिजको *लिरिकल ब्यालेड* बाट स्वच्छन्दतावादको प्रारम्भ भएपनि यसको सन १८०० को संस्करणलाई स्वच्छन्दतावादको घोषणापत्र मानिएको छ ।[३२] यसपछि युरोपका अन्य देशहरूमा, अमेरिका, अफ्रिका, एसियाका प्रायः सबै देशका साहित्यहरूमा स्वच्छन्दतावादको सृजनात्मक प्रयोग भएको देखिन्छ ।

## ३.७ स्वच्छन्दतावादका सैद्धान्तिक मान्यता

कविताको भावपक्षलाई भन्दा त्यसको साजसज्जालाई अतिशय महत्त्व दिने नवशास्त्रीयवादी कविहरूको यान्त्रिकताका विरुद्धमा नयाँ स्वच्छन्द जीवनचेतनालाई महत्त्व दिने साहित्यकारहरूले स्वच्छन्दतावादको प्रारम्भ गरेका हुन् । आन्तरिक अनुभूतिहरूको स्वच्छन्द अभिव्यक्तिका साथ तत्कालीन कविलेखकहरूले यसलाई अघि बढाउँदै लगेपछि यसले नयाँ कविहरूलाई जन्म दिएको पाइन्छ । यसले विभिन्न दार्शनिकहरूका सिद्धान्त र मान्यताहरूलाई आत्मसात् गर्दै आफ्नो छुट्टै पहिचान निर्माण

---

[३०] कुमारबहादुर जोशी पूर्ववत् पृ-१९ ।

[३१] ऐजन, पृ-२० ।

[३२] ऐजन, पृ-२० ।

गर्दै गएको देखिन्छ । यसले नियमबद्धता भन्दा मुक्तता, तर्कभन्दा हार्दिकता, वस्तुपरकता भन्दा आत्मपरकता, आयोजित क्रिया भन्दा स्वतस्फूर्तताको अभिव्यक्ति लाई महत्त्व दिएको पाइन्छ ।[३३] यसका कल्पनाशीलता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, सहजता, आत्मपरकता रहस्यात्मकता तथा मानवतावाद जस्ता विशेषताहरूले अन्य 'वाद' वा साहित्यिक 'धारा' भन्दा पृथक् पहिचान निर्माण गरेको छ । यसका विशेषता वा सैद्धान्तिक मान्यताहरूलाई यथास्थानमा चर्चा गरिएको छ ।

### ३.७.१ कल्पनाशीलता

कल्पना कविलेखकहरूमा सृजनाका लागि आवश्यक तत्त्व मानिन्छ । स्वच्छन्दतावादीहरू यसको अभावमा साहित्यको रचना हुन सक्दैनन् भन्ने ठान्छन् । लेखकलाई पाठकसमक्ष खरो उतार्न कल्पनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले स्वच्छन्दतावादको मुख्य स्रोत नै कल्पना हो ।[३४] उनीहरू अनन्त कामना र सूक्ष्मानुभूति प्रस्तुत गर्न कल्पना को चमत्कारिक प्रयोग गर्छन् । कल्पनामार्फत विगतमा देखेका दृश्यहरूबाट झन् सुन्दर ढङ्गले चित्रण गर्ने हुँदा उनीहरू बढी सफल भएका छन् ।

यसले अलौकिक, अमूर्त वा अदृश्य संसारको स्थापना गर्नका साथै मनलाई प्रकृतिमा आरोप गर्न सक्छ[३५] भन्ने विचार वर्डस्वर्थको रहेको पाइन्छ । त्यस्तै उनले भनेका छन् 'कल्पना अन्तर्दृष्टिमा रहेको अनियन्त्रित शक्तिको नाम हो, जुन शक्तिलाई तर्क एवम् भावहरू ले समन्वित तुल्याएका हुन्छन् ।' उनको विचारमा कविहरूले जीवनजगत् सम्बन्धी घट्ना वा विषयवस्तुलाई यथातथ्य प्रस्तुत नगरी त्यसको काल्पनिक पुनर्निर्माण गर्छन् । नदेखेका घट्नालाई पनि देखेजस्तै बनाउन कल्पना सक्षम हुने उनको तर्क रहेको छ । यस सन्दर्भमा कलरिजको भनाइ छ कल्पना भने त्यो सर्वोच्च स्थिति हो, जसले सामान्य व्यवहार तथा प्रयोगका वस्तुलाई भग्न वा

---

[३३] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ-१७६ ।

[३४] ऐजन ।

[३५] अभि सुवेदी पूर्ववत् पृ-१६८

विकीर्ण गरेर एक जीवन्त शक्तितरङ्ग सञ्चार गरेर अङ्ग सङ्गतिको निर्माण गर्दछ ।[३६] उनले कल्पना पारलौकिक व्यक्ति र वस्तुहरू चित्रण गर्न, मनबाट निःसृत भावमार्फत सत्यको अभास दिन तथा घट्नावलीलाई थाहा पाइपाइ पनि पाठकलाई विश्वास गराउन सक्षम हुन्छ [३७] भनेका छन् । किट्स र सेलीले पनि कल्पनालाई सृजनाका लागि आवश्यक तत्त्व मानेको पाइन्छ । कल्पनाको प्रधानताका कारणले गर्दा स्वच्छन्दतावादीहरू रहस्यवादी तथा ईश्वरवादी भावको प्रस्तुति गर्छन् ।[३८]

नेपाली साहित्यमा कवि देवकोटाले कल्पनालाई आफ्ना कृतिहरूमा चमत्कार पूर्ण प्रयोग गरेका छन् । उनले कल्पना शून्य मान्छे आँखा भएर पनि अन्धो हुने र कल्पनाशील मान्छे आँखा नभएपनि अन्धो नहुने [३९] तथ्य उल्लेख गरेको पाइन्छ । उनका महाकाव्यहरूमा कल्पनाको चामत्कारिक प्रयोग रहेको पाइन्छ ।

### ३.७.२ प्रकृतिचित्रण

स्वच्छन्दतावादको अर्को मान्यता प्रकृतिप्रतिको मोह रहेको छ । यसका लागि स्वच्छन्दतावादीहरू रुसोको प्रकृतितिर फर्क (Back to the nature) भन्ने चिन्तनबाट प्रेरित छन् । उनीहरू सरलता तथा सहजताका उपासक हुनाले प्रकृतिप्रति आत्मीय भाव राख्ने गर्छन् । उनीहरूले प्रकृतिमा मानव र मानवमा प्रकृतिको ऐक्यभावको स्थापना गर्दै प्रकृतिलाई जीवन्त सत्ताका रूपमा स्वीकार गरेको पाइन्छ ।[४०] यिनीहरू प्रकृतिलाई भावोच्छलनको केन्द्रीय प्रक्रियाका रूपमा लिन्छन् । यिनीहरूले प्रकृतिलाई साथी माता, गुरु, प्रेमिका, ईश्वर तथा शिक्षा र सभ्यताको स्रोतका रूपमा लिएको देखिन्छ । कवि वर्डस्वर्थले प्रकृतिले कविमा भावको आविर्भाव गराउने तथा सौन्दर्यलाई

---

[३६] ऐजन पृ- १७३ ।

[३७] ऐजन्- पृ. १७४ ।

[३८] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत, पृ-१७६ ।

[३९] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह**, सत्रौं संस्क. (ललितपुरः साझा प्रकाशन, २०६४) पृ-१०७

[४०] वानीरा गिरी, **कवि गोपाल प्रसाद रिमालका कवितामा स्वच्छन्दतावाद,** विद्यावारिधि शोधग्रन्थ (काठमाडौँ मानविकी तथा सामाजिकशास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालय २०३८) पृ ९२,९३

तीव्रता प्रदान गर्ने शक्तिका रूपमा लिएको पाइन्छ । उनले प्रकृतिलाई नित्य प्रेरणाको स्रोत मान्दै यसको उग्र, शान्त र सुन्दर रूपको प्रयोग गरेको पाइन्छ । कविले प्रकृतिलाई अझ सुन्दर रूपमा प्रस्तुत गर्नका साथै सूक्ष्म रूपमा तटस्थ भावद्वारा निरीक्षण गर्छ भनेर कलरिजको भनाई छ । किट्स र सेलीले प्रकृतिलाई पीडित, दुःखित निराश तथा सन्तप्त मानवलाई सबै तनावबाट मुक्तिदिने साधनका रूपमा चित्रण गरेका छन् । स्वच्छन्दतावादीहरूले प्रकृतिका सूक्ष्म तथा स्थूल दुई स्वरूपको चित्रण गरेको पनि देखिन्छ ।

नेपाली साहित्यमा लेखनाथ पौड्यालले प्रकृतिले लालित्यपूर्ण प्रयोग गरेका छन् भने सोमनाथ सिग्देलले यान्त्रिक र वस्तुपरक प्रकृतिको प्रयोग गरेका छन् । देवकोटाले आत्मपरक प्रकृतिको रमणीय प्रयोग गरेको पाइन्छ । यिनले प्रकृतिलाई सभ्यता, सुन्दरता ज्ञान तथा आनन्दको स्रोतका रूपमा लिएका छन् । यसको प्रयोग उनका **मुनामदन, नेपाली शाकुन्तल** तथा **सुलोचना** लगायतका कृतिमा गरेका छन् ।

### ३.७.३ सौन्दर्यात्मकता

सौन्दर्यात्मकता स्वच्छन्दतावादको महत्त्वपूर्ण विशेषता हो । यसमा यिनीहरूको आकर्षण तथा विशेष लगाव रहेको पाइन्छ । यिनीहरू सौन्दर्यलाई शाश्वत, चिरन्तन तथा सर्वोच्च सत्य मान्ने भएकोले यसलाई महत्त्वका साथ लिने गर्छन् ।[४१] यिनीहरूको दृष्टिमा सौन्दर्य नै सत्य हो र सत्य भन्नु नै सौन्दर्य हो । [४२] कृतिको अवयव सङ्गठन र अनुपातमा रङ्ग, कान्ति, आकारको आकर्षण तथा रूपलाई यिनीहरूले सौन्दर्यका रूपमा प्रस्तुत गरेको पाइन्छ । [४३] उनीहरूमा प्रकृतिले जब प्रभाव पार्दछ तब कल्पनाद्वारा सौन्दर्यानुभूतिको तीव्र अभिव्यक्तिका साथमा उनीहरू सुन्दर कृतिको निर्माण गर्न समर्थ हुन्छन् । यिनीहरू सौन्दर्य प्रकृतिमा निहित ठान्छन् र प्रकृतिका रूप, रस, गन्ध, स्पर्श, ध्वनि जस्ता ऐन्द्रिक अनुभूतिजन्य सौन्दर्यालाई काव्यात्मक स्वरूप

---

४१ मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत, पृ-२८७

४२ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ-१७७।

४३ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-२८७

प्रदान गर्छन । यिनीहरूले झिल्का स्वरूप प्रत्यक्ष सौन्दर्यका आधारमा विराट स्वरूप तथा अप्रत्यक्ष गूढ सौन्दर्यको खोजी कृतिहरूमा गरेको पाइन्छ । [४४] सौन्दर्यको अनुभव गर्न संवेदनशील अनुभूति र इन्द्रियमा ग्रहणशीलता हुनुपर्छ भन्ने यिनीहरूको मत रहेको छ ।[४५] सौन्दर्य चेतनाले नै मानिसलाई पशुभन्दा श्रेष्ठ र कल्पनाशील प्राणी बनाउँछ भन्ने यिनीहरूको धारणा रहेको छ । [४६] वर्डस्वर्थले सौन्दर्यलाई अविनासी तत्त्व मान्दै प्रकृतिमा सौन्दर्य जुनसुकै अवस्थामा रहने तथ्य प्रकट गरेका छन् । उनी प्रकृति र मानवबीचको सौन्दर्यलाई तुलना गर्छन् । कलरिजले सौन्दर्यलाई कविको आनन्दमय क्षणमा उत्पन्न हुने भावहरूको प्रस्तुतिको साधन मानेको पाइन्छ भने सेलीले उच्चतम रहस्यको दर्शन गराउने तत्त्वको रूपमा लिएको पाइन्छ । किट्सले सौन्दर्यलाई सत्य र शक्तिका रूपमा चर्चा गरेका छन् ।

कवि देवकोटाले 'सत् छ सुन्दरै, सुन्दरै छ सत्' भन्दै सत्य नै सुन्दर हो र सुन्दर नै सत्य हो भन्ने धारणा व्यक्त गरेका छन् । उनले निजी अनुभूतिलाई प्रस्तुत गर्ने क्रममा भावसौन्दर्यलाई बढी महत्व दिएको पाइन्छ । यसको उदाहरण उनको **मुनामदन** खण्डकाव्य हो ।

### ३.७.४ आत्मपरकता

आत्मपरकता स्वच्छन्दतावादको महत्त्वपूर्ण प्रवृत्ति हो । यसले स्वको अभिव्यञ्जना गर्ने हुँदा यस काव्यचिन्तनको दृष्टि सामाजिक नभएर व्यक्तिवादी खालको रहेको छ । स्वच्छन्दतावादीहरूको यस काव्यचिन्तनले शास्त्रीयतावादको वस्तुपरकतालाई प्रतिस्थापन गरेको छ । शास्त्रीयतावादमा सत्य वस्तुका साथमा प्रारम्भ भएर वस्तुका साथै अन्त्य हुन्थ्यो तर यिनीहरू वस्तुको सत्यता र स्वरूप त्यसले मन मस्तिष्कमा पारेको प्रभावले निर्धारण गर्ने कुरामा विश्वास गर्छन् । [४७] यिनीहरूको

---

[४४] ऐजन, पृ-२८७

[४५] ऐजन ।

[४६] ऐजन, पृ-२८८

[४७] बानीरा गिरी,  पूर्ववत्, पृ-७४

रचनामा वैयक्तिक इच्छा, आकाङ्क्षा, पीडा, वेदना, तथा विषाद् भावना वा विचारको प्रस्तुति पाइन्छ ।[४८] कुनै वस्तुको उनीहरूमा जुन रूपमा प्रभाव पर्दछ त्यही रूपमा सो वस्तुप्रतिको वैयक्तिक अनुभूतिलाई प्रस्तुत गर्नु नै उनीहरूको आत्मपरकता हो । उनीहरूको यही धारणाले गर्दा वस्तुपरकता भन्दा, आत्मपरकता, बौद्धिकता भन्दा हार्दिकता, बन्धनभन्दा स्वच्छन्दता तथा परिष्कार भन्दा सहज अभिव्यक्तिमा उनीहरू जोड दिन्छन् ।[४९] वर्डस्वर्थले कुनै वस्तु वा घटनाको कोरा वा सामान्य वर्णनलाई अस्वीकार गर्दै त्यसलाई आत्मा वा हृदयको अनुभूतिका आधारमा भव्यचित्रण गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । कलरिज र सेलीले पनि अन्तरअनुभूतिमा जोड दिएका छन् । कलरिजले प्रकृति वा वस्तुको कोरा अनुकरण नगरी त्यसलाई थपघट गरी वास्तविकताभन्दा भव्य पुनसृजन कविले गर्छ भनेका छन् । किट्सले पनि सत्यरूपी सौन्दर्यको दर्शनका लागि आत्मप्रकाशनलाई महत्त्वपूर्ण साधन मानेको पाइन्छ ।

नेपाली साहित्यमा लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ तथा कवि देवकोटाले आत्मपरक अभिव्यक्तिमा जोड दिएको पाइन्छ । कवि देवकोटामा आत्मपरकता प्रबलरूपमा रहेको देखिन्छ । उनले सन्ध्यालाई परीका रूपमा, भिखारीलाई ईश्वरका रूपमा तथा गरिबलाई समृद्ध व्यक्तिका रूपमा चित्रण गरेका पाइन्छ । यही दृष्टिकोण नै उनको आत्मगत दृष्टिकोण हो । यो प्रवृत्ति उनका कृतिहरूमा प्रचुर रूपमा व्यक्त भएको पाइन्छ ।

### ३.७.५ सरलता तथा सहजता

सरलता स्वच्छन्दतावादीहरूको महत्त्वपूर्ण प्रवृत्ति हो । काव्यमा वस्तु तथा शिल्प दुबैमा उन्मुक्त, स्वच्छन्द स्वतस्फूर्त अभिव्यक्तिलाई यिनीहरूले दिएका महत्त्वका कारण स्वच्छन्दतावाद सरल रहेको हुन्छ ।[५०] शास्त्रीयतावादीहरूको आयोजित आडम्बरपूर्ण तथा क्लिष्ट साहित्य सृजनाको विकल्पमा स्वच्छन्दतावादीहरूले सरल तथा सहज

---

[४८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-२८६ ।

[४९] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ-१७५-१७६ ।

[५०] ऐजन, पृ-१७८ ।

अभिव्यक्तिमा जोड दिएको पाइन्छ । साहित्यको उद्देश्य पाठकसमक्ष भाव तथा विचारको सम्प्रेषण हो भने त्यो क्लिष्टतामार्फत नभएर सरलतामार्फत सम्भव छ भन्ने यिनीहरूको मत रहेको छ । [५१] यसैले यिनीहरूका सृजना सरल तथा सहज हुन्छन् । यसले सरल र प्राकृतिक जीवनको क्रममा सबै प्रकारका प्रयास साजसज्जा यान्त्रिकता, छन्दालङ्कारको कृत्रिम प्रयोग, शास्त्रीयताको अतिशय आग्रहलाई अस्वीकार गर्दछ । [५२] स्वच्छन्दतावादीहरूले विवेक र बुद्धिको अतिशय प्रयोगबाट साहित्यलाई मुक्त गराएका हुन् ।

नेपाली साहित्यमा लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, बालकृष्ण सम जस्ता कविहरूले काव्यमा स्थापित गरेको शास्त्रीयताको क्लिष्टतालाई कवि देवकोटाले सरलतामार्फत विस्थापित गरेको पाइन्छ । उनले कृत्रिम आडम्बरपूर्ण भाषाशैलीको सट्टा सरल सहज जनसाधारणको भाषामा काव्य सृजना गरेका छन् । यही सरलताको प्रयोगले **मुनामदन** बहुचर्चित भएको हो ।

### ३.७.६ मानवतावाद

मानवतावाद स्वच्छन्तावादको एक महत्त्वपूर्ण प्रवृत्तिका रूपमा रहेको छ । रुसोको मानवता स्वतन्त्रता र भातृत्व सम्बन्धी विचारका प्रभावस्वरूप स्वच्छन्दतावादमा मानवतावादी वैचारिक दृष्टिकोण विकसित भएको हो । [५३] यिनले मानवीय गौरव र गरिमाको प्रतिष्ठा स्थापित गर्दै मानिसलाई मानिसका रूपमा हेर्ने मान्यता प्रस्तुत गरेपछि यसको प्रभाव स्वच्छन्दतावादमा परेको देखिन्छ ।[५४] यिनीहरूले पीडित दीनहीन मान्छेप्रति सहानुभूति व्यक्त गर्दै उनीहरूलाई मानवोचित व्यवहार गर्नुपर्ने धारणा व्यक्त गरेको पाइन्छ । यिनीहरू मानवकल्याणका लागि जस्तोसुकै

---

५१ वानीरा गिरी, पूर्ववत् पृ-६२

५२ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-२८८

५३ ऐजन, पृ-२८९ ।

५४ ऐजन ।

सङ्घर्ष गर्न तयार हुन्छन् ।[५५] यिनीहरू स्वर्गलाई भन्दा धर्तीलाई आत्मीय ठान्छन् र मानवलाई ईश्वरको प्रतिरूप सम्झन्छन् ।[५६] वर्डवर्स्थले घाँस काट्ने गोठाल्नीका बारेमा कलम चलाउनु, बाइरनले अन्यायका विरुद्धमा ढुङ्गालाई पनि सचेत बनाउनु, देवकोटाले भिखारी, गरिब, गोठाल्नी, किसान आदि तल्ला वर्गका पात्रहरूको चित्रण गर्नु नै मानवतावाद हो ।

### ३.७.७ विद्रोहात्मकता

विद्रोह पनि स्वच्छन्दतावादको एक प्रवृत्ति हो । स्वच्छन्दतावाद फ्रान्सेली राज्यक्रान्तिको सशक्त विद्रोहबाट प्रेरित भएर तथा परिष्कारवादको विरुद्धमा जन्मेको हुँदा यसमा विद्रोही प्रवृत्ति रहेको पाइन्छ । तत्कालीन युरोपमा भएको राजनैतिक धार्मिक, आर्थिक विद्रोहका कारण स्वच्छन्दतावाद एक नवीन चिन्तन धाराका रूपमा देखापरेको हो ।[५७] परिष्कारवादको कठोर नियमलाई पालना नगर्नु स्वयं यसको विद्रोह हो । यिनीहरू समाजका अन्याय, विसङ्गति तथाा अन्धपरम्पराको विरोध गर्दै स्वाधीनताको वकालत गर्छन् । यो काव्यप्रवृत्ति वाइरन र सेलीले तीव्ररूपमा अभिव्यक्त गरेको पाइन्छ ।

नेपाली स्वच्छन्दतावादी कविहरू गोपालप्रसाद रिमाल, अगमसिंह गिरी केदारमान व्यथित, तथा देवकोटामा तीव्र विद्रोहात्मकता रहेको पाइन्छ । देवकोटाले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, विषमता तथा अन्धपरम्पराको तीव्र विरोध गरेका छन् । उनका **प्रमिथस, पहाडी पुकार** तथा **पागल** काव्य कृतिहरूमा तीव्र विद्रोहात्मकता पाइन्छ ।

### ३.७.८ पलायन तथा अतीतोन्मुखता

पलायन तथा अतीतोन्मुखता स्वच्छन्दतावादी प्रवृत्तिहरू हुन् । जीवनका विसङ्गति, वाधा, अड्चनसँग जुधी त्यसलाई पराजित गर्नको साटो तिनलाई कल्पना र

---

५५ वानीरा गिरी, पूर्ववत् पृ-८२ ।

५६ ऐजन ।

५७ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-२८६ ।

स्वप्नीलताका माध्यमद्वारा प्राप्त गर्ने प्रवृत्ति नै पलायनवाद हो । वर्तमान यथार्थ जीवन जगत्‌बाट पलायनकै कारणले उनीहरू ज्ञातभन्दा अज्ञाततिर, अतीत र भविष्य लोकको परिकल्पना गर्न पुग्छन् ।[५८]

स्वच्छन्दतावादीहरूको प्राचीन आदर्शप्रति मोह रहेको पाइन्छ । उनीहरू प्राचीन पौराणिक ऐतिहासिक प्रसङ्गलाई लिएर वर्तमानमा आधुनिक दृष्टिकोण प्रस्तुत गर्छन् । कवि देवकोटामा यी दुवै प्रवृत्तिहरू पाउन सकिन्छ । उनको **सुलोचना**मा पलायन तथा **नेपाली शाकुन्तल**मा अतीतोन्मुखी प्रवृत्ति रहेको पाइन्छ ।

### ३.७.९ रहस्यात्मकता

रहस्य स्वच्छन्दतावादको महत्त्वपूर्ण प्रवृत्ति हो । आन्तरिक अनुभूतिका आधारमा जुन तत्त्वले सत्य, परमसत्ता तथा ईश्वरको दर्शन गराउँछ त्यसलाई रहस्यवाद भनिन्छ । सूक्ष्म काल्पनिक अनुभूतिद्वारा गूढ रहस्य र पारलौकिक संसारको अनावरण गर्ने प्रवृत्तिले यिनीहरूलाई रहस्यवादी बनाएको देखिन्छ । यिनीहरू अदृश्य तथा अमूर्त र संसारको वैभवपूर्ण सौन्दर्यबाट प्रेरित हुनाले रहस्यलाई आफ्ना कृतिमा अभिव्यक्त गर्ने गर्छन् ।

### ३.७.१० अलङ्कार प्रतीक

अलङ्कार तथा प्रतीक काव्यको महत्व र सौन्दर्यलाई उच्च बनाउने तत्त्वहरू हुन् । शब्द र अर्थको माध्यमद्वारा काव्यको उपकार गर्ने हार आदि आभूषण समान रहेका अनुप्रास उपमा आदिलाई अलङ्कार भनिन्छ । यिनीहरूले काव्यको गरिमा बढाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रतीक भन्नाले वर्तमान सन्दर्भमा कुनै चिजलाई प्रतिनिधित्व गर्ने कुनै वस्तुलाई जनाउँछ ।[५९] यो दृश्य संसार तथा पदार्थ, अदृश्य संसार तथा पदार्थका प्रतीक हुन भन्ने प्रतीकवादी विद्वान्‌हरूको मान्यतावाट प्रेरित स्वच्छन्दतावादी कविहरूले यसको प्रचुर प्रयोग गरेको पाइन्छ । यसै क्रममा कवि

---

५८ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ-१७८ ।

५९ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-३१६

वर्डस्र्थले प्रकृति र मानवलाई ईश्वरको प्रतीक मानेका छन् भने किट्सले प्रकृतिलाई सौन्दर्यको प्रतीक मानेका छन् ।

नेपाली साहित्यमा प्रतीकको प्रयोग गोपालप्रसाद रिमाल, केदारमान व्यथित तथा देवकोटाले गरेको पाइन्छ । देवकोटाले पनि प्रकृतिलाई सौन्दर्य, सत्य आनन्द ज्ञान तथा सभ्यताको प्रतीकको रूपमा चित्रण गरेका छन् ।

### ३.८ नेपाली साहित्यमा स्वच्छन्दतावादको प्रयोग

नेपाली साहित्यमा स्वच्छन्दतावादको औपचारिक प्रयोग कविता विधामार्फत प्रथमपटक कवि देवकोटाले १९९१ सालमा प्रकाशित 'पूर्णिमाको जलधी' शीर्षकको कवितामार्फत गरेका हुन् । नेपाली साहित्यमा प्रारम्भ भएको स्वच्छदतावादसँगै आधुनिकताको पनि प्रारम्भ भएको मानिन्छ । स्वच्छन्दतावादी प्रवृत्तिहरू यसअघि असचेत रूपमा भएपनि प्राथमिककालीन साहित्यमा देखापरिसकेको छ । यसकालका वीर, भक्तिधारा कृतिहरूमा, शासक तथा ईश्वरप्रति गरिने स्तुतिहरू एवम् वीरहरूको प्रशंसामा स्वच्छन्द, भावुक रोमाञ्चक कौतूहलपूर्ण कल्पना तथा अनुभूतिहरूको प्रयोग भएको पाइन्छ । संस्कृतबाट अनूदित यस कालका कृतिहरूमा सामाजिक विसङ्गतिप्रति विद्रोह, प्रकृतिप्रेम, देशप्रेम, नैतिकता आदर्श जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू पनि पाइन्छन् । यसकालका निगुर्णभक्ति धाराका कृतिहरूमा विद्रोही तथा मानवतावादी विचारहरू तीव्र रूपमा प्रकट भएको देखिन्छ ।

माध्यमिककालीन शृङ्गारिक धाराका कृतिहरूमा प्रणयप्रेमका वैयक्तिक, अनुभूतिका साथै सहास, नैतिकता, अद्भूत, एवम् अतिशय कल्पना आदिको प्रयोग पाइन्छ । अङ्ग्रेजहरूसँग सम्बन्ध स्थापित गरेर नेपाली जनतालाई शोषण गरिरहने तत्कालीन शासकहरूको नीतिविरुद्ध विद्रोह गरी स्वतन्त्रता समानता तथा मानवताका पक्षमा यसकालका कृतिहरूले आवाज उठाएको देखिन्छ । [६०] यस कालका

[६०] कृष्णहरि बराल र नेत्र एटम्, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (ललितपुरः साझा प्रकाशन २०५८) पृ-७८ ।

आख्यानहरूमा रोमाञ्चक, जादुगरी तथा अलौकिक कल्पना तथा रहस्यको पनि प्रयोग गरिएको पाइन्छ ।[६१]

नेपाली साहित्यको प्राथमिक तथा माध्यमिक कालमा असचेतरूपमा स्वच्छन्दतावादको प्रयोग भएतापनि यसको औपचारिक प्रयोग आधुनिककालमा आएर भएको हो । भावुकता, कल्पनाशीलता, प्रकृतिप्रेम, मानवतावाद रहस्यात्मकता सौन्दर्य जस्ता विशेषताका साथ स्थापित स्वच्छन्दतावादलाई[६२] देवकोटा, रिमाल, सिद्धिचरण श्रेष्ठ अगमसिंह गिरी लगायतका कविहरूले नेपाली कवितासाहित्यमा विकास र विस्तार गरेको पाइन्छ । यिनीहरूले समाजका प्रत्येक विसङ्गतिहरूको विरोध गर्दै स्वतन्त्रता र समानताका लागि क्रान्तिको उद्घोष गरेका छन् । यसकालका स्वच्छन्दतावादका प्रतिनिधि कृतिहरूमा देवकोटाका, **मुनामदन**, **नेपाली शाकुन्तल**, **प्रमिथस** आदि रिमालको **आमाको सपना** माधवप्रसाद घिमिरेको **गौरी** सिद्धिचरण श्रेष्ठको **उर्वशी** आदि रहेको पाइन्छ ।

नेपाली आख्यानमा स्वच्छन्दतावादका प्रथम प्रयोक्ता रूपनायाणसिंह हुन् । उनले आख्यानमा **भ्रमर** (१९९३) र **अन्नपूर्णा**बाट स्वच्छन्दतावादलाई स्थापित गरेका हुन् । यसपछि स्वच्छन्दतावाद नेपाली साहित्यमा महत्त्वपूर्ण साहित्यिक धाराको रूपमा देखापरेको हो । नेपाली आख्यानका फाँटमा स्वच्छन्दतावाद अतिशय भावुकता, प्रेम सौन्दर्य, अद्भुत संयोग, सहासिक कार्य, कल्पना, आलङ्कारिक भाषा आदि प्रवृत्तिका साथ देखापरेको हो ।[६३] यसै कित्तामा उपन्यास तथा कथा सृजना गर्ने अन्य लेखकहरूमा अच्छा राई 'रसिक', शिवकुमार राई ,भवानी भिक्षु आदि रहेका छन् ।[६४]

---

६१ ऐजन, ७९ ।

६२ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ-२९३ ।

६३ ऐजन, ।

६४ ऐजन ।

परिष्कारवादी कठोर नियमका बन्धनहरूलाई अस्वीकार गर्दै स्थापित स्वच्छन्दतावादी युगमा नेपाली साहित्यको प्रचुर विकास भएको पाइन्छ ।[६५] गुणात्मक र संख्यात्मक योगदानका सन्दर्भमा समग्र नेपाली साहित्यलेखन भन्दा उच्च रहेको हुँदा स्वच्छन्दतावादी युगलाई नेपाली साहित्यको 'स्वर्णयुग' मानिन्छ ।

६५ ऐजन ।

# परिच्छेद – चार

## 'भिखारी' कवितासङ्ग्रहका कविताहरूको परिचय

### ४.१ 'भिखारी' कवितासङ्ग्रहको परिचय

**भिखारी** कवितासङ्ग्रह १९९१ सालदेखि १९९८ सालसम्म *शारदा, उदय* र *उद्योग* पत्रिकामा प्रकाशित कवि देवकोटाको प्रारम्भकालीन फुटकर कविताहरूको सङ्ग्रह हो । यसलाई नेपाल भाषा प्रकाशिनी समितिले प्रथमपटक २०१० सालमा प्रकाशित गरेको हो । नेपाली कवितासाहित्यमा लेखनाथ पौड्याल, बालकृष्ण सम लगायतका कविहरूले नेतृत्व गरेको परिष्कारवादी प्रवृत्तिका विपरीत स्वच्छन्दतावादी नवमान्यताका साथ प्रस्तुत गरिएको यस सङ्ग्रहमा समसामयिक युगको प्रतिबिम्ब रहेको पाइन्छ । यसै सङ्ग्रहका कवितामार्फत नेपाली कवितासाहित्य परिष्कारावादी धाराको मूलप्रवाह अन्त्य भई स्वच्छन्दतावादको प्रारम्भ भएको हो । यस सङ्ग्रहमा मात्रिक छन्दका १२ र वर्णमात्रिक छन्दका १० गरी जम्मा २२ वटा कविताहरू रहेका छन् । यिनीहरूमा बिम्ब  अलङ्कार तथा प्रतीकहरूको सहज तथा स्वभाविक प्रयोग गरिएको छ । कोमल सुबोध भाषिक विन्यास, अन्तर तथा अन्त्यानुप्रासको उचित प्रयोग गरिएको पाइन्छ । आयामका दृष्टिले यसमा ८० (घाँसी) पङ्क्ति देखि १२ ( बादल) पङ्क्तिसम्मका लघु आयामका कविताहरू रहेका छन् । विषयवस्तुगत दृष्टिले यस सङ्ग्रहमा प्रकृतिचित्रण, कल्पना, सौन्दर्य, आत्मपरकता, मानवता, रहस्य, आस्तिकता, स्थानीयता, आदर्श-नैतिकता, पलायन तथा निराशावाद वीरता, सहास स्वतन्त्रता, देशप्रेम, अनन्तकामना, औपदेशिकता सङ्गीतात्मकता, भावुकता, आस्तिकता तथा कर्मवादी चिन्तन लगायतका स्वच्छन्दतावादी प्रवृत्तिहरू प्रस्तुत भएका छन् ।

वि.सं. २०१० मा प्रकाशित **भिखारी** कवितासङ्ग्रहका कविताहरू १९९१ सालदेखि १९९८ सालभित्रका विभिन्न समयमा *शारदा, उदय* र *उद्योग* पत्रिकामा छापिएको देखिन्छ । *उदय* र *उद्योग* पत्रिकामा एक एक वटा बाहेकका अन्य २० वटा कविताहरू **शारदा** पत्रिकामा प्रथमपटक प्रकाशित भएका हुन् । उपर्युक्त तीन

पत्रिकाहरूमा विभिन्न समयमा छापिएका २२ वटा कविताहरूको प्रकाशन क्रमलाई निम्नलिखित रूपमा प्रस्तुत गरिन्छ :-

| क.सं. | कविता | प्रकाशन वर्ष | महिना | पत्रिका | वर्ष | अङ्क |
|---|---|---|---|---|---|---|
| १ | गरीब | १९९१ साल | फागुन | शारदा | १ | १ |
| २ | तिनको घँसिया गीत | १९९२ साल | भदौ | शारदा | १ | ७ |
| ३ | झरना | १९९२ | कात्तिक | उद्योग | १ | ५/७ |
| ४ | सम्झना | १९९३ | जेठ | शारदा | २ | ४ |
| ५ | वृक्ष | १९९३ | साउन | शारदा | २ | ५ |
| ६ | किसान | १९९५ | वैशाख | शारदा | ४ | २ |
| ७ | बालककाल | १९९५ | जेठ | शारदा | ४ | ३ |
| ८ | जिन्दगीको मौसम | १९९५ | साउन | उदय | १ | ७ |
| ९ | घाँसी | १९९५ | भदौ/असोज | शारदा | ४ | ६/७ |
| १० | जीवन | १९९६ | जेठ | शारदा | ५ | २ |
| ११ | सन्ध्या | १९९६ | साउन | शारदा | ५ | ४ |
| १२ | जीवनवन | १९९६ | भदौ | शारदा | ५ | ५ |
| १३ | अन्त्यमा | १९९६ | कात्तिक | शारदा | ५ | ७ |
| १४ | प्रश्नोत्तर | १९९६ | मंसिर | शारदा | ५ | ८ |
| १५ | वसन्त | १९९६ | फागुन | शारदा | ५ | ११ |
| १६ | चारु | १९९७ | वैशाख | शारदा | ६ | १ |
| १७ | आफ्नो घर | १९९७ | जेठ | शारदा | ६ | २ |
| १८ | वन | १९९७ | भदौ | शारदा | ६ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | भिखारी | १९९७ | असोज | शारदा | ६ | ६ |
| २० | बादल | १९९७ | कात्तिक | शारदा | ६ | ७ |
| २१ | यात्री | १९९८ | जेठ | शारदा | ७ | २ |
| २२ | माली | १९९८ | चैत | शारदा | ७ | १२ |

उपर्युक्त कविताहरूलाई ने.भा.प्र.स बाट प्रथमपटक **भिखारी** कवितासङ्ग्रहका रूपमा प्रकाशन गर्दा निम्नलिखित क्रममा छापिएको पाइन्छ :-

विषयसूची


| क.सं. | कविता | पृष्ठ |
|---|---|---|
| १ | भिखारी | १ |
| २ | बादल | ५ |
| ३ | तिनको घाँसिया गीत | ६ |
| ४ | माली | ९ |
| ५ | सन्ध्या | ११ |
| ६ | सम्झना | १४ |
| ७ | यात्री | १५ |
| ८ | वन | १८ |
| ९ | प्रश्नोत्तर | २० |
| १० | आफ्नो घर | २१ |
| ११ | जीवन वन | २२ |
| १२ | बालककाल | २३ |
| १३ | वृक्ष | २६ |

| | | |
|---|---|---|
| १४ | गरीब | २९ |
| १५ | किसान | ३२ |
| १६ | चारु | ३६ |
| १७ | वसन्त | ३८ |
| १८ | जीवन | ४० |
| १९ | अन्त्यमा | ४१ |
| २० | जिन्दगीको मौसम | ४२ |
| २१ | झरना | ४३ |
| २२ | घाँसी | ४४ |

**भिखारी** कवितासङ्ग्रहको प्रकाशन २०६० सालसम्ममा जम्मा अठार पटक भइसकेको छ । *शारदा उदय* र *उद्योग* पत्रिबाट **भिखारी** कवितासङ्ग्रह २०१० र २०१० देखि २०६० सालसम्म छापिँदा प्रशस्त पाठभेद रहेको पाइन्छ । **'भिखारी'** कवितासङ्ग्रहका कविताहरूको पाठभेदको निरुपण गर्न यस अघि नै रुद्रबहादुर बुढाथोकीले **भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठ निर्धारण'** शीर्षकको शोधकार्य सम्पन्न गरिसकेका छन् ।[1] यहाँ **भिखारी** कवितासङ्ग्रहमा स्वच्छन्दतावादको अध्ययन विश्लेषण गर्नका लागि २०६० सालमा प्रकाशित **भिखारी** कवितासङ्ग्रहको अठारौं संस्करणलाई प्रयोग गरिएको छ । यस संस्करणलाई कतिपय गलत पाठहरूको पहिचान गर्दै शुद्धीकरणका साथ प्रकाशन गर्ने प्रयास गरिएको छ । यस संस्करणमा कविताहरूको क्रमलाई निम्नबमोजिम राखिएको छः-

| क.सं | कविता | पृष्ठ |
|---|---|---|
| १ | भिखारी | १ |

१ रुद्रबहादुर बुढाथोकी, **भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठ निर्धारण,** स्नातकोत्तर, अप्रकाशित शोधग्रन्थ, (काठमाडौं: मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालय, २०६१) ।

| | | |
|---|---|---|
| २ | बादल | ५ |
| ३ | तिनको घाँसिया गीत | ७ |
| ४ | माली | १० |
| ५ | सन्ध्या | १२ |
| ६ | सम्झना | १५ |
| ७ | यात्री | १७ |
| ८ | वन | २० |
| ९ | प्रश्नोत्तर | २२ |
| १० | आफ्नो घर | २३ |
| ११ | जीवन वन | २५ |
| १२ | बालककाल | २६ |
| १३ | वृक्ष | २८ |
| १४ | गरीब | ३१ |
| १५ | किसान | ३५ |
| १६ | चारु | ३९ |
| १७ | वसन्त | ४२ |
| १८ | जीवन | ४४ |
| १९ | अन्त्यमा | ४६ |
| २० | जिन्दगीको मौसम | ४७ |
| २१ | झरना | ४८ |
| २२ | घाँसी | ४९ |

कवि देवकोटाको **भिखारी** कवितासङ्ग्रहमा सङ्कलित उपर्युक्त २२ वटा कविताहरूको पठनलाई यथास्थान चर्चा गरिएको छ । जसमा विषयगत र शिल्पगत प्रवृत्तिलाई सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ४.२ भिखारी कवितासङ्ग्रहका कविताहरूको परिचय

### ४.२.१ 'भिखारी'

वि.सं. १९९७ को शारदा (६.६) पत्रिकामा प्रकाशित 'भिखारी' कवितामा कवि देवाकोटाले वृद्ध एवम् अशक्त भिखारीको अन्तरव्यथालाई करुणामय एवम् हृदयस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् । यस कवितामा करुण भावको माध्यमबाट भिखारीप्रति सहानुभूति जगाउने मानवतावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । भिखारीको करुण अवस्था र उसको महत्त्व नै यसको मूल विषय रहेको छ । नौ श्लोकमा सीमित यस कविताको पहिलो, दोस्रो, तेस्रो श्लोकमा झुत्रा, चिथरा लुगा लगाएको, झल्लर, झोला बोकेर आँसु झार्दै एक भिखारी चामल माग्न आँगनमा आएको प्रसङ्ग उल्लेख छ । साथै उसमाथिको प्रकृतिको निरन्तर प्रहारले करुण अवस्था निम्त्याएको प्रसङ्ग पनि प्रस्तुत गरिएको छ । भिखारी लट्ठीको सहारामा स्वाँ स्वाँ गर्दै बाँच्नका लागि आँगनमा एक मुठी चामलको पुकारा गरेको मार्मीक घट्ना चौथोदेखि छैटौं श्लोकसम्ममा प्रस्तुत रहेको छ । यिनै श्लोकमा ऊ कसैको सन्तान, बाबु आदि हो भन्दै उसको महत्त्वलाई माथि उठाउन खोजिएको छ । अन्तिमका तीन श्लोकहरूमा भिखारीले बुद्धलाई दयासागर बनाएको, बलिराजाको घमण्ड तोडेर ज्ञानी बनाएको प्रसङ्ग उल्लेख गर्दै ऊ ईश्वर नै हो, जो मानवमनमा करुणा जगाउन पृथ्वीमा आएको रहस्यलाई उद्घाटन गरिएको छ । सबै दुःखीहरूको आर्तनादमा ईश्वर बस्ने तथ्यलाई पनि प्रस्तुत गरेको पाइन्छ ।

विषममात्रिक छन्दमा असमान पङ्क्तिका नौ श्लोक 'भिखारी' कवितामा रहेका छन् । गेयगुणको अधिकता रहेको यसमा बिम्बालङ्कारको सहज प्रयोगका साथै सरल भाषाशैलीमा कोमलकान्तिमय पद पदावलीको प्रयोग गरिएको छ । भिखारीको करुण अवस्थालाई तीव्रता दिने क्रममा झुत्रा, चिथरा, झल्लर जस्ता ठेट शब्द तथा

चरक्क, स्वाँ-स्वाँ, थुरथुर जस्ता अनुकरणात्मक शब्दहरूको पनि यसमा प्रयोग गरिएको पाइन्छ । तद्भव बहुल सरल भाषाशैलीको प्रयोग यसमा रहेको छ ।

भिखारीको करुण अवस्थालाई प्रस्तुत गर्ने क्रममा यसमा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्ति रहेको पाइन्छ :-

| | | |
|---|---|---|
| क.मानवतावाद | ख. सौन्दर्यात्मकता | ग. रहस्यात्मकता |
| घ. सङ्गीतात्मकता | ङ. आस्तिकता | च. सरलता तथा सहजता |
| छ. आत्मपरकता | ज. अलङ्कार प्रतीक प्रयोग | झ. काल्पनिकता |

### ४.२.२ बादल

वि.सं. १९९७ को *शारदा* (६:७) पत्रिकामा प्रकाशित 'बादल' कवितामा देवकोटाले प्रकृतिको मानवीकरण गर्दै कल्पनाशील वैयक्तिक भावानुभूतिहरू प्रस्तुत गरेका छन् । बादल स्वयं 'म' भएर उपस्थित यस कवितामा पानी तातेर बाफ हुने, त्यसबाट बादल बन्ने, बादल चिसिएर बर्षा हुने भूगोल र विज्ञानका यथार्थहरूलाई मूल विषयका रूपमा लिइएको छ । तीन श्लोकमा संरचित यस कविताको प्रथम श्लोकमा गृष्म ऋृतुको समयमा पानीका छालमा सूर्यका किरणहरू पर्दा आफ्नो जन्म भएकाले आफू पानीको सन्तान भएको बादलको आत्मस्वीकृति प्रस्तुत गरिएको छ । बादल किरणको सिँढी चढेर आकाशमा पुगेको र सम्पूर्ण जगत्को दर्शन गरेको वर्णन दोस्रो श्लोकमा रहेको छ । तेस्रो श्लोकमा पनि प्रकृतिको भव्य चित्रण गर्दै कविले बादलले पृथ्वीको दिव्यप्रदर्शनीको अवलोकन गरेको स्वच्छन्द एवम् आत्मपरक भाव प्रस्तुत गरेको पाइन्छ ।

कविनिबद्धवक्तप्रौढोक्ति कथन ढाँचामा संरचित 'बादल' कवितामा शार्दूलविक्रीडित छन्दका तीन श्लोक रहेका छन् । 'बादल'मा लालित्यपूर्ण झर्रो, तत्सम, तद्भव आगन्तुक सबै प्रकारका शब्दसंयोजनमा सरल तथा कोमल भाषाशैलीको प्रयोग रहेको छ । अन्त्यानुप्रासको आयोजना नभएपनि आन्तरिक अनुप्रासले कविता सङ्गीतात्मक रहेको छ ।

प्रवाहमय भावाभिव्यक्तिका क्रममा 'बादल' कवितामा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ -

क. प्रकृतिचित्रण ख. काल्पनिकता ग. सौन्दर्यात्मकता

घ. सङ्गीतात्मकता ङ. आत्मपरकता च. स्वतःस्फूर्तता

### ४.२.३ तिनको घासिया गीत

वि.सं. १९९२ को शारदा (१:७) पत्रिकामा प्रकाशित 'तिनको घँसिया गीत' कवितामा सुन्दरीजलको सुन्दर तथा एकान्त ठाउँमा घाँस काट्ने गोठाल्नीको सौन्दर्य र स्थानीय प्रकृतिबीचको सौन्दर्यभावमा एकात्मकता स्थापित गरिएको छ । यसको मूलविषय प्राकृतिक सौन्दर्य र मानव सौन्दर्य रहेको छ । तीन श्लोकमा सीमित यस कविताको प्रथम श्लोकमा सुन्दरीजलको मखमली घाँस भएको सुन्दर एवम् एकान्त ठाउँमा चराहरू चिरबिराइरहेको काल्पनिक भावको प्रस्तुति गरिएको छ । सुन्दरीजलको त्यो मनोरम एवम् सुरम्य वातावरणमा ठूला आँखा भएकी चन्द्रमा झैँ सुन्दर एक युवतीले गीत गाउँदै घाँसकाटेको वर्णन पनि यसै श्लोकमा रहेको छ । यसमा कविले प्रकृति र मानवसौन्दर्यका बीचमा तादात्म्य भावको प्रस्तुति गरेका छन् । दोस्रो श्लोकमा कविले प्रकृतिका सूर्य, चन्द्रमा, बादल, फूल आदिसँग युवतीका प्रत्येक अङ्गको तुलना गरी उनी धर्तीपुत्री हुन भन्दै उनले गाएको गीत विश्वसङ्गीत रहेको तथ्य प्रकट गरेका छन् । तेस्रो श्लोकमा प्रकृतिको दिव्यसौन्दर्यको जीवन्त चित्रण गरिएको पाइन्छ । कविले ती घँसिनी युवतीलाई अहिले सम्झँदा पनि असीम सौन्दर्यको ढोका खुल्ने तथ्य प्रस्तुत गरेका छन् ।

मात्रा छन्दका तीन श्लोकमा संरचित प्रस्तुत कवितामा तत्सम, तद्भव तथा आगन्तुक सबै स्रोतका शब्दहरूको संयोजन गरिएको छ । आन्तरिक तथा अन्त्यानुप्रास उपमा, रूपकालङ्कार, चलमल, चमचम, झिलमिल जस्ता अनुकरणात्मक शब्दहरूको आयोजनाले कवितामा साङ्गीतिक मधुरता उच्च रहेको पाइन्छ । कोमल, पद पदावली तथा प्रवाहमय भाषाशैलीका कारण कविता सरल र सरस रहेको छ ।

प्राकृतिक सौन्दर्यको चित्रणका क्रममा 'बादल' कवितामा निम्नलिखित स्वच्छन्दातावादी प्रवृत्तिहरू प्रस्तुत भएका छन्:-

क. प्रकृतिचित्रण	ख. काल्पनिकता	ग. सौन्दर्यत्मकता	घ. आत्मपरकता

ङ.स्थानीयता	च. ऐकान्तिकता	छ. सङ्गीतात्मकता	ज. सरलता

झ. ग्रामीण जीवनप्रतिको मोह

### ४.२.४ माली

वि.सं. १९९७ को शारदा (७:१२) पत्रिकामा प्रकाशित 'माली' कवितामा कविले प्रतीकात्मक रूपमा आफूलाई हृदयको बगैँचामा कल्पनामार्फत भावनाका फूल फुलाउने मालीका रूपमा प्रस्तुत गरेका छन् । हृदयको बगैँचामा दुःखरूपी काँढा भएपनि तिनैबाट सुगन्धित फूलहरू फुल्छन् भन्ने कविको दृष्टिकोण रहेको पाइन्छ । मालीले बगैँचामा झैं कविले हृदयमा सुन्दर कविताफूल फुलाएर सुवास छर्ने कामना नै 'माली'को विषय रहेको छ । सात श्लोकको यस कविताका सुरुका दुई श्लोकमा बीउले बारी सजाउने त्यसलाई हृदयले भिजाउँदै त्यसबाट कोमल फूल फुलाएर जीवनमा सुगन्ध भर्ने कर्मवादी चिन्तन प्रस्तुत गरेका छन् । तेस्रो र चौथो श्लोकमा उजाड ठाउँमा रङ्गवैभवका नवीन पल्लवसुगन्धले भर्ने, तथा कल्पनाको बगैँचामा भावनाका राग भर्ने अनन्त इच्छा व्यक्त गरिएको छ । काँढासँग सङ्घर्ष गर्दै आँसुहरूका रसले दिव्य कविता फुल्ने तथा घामछाँयाका सार, कलाका प्रतिरूप, जीवनका आवाज नै फूल रहेको हुनाले यसलाई व्यर्थमा नचुँड भन्ने कविको आग्रह अन्तिमका तीन श्लोकमा प्रस्तुत भएको पाइन्छ ।

मात्रिक छन्दका सात श्लोकमा सरचित 'माली' कवितामा प्रतीक र अलङ्कारको प्रयोगका साथै तत्सम, तद्भव शब्दमिश्रित सरल प्रवाहपूर्ण भाषाशैली प्रयोग रहेको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासको प्रयोग, सङ्गीतामकता तथा बिम्ब प्रतीकको सुन्दर प्रयोग पनि यसमा पाइन्छ । मालीमा कवि स्वयं तथा फूलमा कविताको छाँया रहेकाले यो कविता छाँयावादी शैलीको देखिन्छ ।

हृदयको बगैँचामा कविताका फूल फुलाउन चाहने कविले 'माली' कवितामा निम्नानुसार स्वच्छन्दतावादी प्रवृत्तिहरू प्रस्तुत गरेका छन् -

| | | |
|---|---|---|
| क) काल्पनिकता | ख) सौन्दयात्मकता | ग) कर्मवादी चिन्तन |
| घ) अनन्तकामना | ङ) आत्मपरकता | च) सरलता |
| छ) वेदनामूलकता | ज) सङ्गीतात्मकता | झ) रहस्यात्मकता |

**४.२.५. सन्ध्या**

वि.सं. १९९६ को शारदा (५:४) पत्रिकामा प्रकाशित 'सन्ध्या' कवितामा सन्ध्यालाई अप्सराका रूपमा चित्रण गर्दै उनको सौन्दर्यको महिमा प्रस्तुत गरिएको छ । सन्ध्याको मानवीकरण गरी उनको आगमनमा सम्पूर्ण जगत् नै आनन्दमा डुबेको प्रसङ्ग यसमा प्रस्तुत भएको पाइन्छ । सन्ध्याको आगमनले सम्पूर्ण जगतमा परेको अनुभूतिजन्य प्रभाव यस कविताको मूलविषयका रूपमा रहेको छ । जम्मा ४९ पङ्क्तिसम्म फैलिएको यस कविताको पहिलो र दोस्रो पूर्णविराम सम्मको खण्डमा अस्ताचलतिर परीरूपमा सन्ध्याको आगमन भएको, डुब्न लागेका सूर्य सन्ध्याको स्वर्णथाली बनेको तथा पृथ्वीमा दिव्यसौन्दर्य छाएको प्रसङ्ग प्रस्तुत गरिएको छ । कोमल बदन भएकी सन्ध्या बादलको घुम्टो ओडेर पृथ्वीमा आउँदा जगत्का समस्त प्राणीहरूले खुसीको गीत गाएको तथ्य तेस्रो पूर्णविरामसम्मको खण्डमा रहेको पाइन्छ । साथै यस खण्डमा शब्द र दृश्य संवेदनाको भावपूर्ण अभिव्यक्ति रहेको छ । सन्ध्याको प्रेमी सरोवरले उनको तस्वीर छातीमा राखेको स्वच्छन्द वर्णन चौथो खण्डमा पाइन्छ । अन्तिमका चौबीस पङ्क्तिहरूमा मानिसले ज्ञान, चेतना र सभ्यता प्रकृतिबाटै पाएको, सन्ध्याको उच्च सौन्दर्यबाट प्रेरणा पाएर मान्छेले सौन्दर्य सृजना गर्न सकेको तथा मानव सभ्यताको स्रोत प्रकृति नै रहेको रहस्यलाई कविले प्रस्तुत गरेका छन् । प्रकृति नै मानवसृष्टिको कारण रहेको अध्यात्मवादी चिन्तन पनि कवितामा प्रस्तुत भएको देखिन्छ ।

विषममात्रिक छन्दका ४ खण्ड वा ४९ पङ्क्तिमा संरचित 'सन्ध्या' कवितामा सन्ध्याको कल्पनाशील सौन्दर्यको मनोरम चित्रण पाइन्छ । भव्य एवम् काल्पनिक

प्रकृतिचित्रण रहेको यस कवितामा कोमलकान्त पद, पदावली तथा प्रतीक अलङ्कारको साथमा सहज प्रवाहमय भाषाशैली रहेको छ ।

सन्ध्याको रूपको आत्मवादी चित्रण गर्ने क्रममा कविले निम्नानुसारका स्वच्छन्दतावादी प्रवृत्तिहरूको प्रस्तुति यस कवितामा गरेका छन् -

क) काल्पनिकता ख) सौन्दर्यात्मकता ग) प्रकृतिचित्रण

घ) आत्मपरकता ङ) रहस्यात्मकता च)सरलता

छ) सङ्गीतात्मकता ज) स्वतःस्र्फूतता छ)आलङ्कारिता तथा प्रतीकात्मकता

### ४.२.६ सम्झना

वि.सं. १९९३ को शारदा (२:४) पत्रिकामा प्रकाशित ‘सम्झना’ कविता अङ्ग्रेजी सनेट ढाँचाको तीन खण्डमा संरचित छ । जीवनको सङ्कटको निराशाजनक क्षणमा उत्पन्न अन्तरव्यथाहरूलाई यस कवितामा प्रस्तुत गरिएको छ । दुःखद् क्षणमा पनि ईश्वर वा प्रेयसीको सम्झनाले खुसी ल्याउन सक्ने तथ्यलाई कविले उल्लेख गरेका छन् । निराशा तथा आशाका क्षणमा उत्पन्न पीडा र खुसीलाई यसमा मूल विषय बनाइएको छ । यस कविताको पहिलो खण्डमा जीवनमाथि विषाद् छाउ दा आँसुको झरी पर्ने, तर्क र विचार पनि कमजोर हुने, समय पनि औँसीको रातजस्तै हुने ठाँउ उराठ र उजाड लाग्ने करुण प्रसङ्गहरूलाई प्रस्तुत गरिएको छ । जीवन मरुभूमिझैँ कठोर बेचैन हुने भएपनि कसैको सम्झनाले फेरी आनन्दको सञ्चार हुने आशावादी प्रसङ्ग अन्तिमका दुई खण्डहरूमा रहेको पाइन्छ ।

अङ्ग्रेजी ‘सनेट’ शैलीमा संरचित ‘सम्झना’ कवितामा मात्रा छन्दका चौध पङ्क्तिहरू रहेका छन् । अन्त्यानुप्रासयुक्त सरस भाषाशैली तथा सहज अलङ्कार प्रयोगले कवितामा सङ्गीतात्मक चेतना उच्च रहेको देखिन्छ । यसमा तत्समबहुल शब्दको प्रयोग भएपनि कृत्रिम र क्लिष्ट नभएर कोमल कान्तिमय स्वतःस्फूर्त भाव प्रवाह रहेको पाइन्छ ।

हर्ष र विषाद्जनक भावको प्रस्तुतिका क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू ‘सम्झना’ कवितामा रहेका छन् ।

क) काल्पनिकता　　ख) सौन्दर्यात्मकता　　ग) आत्मपरकता

घ) सरलता　　ङ) रहस्यात्मकता

### ४.२.७ यात्री

वि.सं. १९९८ को *शारदा* (७:२) पत्रिकामा प्रकाशित 'यात्री' कवितामा कविले मानिसको काँध चढेर धर्म गर्न जाने यात्रीलाई सम्बोधन गर्दै उसलाई, मन्दिर, ईश्वर, तथा धर्मको वास्तविक स्वरूपको ज्ञान दिने प्रयास गरेका छन् । कविले धार्मिक अन्धमार्गमा चलेको त्यस यात्रीलाई मानवसेवा नै धर्म हो भन्दै परोपकारतिर लाग्न आज्ञा दिएका छन् । समाजमा व्याप्त अज्ञानका विपरीत ज्ञानको सम्प्रेषण नै 'यात्री' कविताको मूल विषय रहेको छ । सात पङ्क्तिगुच्छामा सीमित यस कविताको प्रथम र दोस्रो पङ्क्तिगुच्छामा मान्छे स्वयं मन्दिर हो, ऊ ईश्वरको सुनौलो मूर्ति हो भन्दै कुन मन्दिरमा जान्छौ यात्री भन्ने प्रश्न काँध चढेर धर्मगर्न जाने मानिसलाई गरिएको छ । मानवमनमा नै ईश्वरको वास हुने हुँदा शरीर नै विश्वमन्दिर भएको तथ्य प्रस्तुत गर्दै ईश्वरको दर्शन हृदयको ज्योति बालेर मात्र सम्भव हुने रहस्य कविले तेस्रो चौथो पङ्क्तिगुच्छामा प्रस्तुत गरेका छन् । पाँचौ पङ्क्तिगुच्छामा परिश्रमी मान्छेका साथमा ईश्वर रहने कर्मवादी जीवनदृष्टि प्रस्तुत छ भने छैटौ पङ्क्तिगुच्छामा ईश्वर दुःखीहरूका पुकारामा बोल्ने प्रसङ्ग उल्लेख छ । अन्तिम पङ्क्तिगुच्छामा उपर्युक्त सबै तथ्यहरू यात्रीलाई बोध गराएर मानवसेवा नै धर्म हो भन्दै त्यसतर्फ लाग्न कविले उसलाई आज्ञा दिएको पाइन्छ ।

विषममात्रिक छन्दका सात पङ्क्तिगुच्छामा संरचित 'यात्री' कवितामा आगन्तुक, तद्भव र तत्सम शब्दहरूको समिश्रण रहेको पाइन्छ । सरल सुबोध तथा प्रवाहमय अलङ्कृत भाषाशैलीमा आन्तरिक तथा अन्त्यानुप्रासको सफल आयोजना रहेको छ । यसले कवितामा सङ्गीतपक्षलाई उच्च र ओजपूर्ण बनाएको छ । प्रश्नोत्तरात्मक शैलीमा कोमल तथा कान्तिमय पदावलीको प्रयोगले कविता भावमय रहेको छ ।

मानवतालाई उजागर गर्ने क्रममा कविले निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू यस कवितामा प्रस्तुत गरेका छन् -

क) काल्पनिकता　　　　　　　ख) सौन्दर्यात्मकता　　　　　ग) प्रकृतिचित्रण

घ) आत्मपरकता　　　　　　　ङ) रहस्यात्मकता　　　　　च)सरलता

छ) सङ्गीतात्मकता

### ४.२.८ वन

वि.सं. १९९७ को *शारदा* (६:५) पत्रिकामा प्रकाशित 'वन' कवितामा कविले सांसारिक विलासिता धनसम्पत्ति यश, कीर्ति र शक्तिको तिरस्कार गर्दै मानवसेवा विश्वबन्धुत्व र स्वतन्त्रतालाई मुखरित गरेका छन् । चौँतीस पङ्क्तिमा फैलिएको यस कवितामा कविलाई प्रलोभनमा पारी कर्तव्यच्यूत गराउन खोज्ने व्यक्तिहरूसँगको प्रतिकारात्मक संवादलाई मूल विषय बनाइएको पाइन्छ । यस कविताको सुरुका 'छ' पङ्क्तिहरूमा रोइरहेका कविलाई लालसाले रुनाको कारण सोधको प्रसङ्ग वर्णित रहेको छ । सातौदेखि बारौ पङ्क्तिहरूमा लालसाले रानी बनिदिने विलासले  महल दिने तथा कुबेरको नोकरी दिने इच्छालाई अस्वीकार गर्दै त्यो खरानी हुने तथ्य कविले औँल्याएका छन् । कविले धनको बन्धन भन्दा आत्मिक स्वतन्त्रता अनमोल ठानेका छन् । कविले झुत्रा, चिथरा लगाएर भएपनि सत्यता र मानवसेवाका लागि दृढ भई लाग्ने आदर्शवादी मानवतावादी चिन्तनलाई तेरौँदेखि अठारौँ पङ्क्तिमा प्रस्तुत गरेका छन् । संसारमा ज्ञानको प्रचारको लागि आफू दृढ रहेको प्रसङ्ग कविले प्रस्तुत गरेको पाइन्छ । 'जीवन', कठिनाई, 'शङ्का' जस्ता पात्रहरूको जीवन सङ्घर्ष पूर्ण छ भन्ने चेतावनीलाई स्वीकार गरी कविले वीरताको सम्मान गर्ने जनाएका छन् । उनले मानवसेवाका लागि समय नपुगेको भन्दै रोएको रहस्य पनि उद्घाटन गरेका छन् । अन्तिमका चार पङ्क्तिहरूमा कविले कर्मठ साथीहरूको साथ लिएर विश्वबन्धुत्वको भावना सबैतिर फैलाउने विचार प्रकट गरेका छन् ।

विषममात्रिक छन्दका १७ श्लेकमा संरचित 'वन' कवितामा अन्त्यानुप्रासको पूर्ण पालना गरिएको छ । सरल कोमल पद पदावलीको प्रयोगमा नाटकीय संवादको तार्किक शैलीले कवितामा भाव र विचारको समन्वय गरेको पाइन्छ । आन्तरिक अनुप्रास तथा अलङकृत सहज भावविधानले कविता साङ्गीतिक चेतयुक्त रहेको पाइन्छ ।

राणाशासकहरूका अतिशय विलासी प्रवृत्तिको अन्तरव्यङ्ग्य र विद्रोहका साथ प्रस्तुत भएको यस कवितामा निम्नबमोजिमका स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेका छन् ।

| | | | |
|---|---|---|---|
| क) मानवतावाद | ख) विद्रोहात्मकता | ग) वीरता तथा सद्रास | |
| घ) नैतिकता आदर्श | ङ) सौन्दर्यात्मक | च) काल्पनिकता | छ) आत्मपरकता |
| ज) स्वतन्त्रता | झ) कर्मवादी दृष्टि | ग) निराशवादी भाव | |

### ४.२.९ प्रश्नोत्तर

वि.सं. १९९६ को *शारदा* (५:८) पत्रिकामा प्रकाशित 'प्रश्नोत्तर' कवितामा प्रश्नोत्तरात्मक शैलीमा नैतिक आदर्श मानवतावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । यसमा मानवजीवनमा आवश्यक आदर्श, नैतिकता, परोपकारसम्बन्धी कविका दृष्टिकोणहरू मूल विषयका रूपमा रहेका छन् । चार श्लोकमा सीमित यस कविताका प्रथम दुई श्लोकहरूमा परिश्रमको कमाई अमृतसमान हुने तथा प्रकृतिको काखमा नै आनन्द र शान्ति मिल्ने प्रसङ्ग प्रस्तुति गरिएको छ । साथै शुद्ध हृदयमा नै ईश्वरको बास हुन तथ्य पनि प्रस्तुत गरिएको छ । अन्तिमका दुई श्लोकहरूमा सृष्टि र जीवनको रहस्य बुझ्न गुलाफको बगैंचामा जानुपर्ने उल्लेख गर्दै आत्माको आग्रह नै कर्तव्य हो भन्ने विचार कविले प्रस्तुत गरेका छन् । साथै उनले महान् उद्देश्यका लागि परिश्रमको महत्त्वलाई पनि प्रस्तुत गरेका छन् ।

वसन्ततिलका छन्दमा रहेको 'प्रश्नोत्तर' कवितामा अन्त्यानुप्रासको पूर्णपालना रहेको छ । सरल र सहज प्रश्नोत्तरात्मक भाषाशैलीमा प्रस्तुत यस कवितामा तत्सम र तद्भव शब्दहरूको उचित संयोजन गरिएको पाइन्छ । सरल सुबोध, कान्तिमय, कोमल, पद पदवलीका साथ उच्च गेयगुणको पनि यसमा प्रस्तुति रहेको छ ।

नैतिक आदर्शवादी जीवनदृष्टिको प्रस्तुतिका क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू यसमा प्रस्तुत भएका छन्:-

| | | |
|---|---|---|
| क. आदर्श तथा नैतिकता | ख. मानवतावाद | ग. रहस्यात्मक |
| घ. सौन्दर्यात्मकता | ङ. प्रकृतिप्रेम | च. सरलता |
| छ. कर्मवादी दृष्टि | ज. आस्तिकता | झ. औपदशिकता |

ञ. आत्मपरकता

### ४.२.१० आफ्नो घर

वि.सं. १९९६ को *शारदा* (६:२) पत्रिकामा प्रकाशित 'आफ्नो घर' कवितामा कविले सौन्दर्यको उपासना गर्दै अध्याँरोलाई दिलबाट हटाइ विचारको र ज्ञानको उज्यालो भर्न आग्रह गरेका छन् । प्राकृतिक सौन्दर्यको कामना नै यस कविताको मूल विषय रहेको छ । पाँच श्लोकमा सीमित यस कविताको पहिलो श्लोकमा सुन्दरलाई हृदयको रातमा विचारको उज्यालो भर्न आग्रह गर्दै मृदुल भावहरू जन्माउन सकोस् भन्ने अन्तरइच्छालाई प्रस्तुत गरिएको पाइन्छ । कविले कल्पनाका कोमल बतास अनन्त आकाशमा फैलाउने इच्छा प्रकट गर्दै फूलमा परेका शीत झै हृदय निर्मल होस् भन्ने चाहाना दोस्रो र तेस्रो श्लोकमा व्यक्त गरेको पाइन्छ । अन्तिमका दुई श्लोकहरूमा हृदयको बगैंचामा शिशुसमान सुन्दर फूल फुलून् भन्ने इच्छा व्यक्त गर्दै मनको घरमा रम्न सकियोस भन्ने प्रसङ्ग कविले प्रस्तुत गरेका छन् ।

पृथ्वीछन्दका पाँच श्लोकमा आबद्ध 'आफ्नो घर' कवितामा अन्त्यानुप्रासयुक्त प्रवाहमय सरल तथा सहज भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । कोलकान्त-सुबोध पद पदावली तथा प्रतीक अलङ्कारको स्वभाविक प्रयोगले कवितामा सौन्दयात्मकता उच्च रहेको छ ।

हृदयको प्रकृतिको उच्च सौन्दर्ययुक्त बनाउन सुन्दरलाई सम्बोधन गरिएको यस कवितामा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेका छन्:-

| | | |
|---|---|---|
| क) काल्पनिकता | ख) सौन्दर्यात्मकता | ग) प्रकृतिप्रेम |
| घ) आत्मपरकता | ङ)सरलता | छ) गेयता |

### ४.२.११ जीवन वन

वि.सं. १९९६ को *शारदा* (५:५) पत्रिकामा प्रकाशित यस 'जीवन वन' कवितामा स्वजन, स्वराष्ट्र आदि सर्वश्व छोडेर भोगविलासमा पशुझैं लिप्त हुँदा घोर पीडा, पश्चात्तापमात्र बेहोर्नुपर्ने सत्यतालाई प्रस्तुत गरिएको छ । सांसारिक सुख लिप्साबाट मुक्त भएर आदर्श र कर्तव्यतिर लाग्नुपर्छ भन्ने आध्यात्मिक दर्शन नै यस

कविताको मूल विषयवस्तु रहेको छ । चार श्लोकमा सीमित प्रस्तुत कविताको प्रथम र द्वितीय श्लोकमा काम, वासना भोगविलासका लागि स्वजन, स्वराष्ट्र भुल्दा पछुताउनु पर्ने तथ्यलाई प्रस्तुत गरिएको छ । हाम्रो घर नै स्वर्ग हो सबै सदस्य देवता हुन् बाबा ब्रह्म हुन् भने उनको आज्ञापालन गरे सुख शान्ति मिल्छ भन्दै धर्मको महिमा अन्तिमका दुई श्लोकमा कविले प्रस्तुत गरेको पाइन्छ ।

स्रग्धरा र शिखरिणी छन्दका चार श्लोकमा 'जीवन वन' संरचित यस कवितामा अनुप्रासयुक्त प्रवाहमय कलात्मक भाषाको प्रयोग रहेको छ । सरल सुबोध, एवम् कोमल पदावली तथा अलङ्कार प्रयोगले यो कविता भावमय रहेको छ ।

भोगविलास भन्दा नैतिक आदर्श र कर्तव्यलाई बढी जोड दिइएको 'जीवन वन' कवितामा रहेका स्वच्छन्दतावादी मान्यताहरू यस प्रकार छन् -

क) काल्पनिकता ख) आत्मपरकता ग) सौन्दर्यात्मकता घ) नैतिकता तथा आदर्श ङ) रहस्यात्मकता च)औपदेशिकता ख) सरलता

**४.२.१२ बालककाल**

वि.सं. १९९५ को *शारदा* (४:३) पत्रिकामा प्रकाशित 'बालककाल' कवितामा बाल्यकालीन स्मृतिको भव्य चित्रण गर्दै त्यसको महत्त्व तथा आदर्शीकरणमा कविले जोड दिएका छन् । बालकका निष्कपट स्वभाव र क्रियाकलापको प्रशंसा गर्दै सांसारिक चिन्ताको बोझले थिचिएको वृद्ध उमेरको आलोचना गर्नु नै यस कविताको विषयवस्तु रहेको छ । नौ श्लोकमा सीमित यसको पहिलो श्लोकमा बाल्यकालका मीठा स्मृतिको उल्लेख छ भने दोस्रो श्लोकमा बाललीलाको निर्दोष वर्णन रहेको पाइन्छ । तेस्रो र चौथो श्लोकमा पनि प्रकृतिको सुन्दर वातावरणमा हाँसखेल गरेको तर उमेर बढ्दै गएपछि हातमा किताब राखिदिएर बन्धनमा पारेको भनाइ कविको रहेको छ । पाँचौ श्लोकमा प्रकृतिको रमणीय वर्णन रहेको छ भने बाँकी श्लोकहरूमा वर्तमान अवस्थाको खोक्रो, बोक्रे सभ्यता, षड्यन्त्र, धोका चिन्ताप्रति निराश हुँदै पुनः बाल्यकालको प्राप्तिको चाहाना प्रस्तुत गरिएको छ । कविले यसरी बाल्यकालको दिव्य

आनन्द र प्रौढताको दुःखी चिन्तित अवस्थाबीचको भेदलाई प्रस्तुत गर्दै बाल्यकालको पुनः अपेक्षा गरेका छन् ।

शार्दूलविक्रीडित छन्दका नौ श्लोकमा सीमित प्रस्तुत कवितामा अन्त्यानुप्रासयुक्त, प्रवाहमय वर्णनात्मक भाषाशैलीको प्रयोग पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइने यस कवितामा सरल सुबोध कान्तिमय कोमल पद पदावलीको समुचित विन्यासले सङ्गीतात्मक मधुरता थपेको देखिन्छ ।

बालसुलभ सरल जीवनको सम्झनाको क्रममा 'बालककाल' कवितामा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ -

| | | |
|---|---|---|
| क) प्रकृतिप्रेम | ख) काल्पनिकता | ग) सौन्दर्यात्मकता |
| घ) आत्मपरकता | ङ) पलायन | च) सरलता |
| ज) अनन्तकामना | | |

### ४.२.१३ वृक्ष

वि.सं. १९९३ को *शारदा* (२:४) पत्रिकामा प्रकाशित 'वृक्ष' कवितामा कविले रूखसँग आफ्नो जीवनको तुलना गर्दै प्रकृति र मानववीचको सम्बन्धलाई स्थापित गरेका छन् । उनले जीवनरूपी फूलले सधैँ जगत्मा बास्ना छर्नुपर्ने कुरालाई महत्त्व दिएको पाइन्छ । प्रकृतिमा हावाहुरी, बादल, शिशिर वसन्त आदि अनेकौँ उत्तार-चढाव आएझैँ मानव जीवनमा पनि उतारचढाउ आउने तथ्य र सृष्टिको रहस्यलाई यस कवितामा मूल विषय बनाइएको छ । दश श्लोकमा सीमित यस कविताको पहिलो र दोस्रो श्लोकमा एउटा ठूलो रूखको छहारीमा बसेर कविले मौन सम्वाद गरेको तर मनका धेरै कुरा मनमै रहको प्रसङ्ग प्रस्तुत छ भने तेस्रो र चौथो श्लोकमा रूख र मान्छेको जीवन समान उतार-चढाउले भरिएको तथ्य प्रकट कविले गरेका छन् । माटाभित्रको रसले रूखमा सुन्दर फूल फुलेको त्यसमा कविको भावना मिलेको तथ्य पाँचौँ र छैटौँ श्लोकमा प्रकट भएको पाइन्छ । त्यस्तै सातौँ र आठौँ श्लोकमा पातहरूझैँ विचारहरू धेरै परिवर्तनशील रहेको चर्चा छ । अन्तिमका दुई श्लोकहरूमा

रूख प्रारम्भमा सानो बीजका रूपमा रहेको त्यो विस्तारै विशाल भएको सृष्टिको रहस्यलाई कविले प्रस्तुत गरेका छन् ।

अन्त्यानुप्रासहीन शार्दूलविक्रीडित छन्दका दस श्लोकमा आबद्ध 'वृक्ष' कवितामा, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको समिश्रण रहेको पाइन्छ । स्वभाविक अलङ्कार कोमल पद पदावलीको प्रयोग तथा प्रवाहमय भावप्रवाहका कारण यो कविता सुन्दर एवम् श्रुतिमधुर रहेको छ । यसले प्रकृति र मानवबीचको अन्योन्याश्रित सम्बन्धमा जोड दिएको पाइन्छ ।

प्रकृतिमा जीवन र जीवनमा प्रकृति देख्ने कविका निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू यस कवितामा प्रकट भएका छन् -

| | | | |
|---|---|---|---|
| क) काल्पनिकता | ख) प्रकृतिप्रेम | ग) आत्मपरकता | |
| घ) रहस्यात्मकता | ङ) सौन्दर्यात्मकता | च) सरलता | छ) सङ्गीतात्मकता |

### ४.२.१४ गरीब

वि.सं. १९९१ को *शारदा* (१:१) पत्रिकामा प्रकाशित 'गरीब' कवितामा गरिब जीवनलाई महत्त्व दिदै शान्ति, सन्तोष र परिश्रमको कल्पनाशील जीवन सुखमय हुने तथ्यलाई प्रस्तुत गरिएको छ । जो सांसारिक भोगविलासबाट टाढा छ,, जो परिश्रमी छ, ऊ केही नभएपनि धनी हुने ध्वन्यात्मकतालाई यस कविताको मूल विषय बनाइएको छ । यस कविताको पहिलोदेखि चौथो श्लोकसम्म स्वच्छ निरन्तर परिश्रम गरिरहने तथा भोगविलासको पछि नलाग्ने हुनाले आफू गरिब भएर पनि खुसि रहेको प्रसङ्ग गरिब पात्रले प्रस्तुत गरेको छ । गरिब पात्रको धर्ती घर, आकाश छानो, ताराहरू बत्तीका रूपमा रहेको र त्यसमा प्रभात, सन्ध्या तथा चराहरूले सौन्दर्य थपेको जीवन्त वर्णन पाँचौंदेखि आठौं श्लोकमा रहेको पाइन्छ । त्यस्तै कठोर परिश्रमपछि मखमली घाँसमा आराम गर्दा हावाले पङ्खा चलाउने सुन्दर कल्पना पनि यी श्लोकहरूमा प्रस्तुत गरिएको छ । नौंदेखि बार श्लोकसम्म प्रकृति, पहाड, बतास, आकाश, सूर्य, चन्द्र आदिको काल्पनिक भ्रमण गरी आफ्नै आँगनमा 'म' पात्र फर्केको कलात्मक चित्रण रहेको पाइन्छ । अन्तिमका चार श्लोकहरूमा गुलाब र निद्राको मानवीकरण गरी ईश्वर आफ्नो साथ रहेको प्रसङ्ग गरिब पात्रले प्रस्तुत गरेको छ ।

वंशस्थ र इन्द्रवंशा छन्दका सोर श्लोकमा सीमित 'गरीब' कवितामा आन्तरिक तथा अन्त्यानुप्रासको सफल संयोजनले साङ्गीतिक चेतनालाई उच्च बनाएको पाइन्छ । सरल सुबोध प्रवाहमय कोमल शैलीमा प्रस्तुत यस कवितामा स्वभाविक अलङ्कार विधान तथा कान्तिमय पद पदावलीको प्रयोगले सुन्दरता रहेको उच्च पाइन्छ ।

सुख प्राप्तिका लागि गरिबी बाधा बन्न सक्तैन भन्ने भावको प्रस्तुतिका क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू 'गरीब' कवितामा प्रस्तुत भएका छन् :

क) प्रकृति चित्रण ख) काल्पनिकता ग) सौन्दर्यामकता घ) आत्मपरकता

ङ) कर्मवादी चिन्तन च) पलायन छ) आदर्शता ज)सङ्गीतात्मक

झ) सरलता तथा आर्दशता ञ) आस्तिकता

### **४.२.१५ किसान**

वि.सं. १९९५ को *शारदा* (४:२) पत्रिकामा प्रकाशित 'किसान' कवितामा दुवै कुनै ग्रामीण झुपडीमा बस्ने किसान परिवारको सन्तोषी, शुद्ध हृदयी, परिश्रमी एवम् प्रकृतिप्रेमी जीवनको सुख शान्तिको महिमागान गरिएको छ । ग्रामीण जीवनको आदर्शीकरण गरी सृजित प्रस्तुत कवितामा ग्रामीण जनजीवन र स्थानीय प्रकृतिको चित्रणलाई मूख्य विषय बनाइएको छ । पन्ध्र श्लोकमा सीमित यस कविताको पाँचौ श्लोकसम्म प्राकृतिक सुन्दरताले भरीपूर्ण रहेको एउटा गाउँमा सुखी, शान्त र निश्छल स्वभाव भएको एउटा परिवारको वर्णन रहेको पाइन्छ । साथै कविले नागवेली नदी, हरियाली पाखामा रहेको त्यस सुखी परिवारमा किसान राजा रहेको तथ्य पनि प्रस्तुत गरेका छन् । छैटौंदेखि दसौं श्लोकमा बिहान धोबिनी चरी कराएपछि खेतमा जाने र दिनभरि परिश्रम गरी सन्ध्यामा घर फर्कने दैनिकी रहेको किसानको सत्कमाइले मात्र पेट भर्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यी श्लोकहरूमा प्रकृतिको भव्य पुनर्निमाण कविले गरेका छन् । अन्तिमका पाँच श्लोकहरूमा उसको अन्तःकरणको स्वच्छताले शरीर प्रज्वलित भएको चर्चा गर्दै उसलाई प्रकृतिले संरक्षण

गरेको तथ्यलाई प्रस्तुत गरिएको छ । यस कवितामा किसानझैँ सुखी हुन प्रकृतिको शरणमा जानुपर्ने यथार्थलाई पनि व्यक्त गरिएको पाइन्छ ।

वसन्ततिलका छन्दका पन्ध्र श्लोकमा संरचित यस कविताको भाषा कोमल कान्तिमय पद पदावलीको प्रयोगले सरस र सरल रहेको छ । यस कवितमा आन्तरिक तथा अन्त्यानुप्रासको कुशल संयोजनले साङ्गीतिक माधुर्यलाई उच्च बनाएको देखिन्छ । स्वभाविक अलङ्कार र प्रतीक विधानबाट प्रकृतिलाई ज्ञान र दर्शनको स्रोतका रूपमा चित्रण गरिएको छ ।

प्रकृतिको उपासनाका क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू किसान कवितामा रहेको पाइन्छ :-

| | | |
|---|---|---|
| क) प्रकृतिप्रेम | ख) सौन्दर्यात्मकता | ग) काल्पनिकता |
| घ) आत्मपरकता | ङ) स्थानीयता | च) स्थानीयता |
| ज) मानवता | झ) सरलता | ञ) रहस्यात्मकता |
| ट) आदर्श | ठ) ऐकान्तिकता | |

### ४.२.१६ चारु

वि.सं. १९९७ को *शारदा* (६:१) पत्रिकामा प्रकाशित 'चारु' कविता विलियम वर्डस्वर्थको 'लुसी ग्रे' कविताबाट प्रभावित रहेको छ । प्रस्तुत कवितामा एकान्त झुपडीकी सुन्दर युवती चारुको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै उनको मृत्युले मर्माहित बनेको घटनालाई कविले प्रस्तुत गरेका छन् । प्राकृतिक सौन्दर्यको उपासना गरिएको यस कवितामा प्रकृति र चारुको सौन्दर्यबीच तादात्म्यभावको स्थापना नै मूल विषयका रूपमा रहेको छ । यस कविताको एकदेखि पाँच श्लोकमा नदी र पहाडबीच एकान्त ठाउँको सुन्दर झोपडीमा जन्मेकी चारुलाई प्रकृतिको समीपतामा हुर्केबढेकी प्रकृतिपुत्रीका रूपमा चित्रण गरिएको छ । उनले कवितामा फूलसँग चारुलाई तुलना गरेका छन् । अन्तिम पाँच श्लोकहरूमा सुन्दर चारुलाई दैवले अकालमा नै टिपेर लगेको कारण चारुको पवित्रता, सुन्दरता तथा निश्छलता फक्रन नपाउँदै समाप्त भएको कारुणिक प्रसङ्गलाई प्रस्तुत गरिएको पाइन्छ । यस पीडादायी घटनाले कविको

हृदय वेदनाले फूलेको र छियाछिया भएको दु:खद् स्थितिको वर्णन पनि प्रस्तुत भएको छ ।

वसन्ततिलका छन्दका दश श्लोकमा आबद्ध 'चारु' कवितामा आन्तरिक तथा अन्तरअनुप्रासको सफल प्रयोग हुँदा गेय गुणको प्रचुरता रहेको पाइन्छ । कविबक्तृप्रौढोक्ति कथन ढाँचाका वर्णनात्मक, सहज र प्रवाहमय सरस भाषाशैलीले कविता कलात्मक र सुन्दर रहेको देखिन्छ । सहज अलङ्कार तथा प्रतीक प्रयोग, आगन्तुक, तत्सम र तद्भव शब्दहरूको संयोजनले कविता भावमय रहेको छ ।

प्रकृतिका जन्म र विनाशका शाश्वत नियमलाई प्रस्तुत गर्ने यस 'किसान' कवितामा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको देखिन्छ :

| | | | |
|---|---|---|---|
| क) प्रकतिप्रेमी | ख) काल्पनिकता | ग) सौन्दर्यात्मकता | घ) आत्मपरकता |
| ङ) आस्तिकता | च) रहस्यात्मकता | छ) स्थानीयता | ज) ऐकान्तिकता |
| झ) वेदनात्मकता | ञ) सरलता | | |

### ४.२.१७ वसन्त

वि.सं. १९९६ को *शारदा* (५:११) पत्रिकामा प्रकाशित 'वसन्त' कवितामा ऋतुराज वसन्तको स्वर्णिम मौसमको जीवन्त चित्रण रहेको छ । तुषारो र कुहिराको पर्दा उघारेर आएको वसन्तले समस्त जगत्मा नै आनन्द र उमङ्गको सञ्चार गरेको प्रसङ्गलाई यस कवितामा मूल विषयमा रूपमा लिइएको छ । छ श्लोकमा सीमित यस कविताको पहिलो र दोस्रो श्लोकमा वसन्त आएपछिको अनन्त जादु मृदुल सौन्दर्य, शीतल समीर, आनन्दलहरू, हरियाली आदिको सुन्दर चित्रण गरिएको पाइन्छ । शीतल कोमल हाँगामा चराहरू नाचेको, गुलाबको लाली र दिव्यसौन्दर्यमा पुतली भुलेको मनोरम र रोमाञ्चक प्रकृतिका वर्णन तेस्रो र चौथो श्लोकमा रहेको पाइन्छ । अन्तिमका दुई श्लोकमा पनि कविले प्रकृतिको दिव्यचित्र प्रस्तुत गरी वसन्तले मीठो जीवननिर्माण गरेको वैयक्तिक अनुभूति प्रस्तुत गरेका छन् ।

वसन्ततिलका छन्दका छ श्लोकमा संरचित 'वसन्त' कवितामा कविले अन्त्यानुप्रासहीन तर आन्तरिक अनुप्राससहितका कोमल, कान्तिमय पद पदावली तथा प्रवाहमय भाषाशैलीको प्रयोग गरेका छन् ।

वसन्त ऋतुको चित्रणको क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू 'वसन्त' कवितमा प्रस्तुत भएका छन् -

क) प्रकृतिप्रेम   ख) काल्पनिकता   ग) सौन्दर्यत्मकता

घ) आत्मपरकता   ङ) सरलता   च) सङ्गीतात्मकता

### ४.२.१८ जीवन

वि.सं. १९९६ को *शारदा* (५:२) पत्रिकामा प्रकाशित 'जीवन' कवितामा रोएर दुःखमा जन्म हुने, पीडामा नै मर्ने जीवनका विविध हर्षविषाद् तथा निराशावादी अवस्थाको चित्रण गरिएको छ । जीवन भोगाइका क्रममा सामना गरेका विविध वियोग, चिन्ता शोक, आदिले आहत जीवनको कारुणिक चित्रण नै यस कविताको मूल विषय रहेको छ । आठ श्लोकमा सीमित यस कविताका एकदेखि चार श्लोकमा जीवन रोएर जन्मने र वैंस चढ्दै गएपछि भोगविलासमा लाग्ने प्रवृत्तिले चर्चा गर्दै कविले स्वतन्त्र र निर्भर हुनका लागि कर्मक्षेत्रमा लाग्न प्ररित गरेको पाइन्छ । अन्तिमका चार श्लोकमा उमेर बढ्दै जाँदा व्यवहारले थिचिएर चिन्ता र शोकले ग्रस्त हुने र अन्त्यमा जपमालाका भरमा परेर आँसु झार्दै मर्ने विचित्र जीवनको कारुणिक चित्रण रहेको पाइन्छ । यसमा कविको निराशावादी भावना व्यक्त भएको छ ।

मात्रिक छन्दका आठ श्लोकमा संरचित यस कवितामा सरल सुबोध-प्रवाहमय भाषाशैली, कान्तिमय पद, पदावली, स्वभाविक अलङ्कार योजना रहेको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासविधानले कवितामा गेयायात्मक चेत उच्च रहेको छ ।

निराशावादी चिन्तनका क्रममा निम्नबमोजिमका स्वच्छन्दतावादी प्रवृत्तिहरू 'जीवन' कवितामा प्रस्तुत भएका छन् :-

क) काल्पनिकता   ख) सौन्दर्यात्मकता   ग) आत्मपरकता   घ) वेदनात्मकता

ङ) सरलता   च) कर्मवादी दृष्टि

### ४.२.१९ अन्त्यमा

वि.सं. १९९६ को *शारदा* (५:७) पत्रिकामा प्रकाशित 'अन्त्यमा' कवितामा कविले आफ्नो जीवनको अन्तिम समयमा स्वच्छ, शान्त र सुन्दर संसारको दर्शन पाइयोस् भन्ने इच्छा प्रकट गरेको पाइन्छ । नकारात्मक कुनै पक्षको पनि अनुभूति नहोस भन्ने कविको आखिरी इच्छा नै कविताको विषयका रूपमा रहेको छ । प्रथम श्लोकमा अन्तिम घडीमा सबैतिर उज्यालो होस, घरको सुखको दीप दुःखको मेघले नछोपिदिओस् भन्ने काममा व्यक्त भएको छ भने दोस्रो श्लोकमा अशान्तिका वतास नचलून् भन्ने इच्छा प्रकट भएको पाइन्छ । अन्तिम श्लोकमा प्रतीकात्मक रूपमा आफू जहाँ गएपनि कविले आफ्नै माटोमा विलीन हुने इच्छा प्रकट गरेका छन् । आफ्नो देह समाप्त भएपनि आफ्नो कविताको गुञ्जन धर्तीमा रहिरहोस् भन्ने चाहना कविले व्यक्त गरेका छन् ।

विषममान्त्रिक छन्दका बार पङ्क्तिमा आवद्ध "अन्त्यमा' कवितामा अन्त्यानुप्रासको पूर्णपालनाका साथमा प्रवाहमय भाषा तथा कोमल पद, पदावलीको उत्कृष्ट प्रयोग रहेको पाइन्छ । तत्समबहुल शब्द प्रयोग तथा भाव बगेर गएको सरस अभिव्यक्ति यसमा प्रस्तुत भएको छ ।

कविले आफ्ना अन्तिम इच्छाहरू व्यक्त गर्ने क्रममा प्रस्तुत केही स्वच्छन्दतावादी प्रवृत्तिहरू यसप्रकार रहेको पाइन्छ :-

क) काल्पनिकता ख) सौन्दर्यात्मकता ग) प्रकृतिप्रेम घ)आत्मपरकता

ङ) अनन्तकामना च) गेयात्मकता

### ४.२.२० जिन्दगीको मौसम

वि.सं. १९९५ को उदय (१:७) पत्रिकामा प्रकाशित 'जिन्दगीको मौसम' कवितामा वर्षात्को समयमा मेहनत गर्दै अन्न रोपेर हिउँदको लागि सञ्चय गरे जस्तै जवानीमा कर्म गरी वृद्धअवस्थाको लागि केही राख्नुपर्ने व्यवहारिक सत्यलाई प्रस्तुत गरिएको छ । जीवनमा कर्मको महत्त्व गौरव तथा आत्संयमलाई यस कविताको मूल विषयका रूपमा कविले प्रस्तुत गरेको पाइन्छ । पाँच श्लोकमा सीमित

यस कविताको पहिलो र दोस्रो श्लोकमा जिन्दगीलाई चेतना र माटालाई पानीले सिँच्नु पर्ने तथ्य उल्लेख रहेको छ । तेस्रो श्लोकमा इन्द्रियरूपी गोरुलाई शरीररूपी हलोमा नारेर संयमित भई अनन्त कर्म गर्नुपर्ने कविको आग्रह रहेको छ । अन्तिम दुई श्लोकहरूमा समयले कसैलाई नपर्खने हुनाले समय रहँदै कर्म गर्नुपर्ने प्रसङ्गलाई पनि कविले उल्लेख गरेका छन् ।

मात्रिक छन्दका पाँच श्लोकमा आबद्ध 'जिन्दगीको मौसम' कवितामा सरल-सुवोध प्रवामय भाषाशैली तथा कान्तिमय पद पदावली र स्वभाविक अलङ्कार विधानले गेयात्मकतालाई तीव्र बनाएको पाइन्छ । आन्तरिक तथा अन्त्यानुप्रासमा तद्भवबहुल शब्दप्रयोगले कविता भावात्मक र रागात्मक रहेको छ ।

जीवनमा कर्म गर्नुपर्ने आग्रहका क्रममा जिन्दगीको मौसम कवितामा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेका छन् :-

क) कर्मवादी चिन्तन ख) काल्पनिकता ग) नैतिक औपदेशिकता

घ) आत्मपरकता ङ) सौन्दर्यात्मकता च) सरलता छ) सङ्गीतात्मकता

### ४.२.२१ झरना

वि.सं. १९९५ को *उद्योग* (१:५।६) पत्रिकामा प्रकाशित 'झरना' कवितामा कविले पहाडको छातीबाट अनन्तरूपममा झरिरहने झरना देख्दा आफ्नो मनमा बिजुली बलेको चर्चा गर्दै यसमा अनन्त शक्ति लुकेको तथ्य प्रस्तुत गरेका छन् । हामीभित्र पनि भाव र विचारका झरना छन् त्यसबाट चेतनाको उज्यालो सृजना गरी अध्याँरो संसार झलमल बनाउनु पर्छ भन्ने विचार कविताको मूल विषयका रूपमा रहेको छ । पाँच श्लोकमा सीमित यस कविताको प्रथम दुई श्लोकमा पहाडको शिखरबाट झर्ने झरना देख्दा कविको हृदयमा बत्ती बलेको तथा झरनाको अझ गहिराइमा जाँदा त्यसभित्र संसार उज्यालो बनाउने असीम विद्युत्शक्ति रहेको प्रसङ्ग प्रस्तुत भएको छ । तेस्रो श्लोकमा पानीको अन्तरतत्त्वको ज्ञान नहुँदा खास तत्त्वभित्रै रहेजस्तै मनको खास तत्त्व जान्न गम्भीर अध्ययन र ज्ञान हुनुपर्ने यथार्थ प्रस्तुत भएको पाइन्छ । अन्तिमका दुई श्लोकमा मानिसभित्र पनि अनेकौं ज्ञान र चेतनाको उज्यालो रहेको छ, अतः

त्यसलाई बाहिर निकाली अँध्यारो संसार उज्यालो बनाउनुपर्छ भन्ने विचार रहेको छ । कविले यसो गर्न नसक्दा दुःख लागेको प्रसङ्ग उल्लेख गरेका छन् ।

मात्रा छन्दका पाँच श्लोकमा संरचित 'झरना' कवितामा अन्त्यानुप्रास र साङ्गीतिकताले भाव उच्च रहेको पाइन्छ । कोमल पद-पदावली, कान्तिमय, लालित्यपूर्ण भाषाशैलीको विन्यासले कविता उच्च सौन्दयात्मक रहेको देखिन्छ ।

हृदयगिरीका झरनाबाट अनन्त्य उज्यालो निकाल्नुपर्छ भन्ने क्रममा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू यस कवितामा प्रस्तुत भएका छन् :-

क) काल्पनिकता ख) प्रकृतिप्रेम ग) आत्मपरकता घ) सौन्दर्यात्मक

ङ) मानवतावाद च) सरलता छ) गेयात्मकता

### ४.२.२२ **घाँसी**

वि.सं. १९९५ को *शारदा* (४:६७) पत्रिकामा प्रकाशित 'घाँसी' कवितामा एउटा घाँस काट्ने गोठालाबाट प्रेरणा पाएर युवक भानुभक्तले नेपाली साहित्यमा अमर ग्रन्थहरू रचना गरेको भन्दै यस्ता घाँसी नेपालैभरि हुन भनी उसको महिमागान गरिएको छ । भानुभक्तको प्रशंसा गर्दै घाँसीको जस्तै परोपकारी र मानवतावादी कार्य गरी परलोकमा स्थान तथा सुख प्राप्त गर्नुपर्छ भन्ने आस्तिक चिन्तन नै यस कविताको मूल विषयको रूपमा रहेको छ । प्रस्तुत कविताका सुरुका पाँच श्लोकमा ढुङ्गामा सुतेका युवकले घाँस काट्ने गोठालालाई किन घाँस काटेको भनी प्रश्न गर्दा धारा, पाटि, कुवा बनाउने मन छ भन्ने उत्तर दिएको प्रसङ्ग रहेको छ । छैटौ देखि दसौँ श्लोकमा परोपकार तथा कीर्तिका लागि घाँस बेचेर जनहितको कार्य गर्ने सत्इच्छा घाँसीले व्यक्त गरेपछि ती युवकका अन्तस्करणमा नयाँ प्रेरणा जागेको तथ्य उल्लेख छ । साथै घाँसी उच्च विचारबाट युवकको आँखाबाट आँसु झरी ढुङ्गामा 'राम'नाम लेखिएको सुन्दर कल्पना रहेको पाइन्छ । त्यसपछि उनले **रामयण**को रचना गरी सबैतिर राम कथा प्रचार भएको घटना वर्णित रहेको छ । अन्तिमका पाँच श्लोकमा सबैतिर कथाको गान गरिएको भन्दै भानुभक्तलाई 'शुक्रतारा'को उपमा कविले दिएका छन् । साथै कविले भानुभक्त जस्ता कविलाई जन्म दिने घाँसी नेपाल

भरि हुन भन्ने इच्छा पनि प्रकट गरेका छन् । भानुभक्तले मिठासपूर्ण नेपाली भाषाको निर्माणमा सहयोग पुऱ्याएकामा उनको महिमा गान गरिएको छ ।

मान्त्रिक छन्दका बीस श्लोकमा सीमित 'घाँसी' कवितामा आन्तरिक तथा अन्त्यानुप्रासको सुन्दर आयोजनाले सङ्गीतात्मकता प्रबल रहेको पाइन्छ । तत्सम तद्भव शब्दहरूको बहुलता रहेको यसमा चमचम, चरचर जस्ता अनुकरणात्मक शब्दले भाषिक सौन्दर्यलाई उच्च बनाएको छ ।

जीवन क्षणिक भएको हुँदा मानव कल्याणमा लाग्नुपर्ने विचारका क्रममा 'घाँसी'मा निम्नलिखित स्वच्छन्दतावादी प्रवृत्तिहरू रहेको पाइन्छ ।

क) प्रकृतिप्रेम ख) काल्पनिकता ग) आत्मपरकता घ) सौन्दर्यात्मक

ङ) मानवतावाद च) सरलता छ) देशप्रेम ज) आध्यात्मिकता ञ) सरलता

## ४.३ निष्कर्ष

**भिखारी** कवितासङ्ग्रह कवि देवकोटाको आरम्भकालीन समय (१९९१ सालदेखि १९९८ सम्म) का २२ वटा फुटकर कविताहरूको सङ्ग्रह हो । यी सबै कविताहरू प्रथमपटक *शारदा, उदय* र *उद्योग* पत्रिकामा प्रकाशित भएको देखिन्छ । लय विधान का दृष्टिले मात्रिक र वर्णमात्रिक छन्दको आयोजना रहेको पाइन्छ । यसमा सरल सुबोध प्रवाहमय भाषाशैलीमा अलङ्कार तथा प्रतीकको स्वाभाविक प्रयोग गरिएको छ । तत्सम तदभव र आगन्तुक सबै स्रोतका शब्दहरूको कुशल संयोजन यसमा रहेको छ । झर्रो, ठेट, अनुकरणात्मक आदि शब्दहरूको प्रयोगमा वर्णनात्मक संवादात्मक, प्रश्नोत्तरात्मक र साङ्केतिक शैलीको प्रयोग यस सङ्ग्रहका कविताहरूमा रहेको पाइन्छ ।

अठारौँ शताब्दीको उत्तरार्द्धमा युरोपमा देखापरेको स्वच्छन्दतावादी नवमान्याताबाट प्रभावित कवि देवकोटाको भिखारी कवितासङ्ग्रहमा तिनै स्वच्छन्दतावादी प्रवृत्तिहरूको प्रभाव परेको छ । त्यसको अध्ययनका लागि यस अघि नै **भिखारी** कवितासङ्ग्रहका कविताहरूको पठन गरिएको छ । त्यस पठनबाट प्राप्त

**भिखारी** कवितासङ्ग्रहका स्वच्छन्दतावादी विशेषता वा प्रवृत्तिहरू निम्नअनुसार रहेका छन् -

क) **प्रकृतिचित्रण** -प्रकृतिको सुन्दर शान्त चित्रण यस सङ्ग्रहमा रहेको पाइन्छ । प्रकृतिलाई ज्ञान, दर्शन, सभ्यता तथा प्रेमको केन्द्रका रूपमा चित्रण गर्दै प्रकृतिको मानवीकरण गरिएको छ । यस दृष्टिबाट महत्त्वपूर्ण कविताहरूमा 'बादल', 'तिनको घाँसिया गीत', 'सन्ध्या गरीब', 'किसान' चारु' र वसन्त पर्छन् ।

ख) **काल्पनिकता**-आफूले देखेको भोगको तथा नदेखेको, इन्द्रियातीत, भूत, भविष्य सबैका पक्षको चित्रण गर्नसक्ने मनमस्तिष्कको सिर्जनशील तथा पुनर्निमाणशील तत्त्व नै कल्पना हो । यस दृष्टिबाट महत्त्वपूर्ण कविताहरूमा 'बादल', 'सन्ध्या', 'वन', 'बालककाल', 'वृक्ष', 'गरीब', 'घाँसी' रहेका छन् ।

ग) **सौन्दर्यात्मकता**- सौन्दर्य भन्नाले भाव र कलापक्षको समन्वित रूप वा मनोरम रूपलाई बुझाउँछ । यस दृष्टिबाट महत्त्वपूर्ण कविताहरूमा 'भिखारी', 'सन्ध्या यात्री', 'प्रश्नोत्तर', 'गरीब', 'चारु', 'घाँसी' पर्दछन् ।

घ) **आत्मपरकता–**आफ्ना भावना, अनुभूति एवम् निजीदृष्टिकोणहरू कवितामा व्यक्त गरिएको पाइन्छ । कविलेखकले आफ्ना अनुभवलाई महत्त्व दिदै हार्दिकताको प्रस्तुति गर्ने गर्छन् । यस दृष्टिमा महत्त्वपूर्ण कविताहरूमा 'भिखारी' 'बादल', 'सन्ध्या', 'बालककाल', 'गरीब', 'किसान' रहेका छन् ।

ङ) **रहस्यात्मकता**- अन्तस्करणका अनुभूतिहरूले अलौकिक, सत्य वा परमसत्ता ईश्वर आदिको साक्षातकार गराउँछ भने त्यसलाई रहस्य भनिन्छ । यसमा संसारको नियामक सत्तालाई स्थापित गरिएको हुन्छ । यस दृष्टिबाट महत्त्वपूर्ण कविताहरूमा 'भिखारी', 'यात्री', 'प्रश्नोत्तर', 'वृक्ष' तथा 'किसान' रहेका छन् ।

च) **मानवता**- दीन दुःखी, गरिब, तल्लातहका मान्छेहरूलाई सहानुभूति तथा प्रेमको दृष्टिले मानवोचित व्यवहार गर्नु वा मानवसेवा गर्नु नै मानवता हो । यस दृष्टिबाट महत्त्वपूर्ण कविताहरूमा 'भिखारी', 'मार्ग', 'यात्री', 'वन' पर्दछन् ।

छ) **विद्रोहात्मकता**- सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक, साहित्यिक विसङ्गतिप्रतिको आक्रोशको भाव नै विद्रोह हो । असमानता, तथा शोषणले उनीहरूमा विद्रोहात्मक भाव जगाउने गरेको पाइन्छ । यस दृष्टिबाट उल्लेखनीय कविताहरूमा 'यात्री', 'वन', 'बालककाल', 'जीवनवन' रहेका छन् ।

ज) **सरलता**- विषयगत र शिल्पगत रूपमा स्वभाविक सरल अभिव्यक्ति नै सरलता हो । यस दृष्टिमा महत्त्वपूर्ण कविताहरूमा सबै नै रहेको पाइन्छ ।

झ) **पलायन तथा निराशावाद** समाजमा विद्यमान विसङ्गतिप्रति सशक्त सङ्घर्ष नगरी सुखद कल्पनामा रम्ने र विसङ्गतिले निराश हुने प्रवृत्ति नै पलायन तथा निराशावाद हो । यस प्रकारको भाव व्यक्त भएका कवितामा 'सम्झना', 'बालककाल', 'गरीब', 'जीवन' रहेका छन् ।

ञ) **आस्तिकता तथा कर्मवादी चिन्तन**- ईश्वरप्रति वा कुनै वा कुनै अलौकिक वा प्रकृतिको नियामक शक्तिप्रति नतमस्तक हुनु वा आस्था राख्नु अस्तिकता हो । यस प्रकारको प्रवृत्ति 'भिखारी', 'यात्री', 'गरीब', 'घाँसी' कवितामा पाइन्छ । गीताको कर्मयोगलाई महत्त्व दिदै त्यसप्रति सबैलाई लगनशील हुन आग्रह गर्ने प्रवृत्ति नै कर्मवादी चिन्तन हो । यसमा कर्मद्धारा नै ईश्वरको पूजा गर्नु पर्ने विचार रहेको हुन्छ । यसप्रकारका प्रवृत्ति 'माली', 'यात्री', 'वन', 'प्रश्नोत्तर', 'गरीब', 'किसान', 'घाँसी' कवितामा रहेको पाइन्छ ।

ट) **अतीतोन्मुखता**- प्राचीन, पौराणिक ऐतिहासिक विषयवस्तुप्रतिको मोह नै अतीतोमुखका प्रवृत्ति हो । 'बालककाल' कवितामा यस्तो प्रवृत्ति रहेको छ ।

ठ) **सङ्गीतात्मकता**- अनुप्रास, अनुकरणात्मक शब्द, कान्तिमय पद पदावलीको माध्यमद्वारा अन्तरअनुभूतिहरूको रागमय उद्गार यिनीहरूले गर्ने हुँदा यिनीहरू

बढी सङ्गीत-प्रेमी रहेका हुन्छन् । यस प्रकारका कविताहरूमा 'तिनको घाँसिया गीत', 'सन्ध्या', 'यात्री', 'चारु' रहेका छन् ।

ड) **आदर्श तथा नैतिकता**- सांसारिक क्षणिक भोगविलासमा नलागी परोपकार प्रेम मानवकल्याण आदिमा लाग्नु पर्ने उपदेश नै आदर्शवाद हो । 'भिखारी', 'यात्री', 'वन', 'प्रश्नोत्तर', 'जीवन वन', 'घाँसी' कविताहरू यसप्रकारक कविताहरू हुन् ।

ढ) **अलङ्कार-प्रतीक**- साहित्यका शोभाकारक धर्म वा काव्यमा सौन्दर्यको वृद्धि गर्ने आभूषणहरू नै अलङ्कार तथा प्रतीकहरू हुन् । यसको सहज प्रयोग 'भिखारी', 'माली', 'सन्ध्या', 'यात्री', 'वृक्ष', 'चारु', कवितामा रहेको पाइन्छ ।

यसका अतिरिक्त यस सङ्ग्रहमा रहेका अन्य गौण प्रवृत्तिहरूमा सहास वीरता, अनन्तकामना, स्वाधीनता, ऐकान्तिकता, भावुकता, औपदेशिकता आदि रहेका छन् ।

# परिच्छेद – पाँच

## ‘भिखारी’ कवितासङ्ग्रहमा स्वच्छन्दतावादी मान्यताहरूको विश्लेषण र मूल्याङ्कन

### ५.१ पृष्ठभूमि

स्वच्छन्दतावादी मान्यताबाट प्रभावित र प्रेरित रहेका कवि देवकोटाको कवितासङ्ग्रह **‘भिखारी’** को पठन चौथो परिच्छेदमा गरिएको छ । **भिखारी** कविता सङ्ग्रहको यस पठनबाट एक दर्जनभन्दा बढी स्वच्छन्दवादी मान्यताहरू प्राप्त भएका छन् । **‘भिखारी’** कवितासङ्ग्रह पढनबाट प्राप्त तिनै स्वच्छन्दतावादी प्रवृत्तिहरूको विश्लेषण र मूल्याङ्कन यस पाँचौँ परिच्छेदमा गरिएको छ ।

### ५.२ ‘भिखारी’ कवितासङ्ग्रहमा स्वच्छन्दतावादी मान्यताहरू

#### ५.२.१ प्रकृतिचित्रण

हिमालयदेखि समुद्रसम्मका वनजङगल, हावापानी, खोलानाला, जीवजन्तु तथा ग्रह नक्षेत्र आदि मानिसले बनाएका कृत्रिम वस्तुबाहेक सम्पूर्ण चराचर सृष्टि नै प्रकृति हो ।[२] उपर्युक्त प्रकृति स्थूल प्रकृति हो भने यिनको निर्माता सृष्टिकर्ता वा विनाशकका रूपमा रहेको अदृष्य मूलशक्ति सूक्ष्म प्रकृति हो ।[३] प्रकृतिलाई स्वच्छन्दतावादीहरूले भावोद्बोधनको प्रक्रियाको केन्द्रीय शक्तिका रूपमा लिएको पाइन्छ । यिनीहरू प्रकृतिको अभिन्न प्रेमी हुन्छन र प्रकृतिलाई एक सचेत सत्ताका रूपमा स्वीकार्दै त्यसैमा विश्वात्माको दर्शनसमेत गर्छन् ।[४] यिनीहरूले प्रकृतिलाई ज्ञान र सभ्यताको स्रोतका रूपमा पनि लिएको पाइन्छ ।

कवि देवकोटाले **भिखारी** कवितासङ्ग्रहमा प्रकृतिका विभिन्न स्वरूपको चित्रण गरेका छन् । उनले मानवीकृत, इन्द्रियसंवेद्य, आत्मपरक, वस्तुपरक, शान्त, सुन्दर आदि विविध प्रकृतिका स्वरूपहरू यस सङ्ग्रहमा प्रयोग भएको पाइन्छ ।

---

२ कुमारबहादुर जोशी, **देवकोटाका कविताकृतिमा प्रकृति** (काठमाडौः सरस्वती प्रकाशन २०५३) पृ. ४,७ ।

३ ऐजन पृ. ७,८ ।

४ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली** चोथो संस्क. (ललितपुरः साझा प्रकाशन २०५१) पृ. १७७ ।

'सन्ध्या' कवितामा कविले सन्ध्या सचेत प्राकृतिक सुन्दरीका रूपमा धर्तीमा कोमल पाउ उचालेर बादलको घुम्टो ओडेर आएकी भन्दै प्रकृतिको आत्मपरक एवम् मानवीकृत स्वरूपका चित्रण गरेको पाइन्छ, [५] जस्तैः-

ललित चढयो अब लाली !

अस्ताचलतिर सन्ध्या ओर्लिन्

हलुका पयर उचाली

रजत दिवाकर उनका करमा

बने सुनौला थाली ।

कवि देवकोटाले 'बादल' कवितामा प्रकृतिको यथार्थ स्वरूपमा कुनै हस्तक्षेप नगरी जस्ताको तस्तै प्रकृतिको वस्तुपरक चित्रण गर्ने प्रवृत्ति पनि देखाएका छन्, जस्तैः-

हेर्छौं दिव्य प्रदर्शिनी पृथिवीको,

डाँडा र मैदानको

खाल्डा, खोंच हिमालका र वनका

नङ्गा र उद्यानको

कविले **'भिखारी'** कवितासङ्ग्रहमा मानवलाई प्राकृतिक बिम्बद्वारा प्राकृतिकीकरण गरेको पनि पाइन्छ । जस्तैः-

यौटा किसान घरको सुकुमारी फूल

यौटै भएर रसिली हँसिली अमोल ॥ 'चारु'

प्रस्तुत पङ्क्तिमा चारुलाई फूलको विम्बद्धारा प्राकृतिकीकरण गरिएको छ ।

---

५ नित्यराज पाण्डे, **महाकवि देवकोटा** (ललितपुरः मदनपुरस्कार गुठी २०१७) पृ. १६९ ।

स्थानीय परिवेशको प्राकृतिक सौन्दर्यलाई प्रस्तुत गर्ने क्रममा प्रकृतिको इन्द्रियसंवेद्य चित्रण पनि कविले गरेका छन् । यस क्रममा उनले रूप, रस, गन्ध, ध्वनि, स्पर्श, तथा रङ्ग पक्षको चित्रण गरेको पाइन्छ । जस्तैः

रूप- हेर्छौं दित्य प्रदर्शनी पृथिवीको,
डाँडा र मैदानको
खाल्डा, खोंच हिमालका र वनका
नङ्गा र उद्यानको 'बादल'

रस- दिन दिन दर्शन जीवनपथमा,
दिन्छिन सन्ध्या हाँसी जनमा
दिन दिन पाई मुसकान
दिनदिन गर्दै मदिरा पान, 'सन्ध्या'

गन्ध - फुल्दा यताउति सुवास दिने चमेली
बेली, गुलाब, हसिना जुनसाथ खेली 'किसान'

स्पर्श - पङ्खा छ मेरो वटवृक्ष सुन्दर
समीर हम्कीकन चल्छ सर्सर । 'गरीब'

रङ्ग - वदन गुलावी सुनको रोगन
बादल चादर फैलाइकन । 'सन्ध्या'

ध्वनि - पातहरूको हरियो छतमा
चिरविर छिरविर चिडिया लाख ।

'तिनको घँसिया गीत'

कवि देवकोटाले **भिखारी** कवितासङ्ग्रहमा अन्य विविध प्रकृतिका रूपहरूमध्ये शृङ्गारिक, शान्त उराठ, उद्दीपक, सूक्ष्म रूपहरूको पनि चित्रण रहेको पाइन्छ ।

शान्त प्रकृति - राख्छन् प्रेमी शान्त सरोवर,
वक्षस्थलमा मूर्ति मनोहर,
कविको निर्मल हृदयउदरमा
प्रतिबिम्बित झैं शान्त सुन्दर ।

'सन्ध्या'

शृङ्गारिक प्रकृति - एक अकेली, नयन उज्याली,
बदन हँसिली गाला लाल,
हलुका घुँघर घना मनोमन
चुम्बित, सरस सुभाल ।

'तिनको घँसिया गीत'

उराठ प्रकृति - जब पृथिवीमा वादल आउँछ
जीवनमाथि विषाद
जब वर्षन्छन् आँसु झरी
उरमा शुष्क उजाड ।

'सम्झना'

उद्दीपक प्रकृति - हराभरा भै उठ्छ बलौटो
खेल्दछ शीतल जल
गाउँछ कोकिल मनमा ल्याउँछ
एक वसन्त मृदुल ।

'सम्झना'

समस्त विश्व ब्रम्हाण्डको सृष्टि स्थिति र संहार गर्ने अदृष्य मूल रहस्यमय शक्ति नै सूक्ष्म प्रकृति हो र यो अगोचर हुन्छ ।[६] यस प्रकारको सुक्ष्म प्रकृतिको चित्रण पनि यस सङ्ग्रहमा रहेको छ, जस्तैः

'फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्त्व खुल्छन् '

'प्रश्नोत्तर'

---

[६] कुमारबहादुर जोशी, पूर्ववत, पृ. ८ ।

गीतामा व्यक्त भएको सांख्य दर्शनको रज, तम र सत्व गुणको साम्य अवस्था नै प्रकृति भएको हुँदा प्रकृतिलाई दर्शनको मूल मानिन्छ । [७] यही प्रकृतिको दार्शनिक चित्रण यस सङ्ग्रहमा रहेको छ । जस्तैः -

छन दिव्य दर्शन अनेक मुना मुनामा
सद्ज्ञान छन् प्रकृतिका हरिया कुनामा ।

'किसान'

प्रकृतिप्रेमको कारणले गर्दा स्वच्छन्दतावादी साहित्यमा प्रकृतिका विविधरम्य स्वरूप तथा रहस्यहरूको चित्रण एवम् उद्घाटन अत्यन्त हृदयसंवेध तथा इन्द्रियग्राह्य रूपमा गरिने हुँदा [८] यिनीहरू प्रकृतिका उपासक रूपमा देखिन्छन् । त्यसैले देवकोटाले यस सङ्ग्रहमा पनि उपर्युक्त ढङ्गमा प्रकृतिका विविध स्वरूपको चित्रण गरेको पाइन्छ ।

### ५.२.२ काल्पनिकता

स्वच्छन्दतावादको मुख्य स्रोत नै कल्पनाको अविरल प्रवाह हो ।[९] यसै कारण स्वच्छन्दतावादीहरू कठोर एवम् यान्त्रिक जीवनजगत्बाट पृथक रहेर मनोरम काल्पनिक जगत्मा रमाउन पुग्छन् । [१०] कल्पना अनुपस्थित दृष्यहरूको सूक्ष्म स्वरूप तथा सत्य प्रदर्शन गर्ने त्यो दिव्यशक्तिको मानव आभाष हो, जसको शक्ति विशाल सिर्जनाका विविधता र चमत्कारमा दृष्यमान हुन्छ ।[११] कल्पना मानशिक शक्ति भएको हुँदा यसले असङ्गति र विरोधी अवधारणाको समन्वय गर्दछ । अधिकांश स्वच्छन्दवादीहरूका लागि कल्पना भनेको प्रभाव, विचार, अनुभूति तथा संस्मरणको

---

७ नित्यराज पाण्डे, पूर्ववत, पृ. १६७ ।

८ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ. १७७ ।

९ ऐजन, पृ. १७६ ।

१० ऐजन ।

११ लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह** सत्रौं संस्क. (ललितपुरः साझा प्रकाशन २०६४ पृ. १०७, १०८।

अवस्थामा अर्थका सङ्गति सिर्जना गर्नु हो भन्ने रहेको पाइन्छ ।[१२] त्यसैले कल्पनाकै कारणले दृश्य-अदृश्य, भूत, वर्तमान, र भविष्यबीच ऐक्य सम्बन्धको स्थापना हुन सकेको हो । **भिखारी** कवितासङ्ग्रहका कवितामा कल्पनाको प्रचुरता रहेको पाइन्छ । यस सङ्ग्रहमा कल्पनाको सुन्दर प्रयोग भएका कविताहरूमा 'बादल', 'तिनको घँसिया गीत', 'सन्ध्या', 'बालककाल' र 'घाँसी' उल्लेखनीय रहेका छन् ।

'बादल' कविता काल्पनिक कविता हो । बादल मान्छे भएर आफ्नो जन्म गृष्ममा सूर्यका किरणहरू पानीमा पर्दा भएको र किरणकै सिँढी चढेर आकाशमा फैलिएको सुन्दर कल्पना कवितामा रहेको छ । आकाशमा हावाले यात्रा गराएको र पृथ्वीको दिव्यसौन्दर्यको अवलोकन गर्न पाएको काल्पनिक चित्र बादलले व्यक्त गरेको छ । जस्तैः

हाम्रो व्योमविहारको मन थियो
  उँचा थियो कामना,
हामी सुस्त चढ्यौं सफा किरणका
  साना मसीना सिंढी ।

'तिनको घँसिया गीत' कवितामा पनि कल्पनाको रमणीय प्रयोग रहेको छ । यसमा एक घँसिनीले सुन्दरीजलको मनोरम वातावरणमा गाएको मधुर गीतको काल्पनिक सौन्दर्यको भव्य एवम् जादुमय चित्रण गरिएको छ । मखमली घाँसले भरिएको पहाडको शान्त काखमा एक सुन्दरी घँसिनी घाँस काट्तै गाएको मधुर गीत नै विश्वसङ्गीतको प्रतिरूप भएको जीवन्त कल्पना कविले प्रस्तुत गरेका छन् । जस्तैः

मुटुको चाल छ ताल मिलेको
  विश्व छ एक सङ्गीत
सुन्दरीजलमा शीतल थलमा

---

१२ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, **पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त** (काठमाडौं विद्यार्थी पुस्तक भण्डार २०६१) पृ. २८९ ।

गाइन् तिनले घँसिया गीत ।

'सन्ध्या' कवितामा सन्ध्यालाई परीका रूपमा कल्पना गर्दै मुस्कुराउँदै भएको उनको आगमनले समस्त जीवन जगत्, सुन्दर आनन्दित एवम् कान्तिपूर्ण बनेको रमणीय कल्पना कविले प्रस्तुत गरेका छन् । साथै सन्ध्याकै सौन्दर्यको प्रभावबाट मनुष्यले आफ्नो सभ्यताको विकास गरेको काल्पनिक चित्र पनि प्रस्तुत गरिएको पाइन्छ ।[१३] बादलको घुम्टो ओडेर हातमा सुनौला सूर्यको थाली लिएर पृथ्वीमा आएकी सन्ध्यालाई तलाउले प्रेमिका मानेको नौलो कल्पना कविले गरेका छन्, जस्तैः

राख्छन् प्रेमी शान्त सरोवर

वक्षस्थलमा मुर्ति मनोहर,

'बालककाल' कवितामा कविले सभ्यता र आधुनिकताको बोझे आदर्शमा थुनिएको धनसम्पत्तिको लालच, चिन्ता, वेदना आदिको चक्रमा पिल्सिएको जीवनबाट मुक्त हुने भाव व्यक्त गरेका छन् । यस क्रममा उनले वालककालक निश्छलता एवम् स्वर्गीय आनन्दको काल्पनिक अनुभव प्रस्तुत गरेका छन् । यस कवितामा प्रकृतिसँगको निकट सम्पर्कले बाल्यकाल सुन्दर, स्वच्छ एवम् तनाबरहित रहको काल्पनिक चित्र निम्नबमोजिम प्रस्तुत गरिएको पाइन्छ -

आँखा खोली झिलिमिली जगत्मा आश्चर्यमा घुम्दछौं ।

लीला दिव्य अजान खेलि दगुरी वैचित्र्यमा रम्दछौं ।

'घाँसी' कवितामा भानुभक्तलाई देवकोटाले ढुङ्गामा सुतेका युवकका रूपमा चित्रण गरेका छन् । त्यही नजिकै घाँस काट्नै गरेको घाँसीलाई युवक भानुभक्तले किन घाँस काटेको भन्ने प्रश्न गर्दा परोपकारका लागि कुवा खनाउने धारापाटि बनाउने, उत्तर घाँसीले दिन्छ । घाँसीको यस्तो उच्च विचारबाट भावविभोर हुँदा उनको आँखाबाट आँसु झर्छ र त्यसबाट 'राम' नाम लेखिएको सुन्दर कल्पना 'घाँसी'मा प्रस्तुत गरिएको छ, जस्तैः-

---

१३ कुमारबहादुर जोशी, **कविता चर्चा** (ललितपुरः साझा प्रकाशन, २०४७) पृ. १०८, १०९।

थोपा दुइटा गुडिकन टप्के

शान्त शिलामा अभिराम ।

रेखा सुन्दर पर्न गएछन् ।

देखे दुइटा अक्षर 'राम' ॥

स्वच्छन्दतावादीहरू कल्पनाकै प्रधानताका कारणले प्रकृतिमा ईश्वरीय सत्ताको अनुभव गर्छन ।[१४] देवकोटाले पनि कल्पनालाई दैवी शक्तिका रूपमा स्वीकार्दै **भिखारी** कवितासङ्ग्रहमा यसको प्रचुर प्रयोग गरेका छन् ।

### ५.२.३ मानवतावाद

मानवीय अस्तित्वलाई सर्वाधिक महत्त्व दिँदै समानता स्वतन्त्रता तथा विश्वबन्धुत्वको भावनालाई स्वच्छन्दतावादमा प्रश्रय दिएको पाइन्छ ।[१५] रुसोको समानता स्वतन्त्रता र भ्रातृत्व सम्बन्धी दृष्टिकोणबाट प्रभावित यसले दुःखीपीडित ग्रामीण जनजीवतप्रति सहानुभूति र संवेदना प्रकट गर्दछ ।[१६] स्वच्छन्दतावादीहरू स्वर्ग भन्दा पृथ्वीलाई प्रिय ठान्छन् । यिनीहरू मानवकल्याणकालागि जस्तोसुकै सङ्घर्षमा ओर्लन तयार हुन्छन् ।[१७] यिनीहरूको अभीष्ट नै भ्रातृत्व, मानवकल्याण तथा विश्वबन्धुत्व रहेको पाइन्छ । **भिखारी** कवितासङ्ग्रहमा मानवतावादी दृष्टिकोण सशक्त रूपमा प्रस्तुत भएको छ । यस्ता कविताहरूमा 'भिखारी', 'यात्री', 'वन', तथा प्रश्नोत्तर रहेका छन् ।

'भिखारी' कवितामा समाजमा कुनै व्यक्ति कुवेरपति कुनै दरिद्रताको कारण एक गाँसको निम्ति वृद्ध भएपनि आँगनमा चाहार्नुपर्ने भिखारीको दयनीय स्थिति देख्दा

---

१४ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ-१७६ ।

१५ कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुख बाद, चौथो** संस्क. (**ललितपुरः साझा प्रकाशन २०५७) पृ-१२४**

१६ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत पृ-२८९

१७ बानीरा गिरी, **कवि गोपालप्रसाद रिमालका कवितामा स्वच्छन्दतावाद,** विधावारिधि अप्रकाशित शोधग्रन्थ, (काठमाडौँ: मानविकी तथा सामाजिकशास्त्र सङ्काय त्रिभुवन विश्वविद्यलाय २०३९) पृ-८२

कविको हृदय सहानुभूति एवम् संवेदनाले भरिएको पाइन्छ । [१८] समाजको यस्तो दयनीय अवस्था देखाई कविले समाजको ध्यान भिखारीतिर आकर्षित गरेका छन् ।[१९] भिखारीको शारीरिक दुर्बलता र गरिबीको मर्मस्पर्शी चित्रण गर्दै उसको मानव अस्तित्वलाई महत्त्व दिन ऊ मानवीय संवेदना जगाउन घरघर आएको ईश्वर हो भन्ने विचार कविको रहेको पाइन्छ, जस्तैः

मान्दछ करुणा भाइहरूमा आई पृथिवीवारि,

मान्दछ भिक्षा ईश्वर मेरो आँगनमा एक भिखारी ?

कविले भिखारीको एकातिर अत्यन्त करुणोत्पादक एवम् मर्मस्पर्शी चित्रण गरेका छन् भने अर्कातिर आर्थिक विषमता देखाई त्यसको विरोधका साथ मानवतावादी चिन्तनलाई पनि प्रस्तुत गरेका छन् । [२०]

मानवतावादी चिन्तन प्रस्तुत गरिएको अर्को कविता 'यात्री' पनि हो । यस कवितामा मानिसलाई सर्वोच्च रूपमा स्थापित गर्दै ऊ ईश्वरको जीवन्त मन्दिर एवम् मूर्ति रहेको तथ्य प्रस्तुत गरिएको छ । कविले यस कवितामा मानिसको काँध चढेर धर्म गर्न मन्दिर जाने यात्रीलाई सम्बोधन गर्दै मानव कल्याण नै धर्म हो भन्ने शिक्षा दिएको पाइन्छ । मानिसको अन्तिम लक्ष्य नै मानव सेवा रहेको हुनाले दुःखीत, पीडित तथा गरिब वर्गका मानिसहरुको मान्छेको सेवा तथा कल्याण गर्नु नै परम कर्तव्य तथा मानवतावाद हो [२१] भन्ने विचार व्यक्त गर्दै कवि मानवसेवाका लागि आर्तहरूका घाउमा मलम लगाइदिन अनुरोध गर्छन्, जस्तैः-

फर्क फर्क हे ! जाऊ समाऊ

मानिसहरूको पाउ

---

१८ नित्यराज पाण्डे पूर्ववत्, पृ-१३० ।

१९ ऐजन् पृ-१३० ।

२० कुमारबहादुर जोशी, **कविता चर्चा** पूर्ववत्, पृ-१०८, १०९ ।

२१ नित्यराज पाण्डे पूर्ववत् पृ-१९२ ।

मलम लागऊ आर्तहरूको

चहराइरहेको घाउ ।

भिखारी कवितासङ्ग्रहको 'वन' कवितामा पनि मानवतावादी चिन्तन प्रस्तुत गरिएको पाइन्छ । साथै यसमा आदर्शवादी मानवतावाद तथा विश्वबन्धुत्वको उदात्त अवधारणा पनि कविले र प्रस्तुत गरेका छन् । संवादात्मक शैलीको यस कवितामा कविलाई कुबेर, लालसा, यश, शक्ति, इन्द्र, योगी आदिले धनसम्पत्ति यश जागिर आदिको लोभ देखाएका छन् । कविले त्यसलाई अस्वीकार गर्दै मानवसेवाका लागि आफू प्रतिबद्ध रहेको जानकारी यस कवितामा दिएको पाइन्छ, कवि भन्छन् :

शक्ति प्रियाले आई बोलिन् 'दिन्छु म मीठो मेवा।'

मैले बोलें, 'मेरो अमृत मानिसह को सेवा ॥'

'वन' कवितामा कविले सांसारिक विलास तथा शक्तिको तिरस्कार गर्दै मानव सेवा र विश्वबन्धुत्वको भावना, अभिव्यक्त गरेको पाइन्छ । [२२]

कवि देवकोटाले 'प्रश्नोत्तर' कवितामा मानवसेवामा अरूलाई मात्रै नभएर सेवकलाई पनि परमानन्द प्राप्त हुने तथ्य प्रकट गरेका छन्, कवि भन्छन्:

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?

आफू मिटाइ अरुलाई दिनू जहाँ छ ।

मानवजातिको आत्मप्रतिष्ठा र त्यसको अन्वेषण नै कविको जीवनको सम्पूर्ण सङ्घर्षको मूल तत्त्व र देवकोटीय स्वको चेतना हुन पुग्दा देवकोटा मानवतावादी कवि हुन पुगेका हुन् ।[२३]

---

२२ कुमारबहादुर जोशी, **कविता चर्चा** पूर्ववत्, पृ. १०९।

२३ गणेशबहादुर प्रसाई, **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्य धारा** (काठमाडौं: ने.रा.प्र.प. २०४८) पृ.-१८३ ।

### ५.२.४ सौन्दर्यात्मकता

सौन्दर्य भावपक्ष र कलापक्षको सुन्दर समन्वयमा प्रतिबिम्बित रहेको हुन्छ । स्वच्छन्दतावादी काव्यकृतिमा कल्पनाको प्राचुर्यले सुन्दर भावना जतातततै फिँजिएको हुन्छ, साथै यिनीहरू सम्पूर्ण सृष्टिलाई नै सुन्दर ठान्छन् ।[२४] यिनीहरू सौन्दर्यलाई चिरन्तन तथा सर्वोच्च सत्य पनि मान्छन् । [२५] यिनीहरूको सौन्दर्य भन्नाले सत्यको चैतन्यबाट असङ्गतिको लयदार मिलाप, दर्शन सूक्ष्म सम्बन्धहरूको आकर्षणलाई बुझाउँछ, जसले सत्यतिर लैजान्छ ।[२६] यिनीहरू स्थूल सौन्दर्यबाट सूक्ष्म सौन्दर्यको खोजी गर्दै प्रकृतिलाई नै सौन्दर्य अविनाशी स्रोतका रूपमा लिने गर्छन् ।

**भिखारी** कवितासङ्ग्रहका कविताहरूमा उच्च सौन्दर्यको प्रयोग भएको पाइन्छ । कवि देवकोटाले इन्द्रियसंवेद्य, काल्पनिक, दार्शनिक एवम् सूक्ष्मसौन्दर्य तथा भाषिक सौन्दर्यलाई यस सङ्ग्रहमा प्रयोग गरेका छन् ।

सौन्दर्यको अनुभूति गर्न संवेदनशीलता र इन्द्रियमा ग्रहणशीलता हुनुपर्छ भन्ने स्वच्छन्दतावादीहरूको मान्यता रहेका कारण काव्यकृतिमा रूप, रस, गन्ध, स्पर्श, ध्वनि सँग सम्बद्ध सौन्दर्यहरूलाई यिनीहरू सशक्त रूपमा अभिव्यक्त गर्छन् ।[२७] यस अनुरूप कवि देवकोटाले **भिखारी** कवितासङ्ग्रहमा ऐन्द्रिक सौन्दर्यलाई प्रस्तुत गरेको पाइन्छ, जस्तैः

रूपसौन्दर्य - हेरहेर ती झुत्रा चिथरा
हाय ! हे समय निष्ठुर ।
जीवनपथमा विचरा पथरा
काँपिरहेको थुरथुर । 'भिखारी'

---

२४ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ. १७७ ।

२५ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २८६ ।

२६ लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत् पृ. ८१ ।

२७ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २८७, २८८ ।

रस सौन्दर्य-   छ भोक मीठो रसिलो छ प्यास

छ अन्तमा व्यञ्जनको सुवास ।   'गरीब'

स्पर्श सौन्दर्य - चुम्दछ ईश्वर काम सुनौला

गरीरहेका हात ।   'यात्री'

गन्ध सौन्दर्य -तिम्रो श्वास सुवास भरी

चल्दछ मलय लहर   'सम्झना'

ध्वनि सौन्दर्य- गर्छिन मोहन मुटु मुस्कान

अहा चराका गद्गद् तान ।   'सन्ध्या'

कवि देवकोटाले घाँसी कवितामा ढुङ्गामा सुतेका युवक (भानुभक्त) ले घाँसी जस्तो सामान्य मान्छेले घाँस काटेर परोपकार र कीर्ति राख्ने उच्च विचार जब थाहा पाउँछन् तब उनी भावुक हुन्छन् । यसपछि युवक भावविभोर हुँदा उनका आँखाबाट आँसु झरेर ढुङ्गामा 'राम' नाम लेखिएको सुन्दर कल्पना रहेको छ । यसैबाट प्रेरित भई भानुभक्तले रामायणको रचना गरेको काल्पनिक सौन्दर्य यसमा व्यक्त भएको पाइन्छ, जस्तैः

थोपा दुइटा गुडिकन टप्के

शान्त शिलामा अभिराम ।

रेखा सुन्दर पर्न गएछन्

देखे दुइता अक्षर 'राम' ॥

कवि देवकोटाले 'किसान' कवितामा प्रकृतिका प्रत्येक कणकणमा, मुना मुनामा, तत्त्वज्ञान र सत्ज्ञान रहने भन्दै प्रकृतिलाई दार्शनिक सौन्दर्य रूपमा निम्नानुसार चित्रण गरेका छन् -

छन दिव्य दर्शन अनेक मुना मुनामा

सद्ज्ञान छन् प्रकृति हरिया कुनामा ।

कवि देवकोटाले ‘**भिखारी**’ कवितासङ्ग्रहमा भाषिक सौन्दर्यलाई पनि सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ । उनले आन्तरिक तथा अन्त्यानुप्रास, वृत्यानुपासको प्रयोग अनुकरणात्मक शब्दको संयोजनमा भाषिक शिल्पगत सौन्दर्यलाई यस सङ्ग्रहमा उच्च रूपमा प्रस्तुत गरेका छन्, जस्तै :

जलको छलछल, रविको ढलपल,
झिलमिल, बादल, चलमल पात
घाँस खिरिला लाल भरिला
यिनका छरिता कलिला हात ।

‘तिनको घँसिया गीत’

स्वच्छन्दतावादीहरू झिल्का स्वरूप प्रत्यक्ष सौंन्दर्यका आधारमा विराट सौन्दर्य स्वरूप अप्रत्यक्ष सौन्दर्यको खोजी गरी त्यसको आन्तरिक सौन्दर्यको अनुभव गर्ने हुँदा यिनीहरूको सौन्दर्य चेतना तीव्र रहेको पाइन्छ ।[२८] यही प्रवृत्ति नै देवकोटाको सौन्दर्य चेतनाको कारक हो । यसैले उनको यस **भिखारी** कवितासङ्ग्रहमा सौन्दर्य चेतना उच्च रहेको पाइन्छ ।

### ५.२.५ आत्मपरकता

निजी रुचि वैयक्तिक दृष्टिकोण तथा स्वकीय भावनाको अभिव्यक्तिको आत्मपरकता हो ।[२९] यस काव्यचिन्तनको दृष्टि सामाजिक नभएर व्यक्तिवादी किसिमको रहेको छ । स्वच्छन्दतावादीहरूका दृष्टिमा स्वतस्फूर्त आत्मानुभूतिको सहज, स्वभाविक बाह्य प्रकटीकरण नै साहित्य भएको हुँदा स्वच्छन्दतावादी काव्य कृतिहरूमा बौद्धिकता भन्दा हार्दिकता एवम् आत्मरागको अभिव्यक्तिले प्रधानता पाएको हुन्छ ।[३०] आत्मपरकतालाई अधिकतम महत्त्व दिने कान्ट जस्ता दार्शनिकाले वस्तुको वास्तविक

---

२८ ऐजन, पृ. २८७ ।

२९ ऐजन पृ. २८५ ।

३० ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १७६ ।

अस्तित्व नै त्यसलाई देखेर मस्तिष्कमा पर्ने प्रभाव वा प्रतीति हो भनेको पाइन्छ ।[३१] यस दृष्टिकोणलाई कवि देवकोटाले पनि स्वीकारेको पाइन्छ । उनका 'भिखारी', सन्ध्या 'गरीब', र 'किसान' उल्लेखनीय रहेका छन् ।

देवकोटाको 'भिखारी' कवितामा उनले झुत्रा, चियरा, मैला लुगाएको वृद्ध र घिनलाग्दो भिखारीलाई पनि वैयक्तिक र काल्पनिक रूपमा महत्त्वपूर्ण व्यक्तिका रूपमा स्थापित गरेका छन् । यसमा अन्तरनिहित देवकोटाको विचारधारा अन्य कुनै विचारसँग सम्बद्ध नभई हिन्दू मानवतावादी वैयक्तिक विचारधारा हो ।[३२] यसमा ईश्वरको प्रयोग 'ईश्वर सत्ता' को स्थापना गर्न नभई भिखारीको महत्त्व जनाउने प्रयोजन को[३३] निजी दृष्टिकोणबाट भएको देखिन्छ । भिखारीको महिमालाई माथि उचाल्न उनी  भिखारी मानवता, करुणा र संवेदना जगाउन आएको ईश्वर हो भन्ने निजी दृष्टिकोण प्रस्तुत गर्छन्, जस्तैः

माग्द करुणा भाइहरूमा

आई पृथिवीवारि

माग्दछ भिक्षा ईश्वर मेरो

आँगनमा एक भिखारी ?

'सन्ध्या' कवितामा देवाकोटाले सन्ध्याको आत्मपरक काल्पनिक चित्रण गरेको पाइन्छ । सन्ध्याले कविको मनमा पारेको प्रभावलाई कृतिमा प्रस्तुत गरिएको छ । कविले सन्ध्यालाई स्वर्गपरीका रूपमा मानवीकरण गरी हातमा सूर्य थाली लिएर मुस्कुराउँदै ओर्लेको वैयक्तिक प्रभावलाई रमणीयताका साथ चित्रण गरेका छन् । जस्तैः

ललित चढ्यो अब लाली

..................अस्ताचलतिर सन्ध्या ओर्लिन्

---

३१ वानीरा गिरी, पूर्ववत् पृ.७४ ।

३२ केशवप्रसाद उपाध्याय, **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह** सम्पा (बाराः देवकोटा स्मृति सभा २०५९) पृ ११० ।

३३ ऐजन पृ. १०९ ।

हलुका पयर उचाली

रजत दिवाकर उनका करमा

बने सुनौला थाली ।

**भिखारी** कवितासङ्ग्रहको अर्को कविता 'गरीब' मा देवकोटाका वैयक्तिक दृष्टिकोणहरू प्रस्तुत भएको पाइन्छ । कवितामा गरीबको घरबार छैन, छाक टार्ने कठोर समस्या छ, परिवारमा कोही छैनन्, जाडो गर्मी, घामपानी आदिमा ओतलाग्ने ठाउँ छैन तापनि कवि ऊ धनी रहेको निजी दृष्टिकोण राख्छन्, जस्तैः

गरीब भन्छौ ? सुखको म झै धनी

मिल्दैन संसारभरी कुनै पनि

उनी 'गरीब' कवितामा अभावै अभाव दुःखै दुःखमा बाँचेको एक गरिबलाई धनी व्यक्ति भन्दै आत्मपरक प्रवृत्तिलाई प्रतिबिम्बित गर्छन् ।

यस सङ्ग्रहको उनको अर्को आत्मपरक कविता 'किसान' रहेको छ । बर्खामा पराले झुपडी चुहिँदो होला, जाडामा ओडने नभएर थरथर काम्दो होला, छाक टार्ने गम्भीर समस्या होला, तर त्यो यथार्थतिर कवि ध्यान दिदैनन्,[३४] उनी भन्छन् :

न्यानो छ त्यो घर अहा सुख शान्ति बास

बत्ती छ सानु तर सुन्दर त्यो प्रकाश ।

स्वच्छन्दतावाद वस्तुगतताको साटो आत्मपरकलाई, चेतन र विवेकको नियन्त्रणको साटो अवचेतन प्राप्त प्रवाहतर्फ, बौद्धिकता र तार्किकताको साटो हार्दिकता तर्फ उन्मुख हुनाले [३५] स्वच्छन्दतावादी स्रष्टाका कृतिमा निजी दृष्टिकोण प्रवल रहेको हुन्छ । यो काव्यचिन्तन कवि देवकोटामा पनि तीव्र रहेको पाइन्छ ।

---

३४ नित्यराज पाण्डे, पूर्ववत्, पृ १५४ ।

३५ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ-१७६ ।

### ५.२.६ रहस्यात्मकता

अन्तस्करण वा आन्तरिक अनुभूतिका आधारमा परमसत्ता वा ईश्वरको दर्शनलाई नै रहस्य भनिन्छ । प्रकृति विश्वका काँटछाँट तथा सृजनामा चैतन्ययुक्त महापुरुषको सत्ताको प्रतिबिम्ब रहेको हुन्छ[३६] भन्ने अभिव्यक्ति रहस्यवादमा रहेको पाइन्छ । प्रकृतिका हरेक कणकणमा विराट सत्ताको सङ्केत गर्नका साथै दृश्यले अदृश्य र लौकिकले अलौकिक सत्ताको अस्तित्वलाई यस चिन्तनमा स्थापित गरिएको हुन्छ । कवि देवकोटा यस दृष्टिबाट बढी रहस्यवादी रहेका छन् । **भिखारी** कवितासङ्ग्रहका 'प्रश्नोत्तर' र 'वृक्ष' कवितामा देवकोटाको रहस्यवादी चिन्तन प्रबलरूपमा देखापरेको छ ।

'प्रश्नोत्तर' कवितामा कविले प्रकृतिको प्रत्येक काँटछाँटमा कुनै जादुगरी शक्ति तथा उसको सत्ता प्रतिबिम्बित रहेको सङ्केत गरेका छन् । कविले गुलाबको फक्रने, फुल्ने प्रक्रियामा तत्त्वज्ञान रहेको औल्याउँदै गुलाबमा रूप, आकार तथा उसको सुगन्धमा आकर्षण र मोहकताको विन्यास गर्ने कुनै सूक्ष्म तत्त्व रहन्छ जसको ज्ञानले समस्त ब्रम्हाण्डको ज्ञान हुने रहस्यमय विचार व्यक्त गरेका छन्, जस्तै :

फुल्दो गुलाबविच ज्ञान अनेक फुल्छन्

उद्यानमा बस गई सव तत्त्व खुल्छन् ।

**भिखारी** कवितासङ्ग्रहको 'वृक्ष' कवितामा जीवन र प्रकृतिको तुलना गर्दै सृष्टिको रहस्यलाई प्रस्तुत गरिएको छ । कवि भन्छन रूखलाई सानो एक बीजभित्र हालेर सीमित गरिएको हुन्छ भने एक सानो बीजमा विसाल रुखलाई अटाइदिएको हुन्छ ।[३७] दानामा विश्व र विश्वमा दाना राख्ने, अणुअणुमा सङ्गति राख्ने एक चैतन्य शक्ति एवम् रहस्य रहन्छ[३८] भन्दै कवि भन्दछन् :

यौटा बीज थियो, थियो रुख त्यहीँ अव्यक्त आकारमा

---

३६ लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत्, पृ-२७ ।

३७ ऐजन ।

३८ ऐजन ।

लाखौं पात बनोट सुन्दर थिए त्यो बीचमा टम्म नै ।

विश्वप्रकृति तथा मनुष्य जीवनको सञ्चालक अदृश्य विराट रहस्यको उद्घाटनतिर उन्मुख हुने स्वच्छन्दतावादी प्रवृत्ति वा चिन्तन[३९] देवकोटाको यस सङ्ग्रहमा रहेको पाइन्छ ।

### ५.२.७ सरलता तथा सहजता

सबै प्रकारका आडम्बरहरू बाह्य आलङ्कारिकता, साजसज्जा, छन्दको बन्धन, शास्त्रीयताको अतिशय आग्रह रूढिपना आदिबाट मुक्त भई स्वभाविक अलङ्कार लय अँगाल्ने प्रवृत्ति स्वच्छन्दतावादमा रहेका पाइन्छ ।[४०] जनसामान्यको बोलचालको भाषामा सहज भावको अभिव्यक्ति नै सरलता हो ।[४१] काव्यको उद्देश्य यदि भावको सम्प्रेषण हो भने परिष्कारवाद जस्तो क्लिष्टता र दुरूहतामार्फत होइन सरलता र सहजतामार्फत त्यो सम्भव हुन्छ ।[४२] सहजता भन्नाले प्राकृतिक हो , जुन झर्को लाग्दो प्रयास र पसिनाको कृत्रिम अलङ्कारको छवि भन्दा स्वतःस्फूर्त र स्वभाविक हुन्छ ।[४३] वस्तुविन्यास तथा भाषिक शिल्पका दृष्टिले **भिखारी** कवितासङ्ग्रह सरल तथा सहज रहेको छ ।

विषयवस्तुका दृष्टिकोणबाट प्रकृतिप्रेम, सौन्दर्य, सङ्गीतात्मकता, ग्रामीण प्रकृति, प्रकृति र मानववीचको घनिष्ट सम्बन्ध, ईश्वरप्रतिको आस्था, आदर्श नैतिकता जस्ता सरल प्रवृत्तिले[४४] **भिखारी** कवितासङ्ग्रह सरल मधुर कवितासङ्ग्रहका रूपमा रहेको देखिन्छ । भाषाशैलीका दृष्टिले प्रस्तुत सङ्ग्रहमा कवितामा प्रायशः सरल, मधुर, एवम् प्रवाहमय भाषा तथा स्वभाविक अलङ्कार प्रतीकको प्रयोगको विशेष भूमिका रहेको

---

३९ ईश्वरकुमार श्रेष्ठ, पुर्ववत् पृ.१७९ ।

४० मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ २८८ ।

४१ ऐजन ।

४२ वानीरा गिरी, पूर्ववत्, पृ. ६२ ।

४३ ऐजन, पृ ६३ ।

४४ कुमारबहादुर जोशी, **कविता चर्चा,** पूर्ववत्, पृ- १५४ ।

पाइन्छ । [४५] तत्सम, तद्भव र आगन्तुक तीनैथरी शब्दको प्रयोग भएपनि तद्भव बहुल शब्द संयोजनले सहज भावप्रवाह **'भिखारी'** कवितासङ्ग्रहमा रहेको पाइन्छ ।[४६] वर्णनात्मक संवादात्मक र प्रश्नोत्तरात्मक शैलीको प्रयोग यस सङ्ग्रहमा रहे पनि शैलीगत वैशिष्ट्यचाहिँ सहजता र सरलता नै रहेको पाइन्छ । [४७] **भिखारी** कवितासङ्ग्रह यस दृष्टिगत सरल नयाँ सहज कवितासङ्ग्रह हो । जस्तैः-

फर्क फर्क हे ! जाऊ समाऊ
मानिसहरूका पाउ
मलम लगाऊ आर्तहरूको
चहराइरहेको घाउ ।

'यात्री'

प्रस्तुत पङ्क्तिमा मानवतावादी चिन्तनको अभिव्यक्तिका लागि सरल तथा सहज भाषाशैली प्रयोग रहेको देखिन्छ । **भिखारी** कवितासङ्ग्रहका अन्य कविताहरू पनि यसै प्रकारले सरल तथा सहज रहेका छन् । स्वच्छन्दतावादीहरूको शैली शिल्प तथा वस्तु कृत्रिम र परिष्कारभन्दा अवचेतन प्राप्त स्वतःस्फूर्त अभिव्यक्तितिर जोड दिने प्रवृत्ति देवकाटामा पनि रहेको देखिन्छ । [४८]

### ५.२.८ विद्रोहात्मकता

विषयवस्तु र शिल्प दुवै पक्षमा साहित्यमा प्रचलित परम्परागत मान्यता वा सिद्धान्तको घोरभर्त्सना गर्दै त्यसबाट मुक्त काव्यकृति सृजना गर्नेतर्फ स्वच्छन्दतावादीहरू बढी सक्रिय रहेकाले स्वच्छन्दवादमा विद्रोही भावना प्रकट भएको

---

[४५] ऐजन ।
[४६] ऐजन ।
[४७] ऐजन ।
[४८] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १७८ ।

हो ।[४९] मानवजातिको हितमा अवरोध गर्ने सम्पूर्ण व्यवस्थाविरुद्ध जुध्नसक्ने रचनात्मक भाव भएको निरन्तरको अन्तरशक्ति नै यिनीहरूको विद्रोह हो ।[५०]

देवकोटाले **भिखारी** कवितासङ्ग्रहमा  साहित्यिक धार्मिक तथा आर्थिक विद्रोहलाई प्रस्तुत गरेका छन् । धर्मको मूल परस्पर प्रेम र सहानुभूति हो तर जब धर्मको नाममा अन्धविश्वास, हिंसा, अन्याय र आतङ्क विस्तार हुन्छ तब धार्मिक विद्रोह प्रारम्भ हुन्छ ।[५१] यसको अभिव्यक्ति देवकोटा 'यात्री' कवितामा सशक्त रूपमा रहेको पाइन्छ ।

'यात्री' कवितामा देवकोटाले मानिसहरूको काँध चढेर धर्म गर्न जाने अन्धविश्वासी यात्रीको धर्मका विरुद्धमा विद्रोह गरेको देखिन्छ । उनले परोपकार र मानवकल्याणलाई नै धर्म मानेर यात्रीलाई दुःखीको घाउँमा मलम लगाउन फर्कने आग्रह गरेका छन्, जस्तैः

मानिसहरूको काँधचढी

कुल देवपुरीमा जाने हो

.......

फर्क फर्क हे जाऊ समाऊ

मानिसहरूको पाउ ।

'भिखारी' कवितामा तीव्र अन्तर्मुखी आर्थिक विद्रोह रहेको पाइन्छ । यसले सामाजिक विसङ्गतिका रूपमा रहेको धार्मिक असमानता, गरिबीलाई प्रस्तुत गरेको छ ।[५२] कविले समाजमा देखिएका एकमुठी चामलका लागि लट्ठी टेक्दै, लड्दै हिँड्ने

---

४९ ऐजन, पृ. १७७ ।

५० गार्गी शर्मा, **शारदाका कवितामा विद्रोहात्मक स्वर** (काठमाडौंः नेपाली साहित्य मन्दिर २०५८) पृ. ३८।

५१ ऐजन, पृ. ४८।

५२ ऐजन पृ, ६३ ।

भिखारीको रूप देखाएर[५३] विद्यमान आर्थिक संरचनाप्रतिको अन्तरआक्रोश व्यक्त गरेका छन्, उनी भन्छन् :-

जीवनभरको एक पुकार

चामल एक मुठी

**भिखारी** कवितासङ्ग्रह स्वयंमा साहित्यिक विद्रोहको अभिव्यक्ति हो । कारण, नियम, दर्शन, निरर्थक रूढी र काव्यगत शास्त्रीय अनुशासनको आरोहअवरोहलाई अस्वीकार गर्नु स्वयं एक विद्रोह हो [५४] जुन यस सङ्ग्रहमा रहेको छ । उनले यस सङ्गहमार्फत साहित्यिक विद्रोह गरेका छन् जुन शास्त्रीयताप्रति नै लक्षित रहेको छ ।

कवि देवकोटाले समाजको जडता, अमानवीयता र असमानताको विरुद्धमा जताततै विद्रोह गरेका छन् । [५५]

## ५.२.९ पलायन एवम् निराशावाद

स्वच्छन्दतावादीहरू नश्वर संसारको सङ्कीर्णता, कुरूपता तथा आडम्बरबाट दिक्क भएर कल्पनाको सहायताले त्यस्तो स्वप्नलोकमा विचरण गर्छन् जहाँ दिव्य शान्ति सुव्यवस्था एवम् आनन्द मात्र हुन्छ । [५६] वाधा र विरोधहरूसँग जुधी तिनलाई जित्ने सहास नदेखाई सुखद कल्पनामार्फत अभीष्ट प्राप्त गर्ने स्वच्छन्दतावादीहरूको यस प्रकारको प्रवृत्ति नै पलायनवाद हो । यो प्रवृत्ति देवकोटाको **भिखारी** कवितासङग्रहमा रहेका पाइन्छ ।

कवि देवकोटाको 'बालककाल' शीर्षकको कवितामा उनले आफ्नो वृद्धता, व्यावहारिक उत्तरदायित्व, सांसारिकता, जालझेल सँग नजुधेर अवोध बालक बन्ने इच्छा प्रकट गरेका छन्, जस्तैः

---

५३ ऐजन ।

५४ बानीरा गिरी, पूर्ववत्, पृ. ६५ ।

५५ गार्गी शर्मा, पूवर्वत् पृ, ६४।

५६ ईश्वरकुमार श्रेष्ठ, पूवर्वत् पृ. १७८ ।

'छोडी दिन्छु म मोलतोल जगको वात्सल्यलाई लिई'

'गरीब' कवितामा गरिबको घरपरिवार केही छैन, ऊ आफ्नो गरिबीप्रति कुनै सङ्घर्ष गर्दैन बरु त्यसबाट मुक्त हुन स्वप्नीलतामा हराउँछ । ऊ कल्पनालोकमा हराउँन पुग्छ, जस्तैः-

विमान खास मनको

म चन्द्रतारा, पृथिवी घुमीकन

... फर्कन्छु फेरी उही रम्य आँगन ।

निराशवाद भन्नाले सहरी सभ्यता मानवीय विसङ्गति धोका, षड्यन्त्र छलकपटले जीवनप्रतिको नकारात्मक विरक्त भावलाई बुझाउँछ । स्वच्छन्दतावादीहरू जब आफ्नो इच्छा पूरा नहुने देख्छन् तब निराश हुन्छन् र पलायित हुन्छन् ।

कवि देवकोटाको यससङ्ग्रहमा रहेको 'जीवन' कवितामा अश्रुदर्शनलाई प्रस्तुत गरिएको छ । कविले यस कवितामा रोदनमा बिउँझेर वैंस हुँदा भोगविलासतिर रम्ने, अलिक बृद्ध भएपछि व्यवहारले थिचिएर चिन्तित र शोकाकुल हुने र अन्ततः आँसुमा डुबेर मर्ने [५७] जीवनलाई सम्बोधन गर्दै निराशवादी भाव प्रस्तुत गरेको पाइन्छ, जस्तैः-

चिन्ता शोक वियोग बढेका

नहुँदा शिरमा तर्क अघोर

पलायन तथा निराशावादी काव्य प्रवृत्तिकै कारण स्वच्छन्दतावादीहरू ज्ञानभन्दा अज्ञान, निकट भन्दा सुदूर लोकको कल्पना गर्छन तथा प्राप्य वस्तुलाई उपेक्षा गरेर अप्राप्य वस्तुका निम्ति व्याकुलसमेत हुन्छन् । [५८]

### ५.२.१० नैतिकता तथा आदर्श

हृदयको इमान्दार सर्वोच्च मूल्यको अभिव्यक्ति नै नैतिकता हो । आत्माले उचित ठहऱ्याएको लक्ष्यतिर उन्मुख हुनु र आत्मद्वारा स्वस्फुरित रूपमा उत्पन्न

---

५७ कुमारबहादुर जोशी, **'कविता चर्चा'** पूवर्वत् पृ. १७८ ।

५८ ईश्वरकुमार श्रेष्ठ, पूवर्वत्, पृ. १७८ ।

सत्यलाई सहज रूपमा आत्मसात् गर्नु नै स्वच्छन्दतावादीहरूको नैतिकता हो ।[५९] यसले सांसारिक भोगविलास तथा छलकपटलाई अस्वीकार गरी परोपकार, प्रेम र कल्याणको भावनालाई महत्त्व दिएको पाइन्छ । आदर्शवादले उच्च नैतिक तथा आध्यात्मिक आदर्शलाई अँगालेर आफ्नो तथा समाजको जीवनलाई आफूअनुसार ढाल्ने अर्थलाई बुझाउँछ ।[६०] आदर्शवाद वर्तमान अवस्थाबाट असन्तुष्ट भई नयाँ आदर्श खोज गरी शोषण रहित राज्यको स्थापना गर्न चाहन्छ ।

**भिखारी** कवितासङ्ग्रहको 'वन' कवितामा कविले धनसम्पत्ति, यश, शक्ति आदि सम्पूर्ण चिज त्यागेर मानवसेवा गर्ने विश्वबन्धुत्वको भावना फैलाउने उच्च नैतिक आदर्शलाई प्रस्तुत गरेको पाइन्छ । उनले अँध्यारो संसारलाई उज्यालो बनाउन काँडा माथि हिँड्न, भीषण सङ्घर्ष गर्न तयार रहेको भन्दै वीरताको पूजा गर्ने उच्च नैतिक आदर्शलाई व्यक्त गरेका छन्,[६१] जस्तैः -

"मैले बोले' बाल्नु छ बत्ती अझ छ अँध्यारो संसार'

उनको 'प्रश्नोत्तर' र 'जीवन वन' कवितामा पनि सच्चा कमाइ अमृत समान हुने, आत्मत्यागले परम आनन्द प्राप्त हुने कुरा उल्लेख गर्दै भोगविलास त्यागेर उच्च आदर्शमा लाग्न उपदेश दिएको पाइन्छ । उनले आफ्ना कविता मार्फत सामाजिक जीवनमा आउने महान् नैतिक आदर्शलाई अवलम्बन गर्न आग्रह गरेका छन् । उनी 'प्रश्नोत्तर' कवितामा यसरी आदर्शलाई प्रस्तुत गर्छन् :

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?

आफू मिटाइ अरुलाई दिनु जहाँ छ ।

५९ बानीरा गिरी, पूर्वर्वत्, पृ-८१ ।

६० कुमारबहादुर जोशी, **पाश्चात्यस साहित्यका प्रमुख वाद**, पूर्वर्वत् पृ, २७,२८ ।

६१ ईश्वरकुमार श्रेष्ठ, पूर्वर्वत् पृ. १७८ ।

### ५.२.११ आस्तिकता तथा कर्मवादी दृष्टि

कार्यरूप विश्व भएपछि कारणरूप कुनै कर्ता वा चैतन्ययुक्त परब्रम्ह रहेको हुन्छ ।[६२] सांसारिक चक्रको पछि कुनै शक्ति वा सत्ता सञ्चालकका रूपमा रहने भन्दै ईश्वरलाई स्वीकारी त्यसप्रति नतमस्तक हुनुनै आस्तिकता हो । कवि देवकोटाले आफ्नो **भिखारी** कवितासङग्रहमा  ईश्वरप्रतिको आस्तिक भाव व्यक्त गरेका छन् ।

कवि देवकोटाले 'भिखारी' कवितामा पारलौकिक, मोक्ष वा हितका लागि नभएर यही जगत्का प्राणीहरूको हितका लागि दीन दुखीभित्र ईश्वर रहने चर्चा गर्दै[६३] समाजमा प्राणीहितका लागि ईश्वरको पुकारा गरेका छन् । भिखारी पृथ्वीमा दया र करुणाको भिक्षा माग्न आएको ईश्वर हो भन्दै[६४] प्राणीभित्रै इश्वर रहने आस्तिक दृष्टिकोण कविले अघि सारेको पाइन्छ, जस्तैः-

दुःखको दिलमा ईश्वर बोल्दछ
अधर अनन्त उघारी ।

'यात्री' कवितामा पनि कविले प्राणीको अन्तरमनमा ईश्वरको बास हुने र तिनै प्राणीहरूको हितबाट ईश्वर खुसी हुने मानवतावादी ईश्वरवादी चिन्तनलाई प्रस्तुत गरेका छन् ।[६५] देवकोटाले 'प्रश्नोत्तर' कवितामा ज्ञानयोग र अस्तिकताका धाराबाट सात्विक गुणका स्थानमा ईश्वर मानेको पाइन्छ ।[६६] साथै उनले सुखवाद र प्रकृति सम्बन्धी आफ्ना आन्तरिक धारणा व्यक्त गर्दै प्रकृतिमा रहेको ईश्वरवादी भावना प्रस्तुत गरेका छन्, जस्तै :

फुल्दो गुलाबविच ज्ञान अनेक फूल्छन

---

६२ लक्ष्मीप्रसाद देवकोटा, पूर्ववत् पृ, २८ ।

६३ नित्यराज पाण्डे, पूर्ववत् पृ, १९६ ।

६४ कुमारबहादुर जोशी, **कविता चर्चा**, पूर्ववत् पृ. १०८ ।

६५ ऐजन, पृ. १०७ ।

६६ नित्यराज पाण्डे, पूर्ववत् पृ. १९६ ।

उद्यानमा बस गई सब तत्त्व खुल्छन् ।

कवि देवकोटा कर्मसम्बन्धी चिन्तन गीताको कर्मयोगबाट प्रभावित रहेको देखिन्छ । प्रत्येक व्यक्तिको कार्यमा मात्र अधिकार हुन्छ तर त्यसको परिणाममा हुँदैन अतः मानिस परिणामको साधन नबनोस् तर काम गर्न पनि नछोडोस् [६७] भन्ने उनको चिन्तन नै कर्मवादी दृष्टिकोण हो । उनको यो काव्यचिन्तन **भिखारी** कवितासङ्ग्रहमा प्रस्तुत भएको पाइन्छ । उनी कर्ममा नै ईश्वरको पूजा हुने कुरा व्यक्त गर्छन् ।

देवकोटाको 'वन' कवितामा मानवसेवा वा धर्तीमा रहेको अन्धकार हटाउन जीवनमा कठोर सङ्घर्ष गर्नुपर्ने तथ्य उल्लेख रहेको छ । त्यस्तै 'प्रश्नोत्तर' कवितामा उनले मिहिनेतको फल अमृतसमान हुने यथार्थ प्रस्तुत गरेका छन् । उनले संसारका अधिकतम ठूला र महत्त्वपूर्ण वस्तुहरूमा कर्मलाई राखेका छन्, जस्तैः-

के हो ठूलो जगतमा ? पसिना विवेक ।

देवकोटाले अर्को 'जिन्दगीको मौसम' शीर्षकको कवितामा जीवन छँदै अनन्त कर्म गर्नुपर्ने, जीवनलाई चेतना र विवेकले खन जोत गर्नुपर्ने कर्मवादी चिन्तन प्रस्तुत गरेका छन्, जस्तैः-

बीउ छन् जगमा कर्म हजारौं
रोप फलाऊ लहलह खेत ।

## ५.२.१२ अतीतोन्मुखता

स्वच्छन्दतावादीहरू प्राचीन आर्दश तथा परम्पराप्रति मोह राख्ने गर्छन् । उनीहरू प्राचीन विषय या स्रोतलाई लिएर समयसापेक्षित दृष्टिकोण प्रस्तुत गर्छन् । आफ्नो जीवन, समाज, इतिहास, पुराणका अतीतलाई उनीहरूले बढी महत्व दिएको पाइन्छ । यो काव्यचिन्तन उनको **भिखारी** कवितासङग्रहमा पनि रहेको पाइन्छ ।

'बालककाल' शीर्षकको कवितामा कविले बालकलाई न संसारको लोभ मोह छ, न उसमा उत्तरदायित्व छ, न कुनै भोगविलासले पीडित हुनु परेको छ,ऊ आनन्दसँग

[६७] स्वामी रामसुखदास, **गीता प्रवोधनी** सातौ संस्क. (गोरखपुरः गीताप्रेस २०६३) पृ. ४१ ।

बस्छ खेल्छ [६८] भन्दै त्यस्तै जीवनका चाहना राखेका छन् । कवि मायामोह छलकपट नभएको बाल्यजीवन पाए आफूले सर्वस्व त्याग्ने भाव व्यक्त गर्दै अतीत तिर फर्केका छन् । जस्तैः-

हे प्यारा शिशु ! फेरी बन्न म सके बन्ने थिएा बालक

केटाकेटि भनून् बुझक्कड बुढा मान्दीन केही धक ।

### ५.२.१३ अलङ्कारिकता एवम् प्रतीकात्मकता

अलङ्कार भन्नाले काव्यको सौन्दर्य बढाउने अर्थका अस्थिर धर्म मानिने उपमादिलाई बुझाउँछ ।[६९] अलङ्कार सौन्दर्यका सम्पादक तत्त्व हुन र यिनले शब्द या अर्थका माध्यमद्वारा काव्यको प्राणमा सौन्दर्यको समावेश गरी आनन्दमा वृद्धि ल्याउँछन्।[७०] प्रतीक भन्नाले कुनै अप्रस्तुत अदृश्य विषयको सट्टामा काम लिनका लागि प्रयुक्त चिन्ह वा सङकेतलाई बुझाउँछ ।[७१] अर्थात सौन्दर्यमा वृद्धि ल्याउने अबौद्धिक वा बौद्धिक ढङ्गले प्रयोग गरी एका विशिष्ट सङ्केत ने प्रतिक हुन् ।[७२] कवि देवकोटाले सरल र स्वभाविक रूपमा अलङ्कार तथा प्रतीकको प्रयोग **भिखारी** कवितासङ्ग्रहमा गरेको पाइन्छ ।

शब्दालङ्कार तथा अर्थालङ्कार दुबैको उनले सहज प्रयोग गरेका छन् । शब्दालङ्कार भन्नाले शब्दहरूको माध्यमद्वारा काव्यलाई सुन्दर बनाउने अलङ्कार हो । यस क्रममा कवि देवोटाले आन्तरिक तथा अन्त्यानुप्रास, वृत्यानुप्रास शब्दालङ्कारको सहज प्रयोग गरेका छन्, जस्तै :-

मखमल कोमल घाँस फुलेका

---

६८ नित्यराज पाण्डे, पूर्ववत् पृ. १५८ ।

६९ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ. ५८ ।

७० केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त** चौथो संस्क. (ललितपुरः साझा प्रकाशन) पृ. १०४ ।

७१ कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुख वाद**; पूर्ववत् पृ. ७७ ।

७२ वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा-२** तेस्रो संस्क. (ललितपुरः साझा प्रकाशन २०४९) पृ. ६३ ।

गिरीको सुन्दर रसिलो काख

पातहरूको हरियो छतमा

चिरबिर छिरबिर चिडिया लाख ।

अर्थका माध्यमबाट काव्यलाई सुन्दर बनाउने अलङ्कार नै अर्थालङ्कार हो । उनले उपमा, उत्प्रेक्षा तथा रूपक अर्थालङकारको सुन्दर प्रयोग निम्नबमोजिम गरेका छन् :-

उत्प्रेक्षा- ईश्वर हो भिखारी

बोल्दछ ईश्वर हृदय घुसेको 'भिखारी'

यहाँ भिखारीमाथि ईश्वर हो कि भन्ने शङ्का गरिएको छ । त्यसैले यहाँ उत्प्रेक्षा अलङ्कार रहेको छ ।

रूपक- नसा-नदीका तरल तरङ्ग

मन्दिर आफू अपार 'यात्री'

यहाँ नसालाई नदीमा आरोप गरिएकाले रूपक अलङ्कार रहेको छ ।

उपमा तिनका ठुला नजर ती जलमा प्रकाश

त्यो पद्‌म झैं मुख र कोमल चन्द्रहास । 'चारु'

यहाँ चारुको अनुहारलाई पदमसँग तुलना गरिएकाले उपमा अलङ्कार प्रस्तुत भएको पाइन्छ ।

उनले प्रतीक प्रयोगमा 'माली' कतिमा माली स्वयं कविको प्रतीक हो, 'यात्री' कविताको यात्री अन्धविश्वासी शोषक वर्गको प्रतीक हो, भन्ने 'भिखारी' को भिखारी ईश्वरको प्रतीकका रूपमा आएको छ ।

### **५.२.१४ सङ्गीतात्मकता**

स्वच्छन्दतावादी कवि लेखकहरूका रचनामा सुख दुःखका रागमय उद्‌गारहरू स्वभाविक रूपमा अभिव्यक्त हुने हुँदा यस्ता कृतिहरूमा सङ्गीतात्मकता उच्च रहेको

पाइन्छ ।[७३] उनीहरूले भावको सहज एवम् स्वतःस्फुर्त अभिव्यक्तिमा जोड दिने हुनाले हार्दिकतामा वृद्धि भई सङ्गीतात्मक झङ्कार कृतिमा उच्च रहेको हुन्छ ।[७४] उनीहरूको भाषिक शिल्प अत्यन्त सरल रहेको हुन्छ । देवकोटाको **भिखारी** कवितासङग्रहमा पनि सहज प्रवाह तथा हार्दिकताका कारण साङ्गीतिक माधूर्य प्रबल रहेको देखिन्छ, जस्तैः-

जलको छलछल रविको ढलपल

मिलमिल बादल चलमल पात

घाँस खिरीला लाल भरिला

उनका छरिता कलिला हात

'तिनका घँसिया गीत'

उपर्युक्त प्रवृत्तिहरूका अलावा **भिखारी** कवितासङ्ग्रहमा रहेका अन्य गौण प्रवृत्तिहरूमा वीरता एवम् सहास, भावुकता, स्थानीयता, ऐकान्तिकता, कुतूहलता, स्वाधीनता, अनन्तकामना, औपदेशिकता, स्वतन्त्रता, ग्रामीणजीवनप्रतिको आकर्षण आदि रहेका छन् ।

स्वच्छन्दतावादका विभिन्न सैद्धान्तिक मान्यताहरको संक्षिप्त चर्चा गर्दै ती मान्यतालाई **भिखारी** कवितासङ्ग्रहका कविताहरूमा उपर्युक्त ढङ्गले पहिचान गरिएको छ । पाचौं परिच्छेदको उपर्युक्त अध्ययन विश्लेषणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**भिखारी** कवितासङग्रहमा देवकोटाका प्रारम्भकालीन २२ वटा फुटकर कविताहरू सङ्कलित रहेका छन् जुन आयामको दृष्टिबाट मोटामोटी लघुरूपमा सीमित रहेका छन् । भाषाशैली र शिल्पका दृष्टिले मात्रिक र वर्णमात्रिक छन्दको सहज प्रयोग रहेको छ। सरल, मधुर एवम् प्रवाहपूर्ण भाषाशैली तथा स्वभाविक अलङ्कार बिम्बप्रतीकको प्रयोग रहेको पाइन्छ । तत्सम तद्भव तथा आगन्तुक तीनैथरी शब्द

---

७३ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूवर्वत् पृ. २८८ ।

७४ ऐजन पृ. २८९ ।

प्रयोग भएपनि तद्भव बहुल वर्णनात्मक, संवादात्मक, प्रश्नोत्तरात्मक शैलीको प्रयोग भएको देखिन्छ ।

विषयगत प्रवृत्तिहरूमा कल्पनाशीलता, प्रकृतिप्रेम सौन्दर्यात्मक रहस्य, मानवतावाद, आत्मपरकता तथा अस्तिकता आदि प्रबल रूपमा प्रस्तुत भएका छन् । साथै विद्रोहात्मकता, आदर्शवाद तथा निराशावादी प्रवृत्ति पनि यसमा रहेको पाइन्छ । उनी यस सङ्ग्रहमा ग्रामीण एवम् प्राकृतिक जीवनका उपासक र आशुकविका रूपमा पनि देखिएका छन् ।

## ५.३. निष्कर्ष

समग्रमा कवि लक्ष्मीप्रसाद देवकोटालाई स्वच्छन्दतावादी कविका रूपमा स्थापित गराउन **भिखारी** कवितासङ्ग्रहमा सङ्कलित यिनै फुटकर कविताहरूको महत्त्वपूर्ण भूमिका भूमिका रहेको छ । यस सङ्ग्रहका कविताहरू नै नेपाली कवितासाहित्यमा नवभावगत प्रवृत्ति तथा आधुनिकताको सुरुवात गर्न सफल रहेका छन् । यस पाँचौं परिच्छेदमा **भिखारी** कवितासङ्ग्रहका कविताहरूमा प्राप्त स्वच्छन्दतावादी प्रवृत्तिहरू नै कवि लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्तिहरू हुन् । देवकोटाको सिङ्गो कवितायात्राको प्रतिनिधिसङ्ग्रहका रूपमा रहनु यस कृतिको प्राप्ति हो ।

# परिच्छेद - छ

## उपसंहार

विश्वसाहित्यको परिदृश्यमा स्वच्छन्दतावाद औपचारिक रूपमा अठारौँ शताब्दीको अन्त्यतिर प्रारम्भ भएको साहित्यिक सिद्धान्त हो । सर्वप्रथम यसको प्रारम्भ युरोपका जर्मनी, बेलायत तथा फ्रान्सबाट भएको देखिन्छ । परिष्कारवादको कठोर नियम र कृत्रिमताको विपरीत स्वच्छन्द, प्राकृतिक तथा सरल प्रवृत्तिका कारण स्वच्छन्दतावादको प्रभाव छोटो समयमा नै विश्वका अधिकाङ्श भाषासाहित्यमा प्रभाव परेको देखिन्छ । स्वच्छन्दतावादको प्रभाव विस्तारै हिन्दी तथा बङ्गाली साहित्यमा देखापरेपछि अध्ययनका क्रममा भारत गएका नेपाली स्रष्टाहरू पनि यसबाट प्रभावित भए । उच्च अङ्ग्रेजी शिक्षाको अध्यनका लागि भारत गएका कवि देवकोटामा यसको गहिरो प्रभाव पऱ्यो । यसपछि नेपाल फर्केर देवकोटा कवितासाहित्यमा देखापरे जसमा स्वच्छन्दतावाद तीव्र रूपमा प्रस्तुत भएको पाइन्छ । उनको १९९१ सालमा प्रकाशित 'पूर्णिमाको जलधी' शीर्षकको कविता नै नेपाली कवितासाहित्यमा स्वच्छन्तावादको प्रारम्भ गर्ने रचना हो । यसपछि देवकोटाका यसप्रकारका कविताहरू प्रशस्त मात्रामा छापिन थाले । देवकोटाको यही समयमा *शारदा, उदय* र *उद्योग* पत्रिकामा प्रकाशित फुटकर कविताहरूको सङ्ग्रह '**भिखारी**' २०१० सालमा प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहको विषयगत तथा भाषाशैली र शिल्पगत प्रवृत्ति पूर्णरूपमा स्वच्छन्दतावादी मान्यतावाट प्रभावित रहेको छ ।

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेदमा शोधपत्रको सम्पूर्ण रूपरेखालाई प्रस्तुत गरिएको छ भने दोस्रो परिच्छेदमा कवि लक्ष्मीप्रसाद देवकोटाको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली कवितासाहित्यमा विशिष्टि प्रतिभा हुन् । उनको जन्म एक शिक्षित परिवारमा काठमाडौँमा भएको हो । उनका अग्रजहरू कोही मन्त्री, कोही कवि कोही अध्यापक तथा पण्डित रहेका थिए । उनको वंशानुगत पृष्ठभूमि तथा घरको साहित्यिक वातावरणले उनलाई साहित्यलेखनमा प्रेरित

गरेको पाइन्छ । साथै उनको बाल्यकालमा काठमाडौँको प्राकृतिक परिवेशले पारेको प्रभावले उनलाई प्रकृतिप्रेमी कवि बनाएको हो ।

वि.सं. १९७७ मा दरबारस्कुलबाट प्रारम्भ भएको देवकोटाको औपचारिक शिक्षा बी.ए. वी.एलसम्म पुगेर समाप्त भएको देखिन्छ । उनले आफ्नो अध्ययनसँगै साहित्य साधनलाई अघि बढाएको पाइन्छ । उनले कलेजको अध्ययनसँगै आर्थिक उपार्जनका लागि ट्युसन पढाएको जानकारी पाइन्छ । उनको पेसाको रूपमा भाषानुवाद परिषद्मा पुस्तक लेखक तथा त्रिचन्द्र कलेजमा प्राध्यापन कार्य नै मुख्य रहेको देखिन्छ । साथै उनी नेपाल एकेडेमीमा सदस्यको रूपमा नियुक्त भएको सूचना पनि रहेको छ । उनी आफ्नो घरव्यवहार जागिर सबै छोडेर बनारस क्रान्तिका लागि प्रस्थान गरेपछि आर्थिक रूपमा कमजोर हुन्छन् । परिवार तथा स्वयं उनले गहिरो आर्थिक सङ्कट बेहोर्नु परेको देखिन्छ । साथै उनको मृत्यु पनि आर्थिक अभावले सही उपचार हुन नसकेका कारण भएको पाइन्छ ।

कवि देवकोटाको साहित्यिक तथा राजनीतिक सक्रियता जीवनभरि रहेको पाइन्छ । उनको राजनीतिक सक्रियताले उनी सल्लाहकार परिषद्का सदस्य, विपक्षीदलका नेता, शिक्षा तथा स्वायत्त शासन मन्त्री भएका हुन् । त्यस्तै देवकोटाको साहित्यिक सक्रियता एघार वर्षको उमेरमा रचना गरेको 'घनघोर दुःख सागर' द्विपद्वी कवितादेखि अन्तिम समयको 'म शून्यमा शुन्य सरी' कवितासम्म रहेको देखिन्छ । यसबीचको उनको अढाइ दशक लामो साहित्ययात्रामा उनले कविता तथा निबन्ध विधामा आधुनिकताको प्रारम्भ गरे भने समग्र साहित्यमा स्वच्छन्दतावादको स्थापना गरेको

पाइन्छ । उनले नेपाली कवितालाई महाकाव्यको स्तर प्रदान गरे भने नेपाली लोकलयलाई प्रतिष्ठित रूपमा साहित्यमा उनैले स्थापित गरेको देखिन्छ । उनका **मुनामदन**, **नेपाली शाकुन्तल**, **सुलोचना**, **प्रमिथस**, **लक्ष्मी निबन्धसङग्रह** जस्ता कृतिहरू प्रकाशित रहेका छन् । उनको मृत्यु क्यान्सरबाट २०१६ सालमा भएपनि उनको गुणात्मक तथा सङ्ख्यात्मक साहित्यिक योगदानका कारण साहित्यमा उनी जीवित रहेका छन् ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा स्वच्छन्दतावादको सैद्धान्तिक चर्चा गरिएको छ । स्वच्छन्दतावादको पृष्ठभूमिका रूपमा पुनर्जागरणकालीन युरोपमा देखापरेको आमुल सामाजिक परिवर्तन रहेको छ । यसको प्रभाव साहित्यमा परेपछि तत्कालीन शास्त्रीयतावादको कठोर नियम भन्दा स्वच्छन्द र स्वतन्त्र स्वच्छन्दतावादी मान्यताको स्थापनामा यसले सहयोग पुऱ्याएको देखिन्छ । स्वच्छन्दतावादको स्थापनामा रुसो, कान्ट, हर्डर, हेगेलका दार्शनिक चिन्तनले पनि सहयोग पुऱ्याएको छ । यसको परिभाषा विभिन्न विद्वान्हरूले आफ्नै ढङ्गबाट प्रस्तुत गरेपनि सबैले शास्त्रीयतावादको विपरीत मान्यताको रूपमा यसलाई स्वीकार गरेका छन् । स्वच्छन्दतावादको दार्शनिक आधार कान्टको आत्मपरक सौन्दर्य, कल्पनासम्बन्धी दर्शन, हेगेलको आदर्शवाद, रुसोको प्रकृतिदर्शन तथा लनजाइनसको ॥उदात्तसिद्धान्त॥ आदि रहेको पाइन्छ । यसको विकास जर्मनीमा लेसिङ, हर्डर, गेटे, स्लेगल जस्ता चिन्तकहरूले, बेलायतमा वर्डस्वर्थ, कलरिज, सेली, किट्स आदि स्रष्टाले तथा फ्रान्समा भिक्टर ह्यूगो, स्टेन्धाल आदि चिन्तकहरूले गरेको पाइन्छ ।

स्वच्छन्दतावादको सृजनात्मक प्रयोग असचेत रूपमा प्राचीनकालदेखि नै हुँदै आएको पाइन्छ । पूर्वीय साहित्यमा **रामायण** तथा **महाभारत** र पाश्चात्य साहित्यमा **एलियड** तथा **ओडेसी** आदि कृतिमा कल्पना, भावुकता, प्रकृति, वीरता, सहास जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू प्रस्तुत भएको पाइन्छ । स्वच्छन्दतावादी प्रवृत्ति प्राचीनकालका कृतिमा प्रयोग भएपनि सैद्धान्तिक सचेतताका साथ औपचारिक रूपमा यसको प्रारम्भ ई. १७९८ मा भएको हो ।

स्वच्छन्दतावादी सैद्धान्तिक मान्यताहरू अधिकाङ्श स्वच्छन्दतावादी कृतिहरूमा समान रहेको पाइन्छ । यसका प्रवृत्तिहरूमा कल्पना, प्रकृति, विद्रोह, मानवता, सौन्दर्य, आत्मपरकता, रहस्य, सरलता, आदर्श तथा नैतिकता, भावुकता, सङ्गीतात्मकता, पलायन, निराशावाद, कर्मवाद, अतीतोन्मुखता आदि मुख्य रहेका छन् । यिनै प्रवृत्तिहरूको चर्चा तेस्रो परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा **भिखारी** कवितासङ्ग्रहको परिचय तथा त्यसका कविताहरूको पठन गरिएको छ । यसका कविताहरू *शारदा, उदय* र *उद्योग*

पत्रिकामा १९९१ सालदेखि १९९८ सालभित्र प्रथम पटक प्रकाशित भएका हुन् । यसका २२ वटा कविताहरूको पठनबाट प्राप्त गर्दै त्यसका विषय तथा शिल्पगत स्वच्छन्दतावादी प्रवृत्तिहरूमा काल्पनिकता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, मानवतावाद, रहस्यात्मकता, आत्मपरकता, विद्रोह सरलता, अतीतोन्मुखता, पलायन, निराशावाद, अस्तिकता तथा कर्मवाद, स्थानीयता ऐकान्तिकता, सङ्गीतात्मकता, स्वाधीनता, वीरता सहास, औपदेशिकता, प्रतीकात्मक तथा आलङ्कारिता रहेको पाइन्छ ।

प्रस्तुत शोधपत्रको पाचौँ परिच्छेदमा चौथो परिच्छेदबाट प्राप्त भिखारी कवितासङ्ग्रहका स्वच्छन्दतावादी प्रवृत्तिहरूलाई विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस कार्यबाट कवि देवकोटाको **भिखारी** कवितासङ्ग्रह पूर्णरूपमा स्वच्छन्दतावादी कवितासङ्ग्रह हो भन्न सकिन्छ ।

**भिखारी कवितासङ्ग्रहमा स्वच्छन्दतावाद** शीर्षकमा गरिएको यस शोधकार्यबाट **भिखारी** कविसङ्ग्रहमा स्वच्छन्दतावादी प्रवृतिहरूको निर्क्योल गर्ने कार्य भएको छ । निष्कर्षका रूपमा **भिखारी** कवितासङ्ग्रहबाट प्राप्त स्वच्छन्दतावादी प्रवृत्तिहरू निम्नलिखित रहेका छन् :-

| | | |
|---|---|---|
| क. काल्पनिकता | ख. प्रकृतिचित्रण, | ग. सौन्दर्यात्मकता |
| घ.आत्मपरकता | ङ.मानवतावाद | च. सरलता तथा सहजता |
| छ. रहस्यात्मकता | ज. विद्रोहात्मकता स्वाधीनता | झ. पलायन तथा नैराश्यता |
| ञ. अतीतोन्मुखता | ट. सङ्गीतात्मकता | ठ. आदर्श तथा नैतिकता |
| ड. आस्तिकता तथा कर्मवादी दृष्टि | | ढ. स्थानीयता |
| ण. ऐकान्तिकता | त. औपदेशिकता | थ. वीरता एवम् सहास |
| द. प्रतीकात्मकता तथा आलङ्कारिकता | | ध. अनन्तकामना |

प्रस्तुत शोधकार्यबाट **भिखारी** कवितासङग्रहमा प्राप्त उपर्युक्त स्वच्छन्दतावादी प्रवृत्तिहरूनै कवि देवकोटाका अन्य काव्यरचनाहरूमा पुनरावृत्ति भएको पाइन्छ ।

त्यसकारण यस सङ्ग्रहमा प्राप्त उपर्युक्त प्रवृत्तिहरूनै कवि लक्ष्मीप्रसाद देवकोटाका मूलभूत कवितागत प्रवृत्तिहरू हुन् ।

नेपाली कविता तथा निबन्धपरम्परामा स्वच्छन्दतावादका सूत्रधार तथा उन्नयनकर्ता कवि देवकोटा नै हुन् । उनले आफ्नो, जीवनकालभरि स्वच्छन्दतावादी भावधारालाई केन्द्रीय धाराकारूपमा अघि बढाएको पाइन्छ । देवकाटाद्वारा स्थापित यसै धारा तथा प्रवृत्तिलाई उनका समकालीन अन्य कविहरूले पनि आत्मसाथ गरेको देखिन्छ । तीमध्ये कवि सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारनाथ व्यथित तथा माधव प्रसाद घिमिरे मुख्य रहेका छन् । यी कविलेखकहरूमा पनि अधिकाङ्श उपर्युक्त देवकोटीय स्वच्छन्दतावादी प्रवृत्तिहरू दोहोरिएको हुँदा यिनै प्रवृत्तिहरू नै नेपाली स्वच्छन्दतावादी प्रवृत्तिहरू हुन् भन्न सकिन्छ ।

प्रस्तुत शोधपत्रलाई निष्कर्षका रूपमा निम्नलिखित बुँदामा समेटन सकिन्छ ।

१. लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली साहित्यमा स्वच्छन्दतावादका प्रवर्तक तथा उन्नायक हुन् । उनले नेपाली साहित्यमा **मुनामदन**, **नेपाली शाकुन्तल**, **प्रमिथस** लगायतका कृतिमार्फत सङ्ख्यात्मक र गुणात्मक दृष्टिले अद्वितीय योगदान दिएका छन् ।

२. स्वच्छदतावाद शास्त्रीयतावादको अतिशय बन्धनका विरुद्ध ई १७९८ मा औपचारिक रूपमा स्थापित प्रकृतिवादी, कल्पनाशील तथा आत्मनिष्ठ साहित्यिक सिद्धान्त हो । यसको प्रारम्भ युरोपमा भएपनि विश्वका प्रायः सबै देशका भाषासाहित्यमा यसले गहिरो प्रभाव पारेको हो ।

३. स्वच्छन्दतावाद कान्टको आत्मवाद, रुसोको प्रकृति-दर्शन स्वतन्त्रता तथा मानवतावादी दृष्टिकोण, हेगेलको आदर्शवाद लनजाइनसको उदात्तताको सिद्धान्तबाट प्रभावित भएको पाइन्छ ।

४. स्वच्छन्दवादको विकासमा लेसिङ, हर्डर, वर्डस्वर्थ, कलरिज, सेली तथा भिक्टर ह्युगो आदि चिन्तकहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

५. नेपाली साहित्यमा यसको प्रारम्भ लक्ष्मीप्रसाद देवकोटाले १९९१ सालमा गरेका हुन् । उनको प्रारम्भकालीन स्वच्छन्दतावादी कविताहरूको सङ्ग्रह **भिखारी** २०१० सालमा प्रकाशित भएको हो ।

६. **भिखारी** कवितासङ्ग्रहको विश्लेषणबाट प्राप्त कल्पना, विद्रोह, रहस्य, सौन्दर्य, पलायन, सरलता, आदर्श तथा नैतिकता आत्मपरकता, मानवता, सङ्गीतात्मकता आदि प्रवृत्तिहरूका कारण यो सङ्ग्रह स्वच्छन्दतावादी मान्यताबाट पूर्ण प्रभावित रहेको पाइन्छ । साथै यिनै प्रवृत्तिहरू नै कवि देवकोटाका मूलभूत प्रवृत्तिहरू पनि हुन् ।

# सन्दर्भसामग्रीसूची

## पुस्तक


अवस्थी, महादेव — **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** (काठमाडौँः एकता बुक्स), २०६१ ।

उपाध्याय, केशवप्रसाद, — **पूर्वीय साहित्यसिद्धान्त,** चौथो संस्क., (ललितपुरः साझा प्रकाशन), २०६१ ।

———————— **महाकवि देवकोटा स्मारक व्याख्यान सङ्ग्रह,** सम्पा. (बाराः देवकोटा स्मृत सभा), २०५९ ।

जोशी, कुमारबहादुर, — **कविता चर्चा,** (ललितपुरः साझा प्रकाशन), २०४० ।

———————— **देवकोटा प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,** (काठमाडौँः सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्), २०४८ ।

———————— **देवकोटाका कविताकृतिमा प्रकृति**, (काठमाडौँः सरस्वती प्रकाशन), २०५१ ।

———————— **पाश्चात्य साहित्यका प्रमुख वाद,** चौथो संस्क., (ललितपुरः साझा प्रकाशन), २०५७ ।

त्रिपाठी, वासुदेव, — **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** (ललितपुरः साझा प्रकाशन), २०४९ ।

देवकोटा, लक्ष्मीप्रसाद , — **भिखारी,** अठारौँ सस्क,. (ललितपुरः साझा प्रकाशन), २०६० ।

———————— **लक्ष्मी निबन्धसङ्ग्रह,** सत्रौँ संस्क. (ललितपुरः साझा प्रकाशन), २०६४ ।

**पाण्डे, नित्यराज,** **महाकवि देवकोटा,** (ललितपुरः मदन पुरस्कार गुठी), २०१७ ।

प्रसाई, गणेशबहादुर, **नेपाली साहित्यमा स्वच्छन्दवादी काव्यधारा,** (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), २०४८ ।

बन्धु, चूडामणि, **देवकोटा,** (ललितपुरः साझा प्रकाशन), २०३६ ।

बराल, कृष्णहरि, एटम नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुरः साझा प्रकाशन), २०५८ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली,** चौथो संस्क.(ललितपुरः साझा प्रकाशन), २०५१ ।

शर्मा, गार्गी, **शारदाका कवितामा विद्रोहात्मक स्वर,** (काठमाडौँः नेपाली साहित्य मन्दिर), २०५८ ।

शर्म्मा 'नेपाल', वसन्तकुमार, **आत्मसमीक्षा**, (काठमाडौँः शौन), २०५० ।

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा,** तेस्रो संस्क. (काठमाडौँः अभिनव प्रकाशन), २०५३ ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** (काठमाडौँः विद्यार्थीपुस्तक भण्डार), २०६१ ।

शर्मा, रामकृष्ण, **सप्तशारदीय** दोस्रो संस्क. (ललितपुरः साझा प्रकाशन), २०५० ।

सुवेदी, अभि, **पाश्चात्य काव्य सिद्धान्त**, (काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान), २०३० ।

स्वामी रामसुखदास, **गीता प्रबोधनी** सातौं संस्क. (गोरखपुरः गीताप्रेस), २०६३ ।

**शोधग्रन्थ**

गिरी, बानीरा, **कवि गोपालप्रसाद रिमालका कवितामा स्वच्छन्दतावाद** विद्यावारिधि, शोधग्रन्थ (अप्रकाशित), (त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, कीर्तिपुर),२०३९ ।

जोशी, गणेशराज, **स्वच्छन्दतावादः परमपरा र प्रवृत्ति** स्नातकोत्तर शोधपत्र (त्रिभुवन विश्वविद्यालय मानविकी सामाजिकशास्त्र सङ्काय, कीर्तिपुर), २०५२ ।

बुढाथोकी, रुद्रबहादुर, **'भिखारी कवितासङ्ग्रहका कविताहरूको पाठ निर्धारण'** स्नातकोत्तर शोधपत्र, (त्रिभुवन विद्यालय विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, कीर्तिपुर), २०६१ ।

**पत्रिका**

१. *भानु* , २०२५ ।

२. *मधुपर्क,* २०३५ ।